# आखिरी दिनका
# मण्डलीमा अगुवापन

LEADERSHIP IN THE LAST DAYS CHURCH
Paul Galligan, Revival Ministriess Australia

( **NEPALI** )

# विषयसूची

अध्याय-१. अगुवापन-“ सबैको आदर पाएका,
पवित्र आत्मा र बुद्धिले भरिएका मानिसहरु।”

अध्याय-२. एल्डरपद-“हरेक स्थानमा एल्डरहरु नियुक्त गर्नु।”

अध्याय-३. सेनाहरुका परमप्रभु (भाग-१) आवरण, जकरिया

अध्याय-४. सेनाहरुका परमप्रभु (भाग-२) आवरण, एलिया-एलीशाको सम्बन्ध

अध्याय-५. प्रेरितीय सिद्धान्त (शिक्षा) के हो ?

अध्याय-६. प्रेरितीय सिद्धान्तका मुख्य कुराहरु

अध्याय-७. बाइबलीय घरेलु मण्डली

अध्याय-८. मध्यस्थ प्रार्थना, पर्दाभित्र

## अध्याय १

**अगुवापन**

**" सबैको आदर पाएका, पवित्र आत्मा र बुद्धिले भरिएका मानिसहरु।"**

## अगुवापन

**प्रेरित ६:३** मा हामी तीनवटा महत्त्वपूर्ण **आत्मिक बरदानहरु** पाउँछौं जुन येशू ख्रीष्टको मण्डलीमा अगुवाको पदमा नियुक्त हुने व्यक्तिमा हुनैपर्छः

**१. सबैको आदर पाएका**
**२. पवित्र आत्माले भरिएका**
**३. बुद्धिले भरिएका**

( यो स्पष्ट छ कि अगुवाको पदमा रहेर सेवा गर्ने स्त्रीहरुमा त्यस्तै आत्मिक दानहरु हुनुपर्छ )। हामीले यसलाई तीनवटा दानहरु भनेका छौं, किनकि तीमध्ये कुनै पनि कमाउन सकिंदैन।

**यी गुणहरु परमेश्वरबाट अनुग्रहद्वारा दिइन्छ।**

**प्रेरित ६:१-७ को अध्ययन**

**प्रेरित ६:१-७** ले हामीलाई **एक अगुवामा हुनुपर्ने आवश्यक योग्यताहरुको जानकारी** दिँदछ। नियुक्त गरिएका ती सात जना मानिस साँच्चै मण्डलीका **पहिलो डिकनहरु** हुन्।

**पहिलो मण्डलीमा एउटा समस्या उत्पन्न भयो**

**पद १. "ती दिनमा जब चेलाहरुको संख्या बढ्दै गरिएको थियो, तब हिब्रूहरुका विरुद्धमा ग्रीक-यहूदीहरुले गनगन गरे,किनभने दैनिक खाद्य वितरणमा तिनीहरुका विधवाहरुले चाहिंदो भोजन पाउँदैन थिए।"** यहाँ हामी देख्छौं कि चेलाहरुको संख्या बढिरहेको थियो, तिनीहरु सबै यहूदीहरु हुन्, तर कसैले हिब्रू भाषा

बोल्थे भने कोही कोही ग्रीक भाषा बोल्थे। त्यसबेला यरुशलेममा बसेका ग्रीक भाषा बोल्ने यहूदीहरुले दैनिक खाद्य वितरणमा तिनीहरुका विधवाहरुलाई वास्ता नगरिएको गुनासो गरे।

**वचनको सेवकाइ र सेवा गर्ने सेवकाइ**

**पद २.** ***"तब बाह्रैले चेलाहरुको समूहलाई बोलाएर भने, परमेश्वरको वचन प्रचार गर्न छोडेर खुवाउने-पियाउने सेवा गर्न हामीलाई उचित हुँदैन।"*** बाह्र प्रेरितले चेलाहरुको समूहलाई बोलाए। याद गर्नुहोस् पेन्तिकोसको दिनमा ३ हजारले उद्धार पाएका थिए। मन्दिरमा आश्चर्यकर्म भएको कारण ५ हजारले उद्धार पाएका थिए (**प्रेरित४:४**), र प्रभुले दिनदिनै उद्धार पाउनेहरुलाई तिनीहरुको संख्यामा थपिदिनु हुन्थ्यो (**प्रेरित** २:४७)। यसैले त्यसबेला यरुशलेममा विश्वासीहरुको समूह धेरै ठूलो थियो। प्रेरितहरुले भने,
"**परमेश्वरको वचन प्रचार गर्न छोडेर खुवाउने-पियाउने सेवा गर्न हामीलाई उचित हुँदैन।**"

**यहाँ हामी दुइ भिन्नै-भिन्नै सेवकाइहरु देख्छौं:**

**१. वचन प्रचार गर्ने सेवकाइ र**

**२. व्यावहारिक रुपमा गरिने सेवकाइ (सेवा)।**

प्रेरितहरुले तिनीहरुको बीचमा भएको समस्याको समाधान गरे। तिनीहरुले केवल त्यसबारे चर्चा वा बहस मात्र गरेनन्।

**साँचो अगुवाले उत्पन्न हुने समस्याहरुको समाधान गर्दछ**
**अनि आत्माको अगुवाइमा त्यसको समाधान गर्दछ।**

**अगुवाका योग्यताहरु**

**पद ३.** "**यसकारण भाइ हो, तिमीहरुबाट पवित्र आत्मा र बुद्धिले भरिएका र सबैको आदर पाएका सात जना मानिस छान जसलाई हामी यस काममा नियुक्त गरौं।**" प्रेरितहरुको योजना यस्तो थियो। सात जना मानिस चुन्नुपर्थ्यो, {किन सातजना ? सायद यो पूर्ण संख्याको एउटा प्रयोग थियो-त्यसबैलाको आवश्यकता पूरा गर्नको निम्ति सेवकहरु **सही संख्या**मा चुनियो।}

## १. सबैको आदर पाएका

तिनीहरु **असल नाम पाएका** मानिसहरु हुनुपर्थ्यो, यसले संसारको दृष्टिमा असल नाम पाएको भन्ने बुझाउँदैन, तर **परिवर्तन भएको जीवनको प्रमाण** भन्ने बुझाउँछ। एकजना साँचो ख्रीष्टियन त्यो हो जसले पश्चात्ताप गरेको हुन्छ (पुरानो जीवन शैलीबाट परिवर्तन भएको)। विगतमा तिनीहरुका नाम जस्तो सुकैरहेको भए पनि मण्डलीको अगुवा बन्ने योग्यको हुनको निम्ति तिनीहरुमा जीवन परिवर्तन भएको प्रमाण हुनुपर्थ्यो, अर्थात् व्यवहार पक्का सिद्धान्तअनुसार संचालित भएको हुनुपर्थ्यो।

**२. आत्माले भरिपूर्ण भएका**

तिनीहरु **पवित्र आत्माले भरिपूर्ण** हुनुपर्थ्यो। एकजना अगुवा पवित्र आत्माले भरिएको हुनुपर्छ। **एफिसी** ५:१८ मा पावल भन्छन्, ***" दाखमद्यले नमात्तिओ, कारण त्यो विलासिता हो, तर पवित्र आत्माले भरिपूर्ण होओ।"* पद २०-२१ *" सधैं सबै कुराको निम्ति हाम्रा प्रभु येशूको नाउँमा परमेश्वर पितालाई धन्यवाद चढाओ। ख्रीष्टको श्रद्धामा एउटा अर्काको अधीनमा बस।"*** आत्माले भरिएको जीवनशैली समर्पित जीवनशैली हुन्छ, त्यो यस्तो जीवनशैली हो जुन परमेश्वरलाई निरन्तर धन्यवाद दिन सक्नेहुन्छ, किनकि हामी निरन्तर परमेश्वरको अनुग्रहमा हिँडिरहेका छौं। अगुवापनको निम्ति तयार भएको व्यक्ति त्यो हो **जसले शारीरिक अभिलाषाहरुलाई जितेको हुन्छ** र **जो परमेश्वरको प्रशस्त अनुग्रहमा हिँडिरहेको हुन्छ**।

जब येशू पहिलोपल्ट पवित्र आत्माले भरिनुभयो तब चालीस दिन उपवास बस्न र शैतानद्वारा परीक्षा गरिन अनि त्यसमाथि विजयी हुनको निम्ति उहाँ उजाड्स्थान लगिनुभयो। त्यसपछि उहाँ आत्माको शक्तिमा उजाडस्थानबाट फर्किनुभयो। उहाँले गरिरहनुभएको सेवकाइको कारण छोटो समयभित्र सारा सिरियाभरि उहाँको कीर्ति फैलियो (**मत्ती४:२४**)। अगुवा बन्नको निम्ति योग्य ख्रीष्टियन त्यो हो जो साँच्चै आत्माले भरिएको हुन्छ।

**३. बुद्धिले भरिएका**

तिनीहरु **बुद्धिले भरिएका** हुनुपर्थ्यो। माथिबाटको बुद्धि जुन **पहिले शुद्ध हुन्छ, तब त्यो शान्तिप्रिय, कोमल, विचारशील, कृपापूर्ण र असल फलले भरिएको, पक्षपातरहित र कपटरहित हुन्छ, याकूब ३:१७**। यो सांसारिक बुद्धि होइन। व्यावहारिक वरदानहरु र योग्यताहरु भएका मानिसहरु आफै-आफ मण्डलीमा असल अगुवाहरु बन्दैनन्। हेर्दा असल देखिने र उचित वरदान र योग्यताहरु भएको व्यक्तिलाई अगुवाको पदमा नियुक्त गर्नु एउटा युगौं पुरानो परीक्षा हो। इस्राएलले शाऊललाई राजा नियुक्त गरेर यो गल्ती गर्‍यो अनि शमूएलले पनि दाऊदको जेठो दाजुलाई अभिषेक गर्न चाहन्थे, किनकि तिनी हेर्नमा सुन्दर थिए। असल अगुवा बनाउने बुद्धि त्यो हो **जुन बुद्धि अनुग्रहद्वारा परमेश्वरबाट आउँछ**।

प्रेरितहरुले दैनिक खाद्य वितरण गर्ने - मेच टेबलको सेवा गर्ने कार्यको निम्ति यी सात जना मानिसहरुलाई नियुक्त गर्न चाहे। **यिनीहरु मण्डलीका पहिलो डिकनहरु थिए**, जो मण्डलीमा प्रकट हुँदै गरेको अगुवापनको अर्को पंक्ति थियो।

**वचन प्रचार र प्रार्थनाको सेवकाइ**

**पद ४. "तर हामीचाहिँ प्रार्थना र वचनको सेवकाइमा सम्पूर्ण समय दिनेछौं।"** प्रेरितहरुले तिनीहरुका मुख्य काम वचनको सेवकाइ गर्नु अर्थात् प्रेरितीय सिद्धान्तको शिक्षा दिनु हो भन्ने कुरा स्पष्ट रुपमा बताए (**मत्ती** २८:२०)। वचनको सेवकाइ शक्तिशाली रुपले अगि बढोस् भनेर तिनीहरुले लगातार प्रार्थना गर्नुपर्थ्यो।

स्थानीय सङ्गति (घरेलु मण्डली) मा परमेश्वरको वचनको शिक्षा दिने जिम्मेवारी पाएको सेवक (एल्डर) प्रार्थनामा र परमेश्वरको वचनको अध्ययनमा समय बिताउनको निम्ति स्वन्तन्त्र हुनुपर्छ, ताकि वचनको सेवकाइ (शिक्षा दिने सेवकाइ) **"जीवित र शक्तिशाली"** होस्, **हिब्रू ४:१२।**

**अगुवाहरुलाई नाउँद्वारा बोलाइएको छ**

**पद ५." यो कुरा समूहका सबैलाई मन पर्‍यो र भेला भएका जम्मैलाई असल लाग्यो, र तिनीहरुले पवित्र आत्मा र विश्वासले भरिपूर्ण भएका स्तिफनस, फिलिप,प्रखरस,निकनोर, तिमोन, पर्मिनास र एन्टिओखियाका यहूदी मत मान्ने निकोलाउसलाई छाने।"** प्रेरितहरुका निर्णय सम्पूर्ण मण्डलीलाई मन पर्‍यो, किनकि यो "माथिबाटको बुद्धि"थियो। विश्वासी समुदायलाई सात जना मानिस भेट्टाउन कुनै गाह्रो भएन। ध्यान दिनुहोस्, स्तिफनसमा प्रेरितहरुले माग गरेका तीन वटा आत्मिक दानहरु मात्र थिएनन्, तर तिनी **विश्वास र पवित्र आत्माले भरिपूर्ण** पनि थिए। कुनै कुनै ख्रीष्टियन समूहमा अगुवापन- विरोधी विश्वास र अभ्यास हुन्छ, तर नयाँ करारले यो स्पष्ट देखाउँछ कि **अगुवाहरुलाई सेवकाइमा नाउँ काढेर बोलाइन्छ।**

**तिनीहरुले पहिले प्रार्थना गरे...**

**पद ६. "तिनीहरुले यी मानिसहरुलाई प्रेरितहरुका सामुन्ने ल्याए र प्रेरितहरुले प्रार्थना गरे र यिनीहरुमाथि आफना हात राखे।"** ध्यान दिनुहोस्, **प्रेरितहरुले तिनीहरुमाथि हात राख्नुभन्दा अगि प्रार्थना गरे**, तिनीहरुले परमेश्वरमा पर्खे, तिनीहरुले अभिषेक पर्खे, किनकि हात राख्नु कुनै विधिवत् कार्य थिएन तर **आत्माद्वारा केही प्रदान गरिने** समय थियो। २ **तिमोथी १:६** मा पावलले तिमोथीलाई भन्छन् ***"त्यसैकारण म तिमीलाई याद दिलाउँछु, कि मैले तिमीमाथि हात राखिदिएर तिमीले पाएका परमेश्वरको वरदानलाई प्रज्वलित राख।"*** वरदान हात राखेर प्रदान गरिन्छ।

**जागृति मण्डलीलाई व्यवस्थित राख्दा उत्पन्न हुने परिणाम हो**

**पद ७. "परमेश्वरको वचन बढदै गयो, र चेलाहरुको संख्या यरुशलेममा अत्यन्तै बढ्‍यो। पूजाहारीहरुमध्ये धेरै जनाले यस विश्वासलाई ग्रहण गरे।"** मण्डलीमा एउटा समस्या उत्पन्न भएको थियो। प्रेरितहरुको निम्ति यसको ईश्वरीय समाधान अझ बढी सेवकहरु नियुक्त गर्नु थियो। तिनीहरुले मण्डलीलाई व्यवस्थित राखिरहेका थिए,**तीतस १:५**। त्यसको फलस्वरुप जागृति सुरु भयो। यो मण्डलीलाई व्यवस्थित राख्नुको परिणाम थियो। प्रेरितहरु प्रार्थना गर्नको निम्ति स्वतन्त्र भए अनि "परमेश्वरको वचन" फैलियो।

**परमेश्वरको वचन फैलिनुको परिणाम स्वरुप धेरैजना**
**धार्मिक अगुवाहरु लगायत अझ अरु चेलाहरु बनाइए।**

**जागृतिको कडी अगुवाहरुको सेवकाइ प्रार्थना र वचनको सेवकाइको निम्ति स्वतन्त्र हुनु हो।**

**डिकनहरुका योग्यताहरु**

डिकनः ग्रीक १२४७ "*डायकोनियो*", सेवक हुनु, अर्थात् पर्खनु (नोकरको रुपमा वा मालिक,मित्र वा शिक्षकको रुपमा)। यो अर्को ग्रीक १२४६ शब्द *डायकोनोस्*बाट आएको हो, जसको अर्थ टेबल वा नोकरले गर्ने अरु कामहरुमा सुसारे वा बेरा हो।

**१ तिमोथी ३:८-१३**

**पद ८.** डिकनहरु आदरणीय हुनुपर्छ, अर्थात् इज्जतदार, सम्मानीय, व्यवहारमा राम्रो,सम्मान पाउने योग्यका हुनुपर्छ। तिनीहरुले राम्रो उदाहरण प्रस्तुत गर्नुपर्छ; **दुइ-जिब्रे होइन, बढी मद्य पिउने र धनको लोभी होइन**। यो भनेको व्यवहारमा पक्का सिद्धान्त हुनु हो, यो जीवनशैली सम्बन्धी कुरा हो।

**पद ९. "विश्वासको रहस्य शद्ध विवेकमा कायम राख्ने हुनपर्छ।"** डिकन अर्थात् जुन व्यक्तिलाई अगुवापन सेवकाइको जिम्मेवारी सुम्पिदैछ उसले विश्वासको रहस्य जानेको हुनुपर्छ। पावलले तिनका पत्रहरुमा यो रहस्यको घरिघरि उल्लेख गर्दछन् अनि यो वचनको त्यो प्रकाश हो जुन परमेश्वरले प्रेरितहरु र अगमवक्ताहरु खडा गरी हाम्रो समयमा पुनर्स्थापित गरिरहनुभएको छ। एक साँचो डिकन त्यो हो जसले यो रहस्य जान्दछ। यसले मण्डली प्रेरितीय व्यवस्थामा राखिएको छ भन्ने मानिलिन्छ। यस्तो हुनु भनेको मण्डलीप्रति उचित सम्मान हुनु हो, जुन मण्डली **"ख्रीष्टकी दुलही"** हो।

**पद १०."पहिले तिनीहरुको जाँच पनि होस्। त्यसपछि तिनीहरुले आफैलाई दोषरहित प्रमाणित गर्न सके भने तिनीहरुले डिकनको सेवा गरुन्।"** जो डिकन बन्छन् तिनीहरुको जाँच गरिनुपर्छ, नयाँ विश्वासीलाई डिकन बनाउनु हुँदैन। तिनीहरु यस्ता व्यक्तिहरु हुनुपर्छ जसले आफैलाई एक चेला प्रमाणित गर्न थालेका र सेवा गर्न इच्छुक हुनुपर्छ। तिनीहरुका जीवनशैली दोषरहित हुनुपर्छ। दोषरहित !

जब हामी पहिले बचाइएका थियौं, त्यसबेला हामी चेला अर्थात् वचन सिक्न थालेका मानिस बन्यौं। तपाईं एकपल्ट चेला बन्नुभएपछि मण्डलीमा सेवा गर्न सिक्नुहुन्छ। तपाईंले सेवा गर्न थाल्न साथै एक अगुवाको भूमिका लिनु हुन्छ। सेवा गर्ने व्यक्ति बन्ने कदम बढाउनु नै एक अगुवा बन्नको निम्ति कदम बढाउनु हो। महान् अगुवा सबैको सेवक हुन्छ। पितासँग हाम्रो सम्बन्ध छ भन्ने जानेर हामी सेवक होइन पुत्रको सम्बन्धमा प्रवेश गर्छौं र हामी हाम्रो उत्तराधिकार प्राप्त गर्छौं। यो चेलापनदेखि बढ्दै गएर एक सेवकको रुपमा देहमा काम गर्ने अनि सन्तानका उत्तराधिकारमा हिँडने कुरा हो।

**पद ११. "स्त्रीहरु पनि आदरणीय हुनुपर्छ।"** यदि डिकनहरु विवाहित छन् भने तिनीहरुका पत्नीहरुले पनि राम्रो उदाहरण देखाउनुपर्छ, अर्काको बदख्वाइँ गर्ने हुनुहुँदैन। तिनीहरु संयमी र विश्वासयोग्य हुनुपर्छ। यसले यही बुझाउँछ कि विवाहित डिकनहरुले मिलेर सेवकाइ गर्नुपर्छ, जहाँ पत्नी पनि पति जत्तिकै समर्पित र विश्वासयोग्य हुनुपर्छ।

**पद १२. "एउटै पत्नीका पति"**, बहुविवाह गर्ने संस्कृति (समाज) मा यो विशेषरुपले लागु हुन्छ। एकभन्दा बढी पत्नी हुने पुरुष ख्रीष्टियन मण्डलीको  अगुवा बन्न अयोग्य हुन्छ। तिनीहरुका घर धार्मिकरुपमा व्यवस्थित हुनुपर्छ।

**राम्ररी सेवा गर्ने डिकनहरुको निम्ति इनाम राखिएको छ**

**पद १३. "किनकि डिकनले गर्नुपर्ने सेवा जसले राम्ररी गर्छन् तिनीहरुले आ-आफना निम्ति प्रतिष्ठा र ख्रीष्ट येशूमा भएको विश्वासमा पनि ठूलो भरोसा पाउनेछन्।"**धर्मशास्त्रमा भएका स्तिफनस र फिलिप जस्तो कसै कसैको निम्ति डिकनको रुपमा सेवा गर्नु अरु सेवकाइको निम्ति तैयारी हुन्छ। स्तिफनस आश्चर्यकर्म गर्ने वरदान पाएका व्यक्ति थिए अनि फिलिप महान् प्रचारक बने। आजका धेरैजना प्रचारकहरु र पञ्चदलीय सेवकहरुले डिकनहरुको रुपमा सेवा गरेका थिए र आफनो निम्ति **प्रतिष्ठा र ख्रीष्ट येशूमा भएको विश्वासमा पनि ठूलो भरोसा प्राप्त गरे**। अरुको निम्ति डिकनको रुपमा सेवा गर्नु जीवनभरको बोलावट हुन्छ, यस्ताहरुमाथि परमेश्वरको अनुग्रह हुन्छ जसले प्रत्येक स्थानीय सङ्गतिमा सेवा गर्न र महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्छन्। डिकन प्रायः पास्टरको **"दाहिने हात"**हुन्छ।

**सहायता र प्रशासन**

**१ कोरिन्थी १२:२८**-यो पदले मण्डलीमा हुने तीनवटा मुख्य अगुवापन (एल्डरको) सेवकाइहरुको उल्लेख गर्दछः पहिलो प्रेरितहरु, दोस्रो अगमवक्ताहरु र तेस्रो शिक्षकहरु। यी तीनपछि अरु केही सेवकाइहरुको उल्लेख गरिएका छन्- आश्चर्यकाम गर्ने, निको पार्ने वरदान, विभिन्न भाषा बोल्ने, यी पवित्र आत्माका वरदानहरु हुन्, जसको बारेमा १ **कोरिन्थी १२:८-१०** मा शिक्षा दिइएको छ। यो सूचीको बीचमा अन्य दुइ सेवकाइका वरदानहरु छन्ः **सहायता गर्नेहरु र प्रशासन गर्नेहरु**, जुन नयाँ करारमा अरु कहीं पनि विशेषरुपले उल्लेख गरिएको छैन।

**"सहायता गर्नेहरु"** भनिने एउटा सेवकाइको वरदान छ

यो परमेश्वरको एउटा वरदान हो जुन मण्डलीमा राखिएको छ। कतिजना मानिसहरु सहायता गर्न मन पराउँछन् र यो परमेश्वरको आत्माद्वारा दिइएको सेवकाइको वरदान हो। अति महत्वपूर्ण पञ्चदलीय सेवकाइहरुमा धेरैजना यस्ता मानिसहरु हुन्छन् जसले सहायता गर्ने सेवकाइ गर्छन्, तिनीहरुले सेवकाइलाई सफल बनाउनमा योगदान दिन्छन्। प्रारम्भिक मण्डलीद्वारा खटाइएको प्रतिनिधि हुन्थ्यो जसले दीन-दुःखीहरुको हेरचाह गर्थ्यो।

यो सहायता गर्ने सेवकाइ डिकनको जीवनमा स्वाभाविकरुपले राखिएको देख्न सकिन्छ। परमेश्वरले सहायता गर्ने यो सेवकाइको अभ्यास गर्न मण्डलीमा केही सदस्यहरु राख्नुहुन्छ।

## प्रशासन वा शासन गर्ने वरदान

यसको ग्रीक शब्दको वास्तविक अर्थ हुन्छ परिचालन गर्नु वा संचालन गर्नु, अरु ठाउँहरुमा यसलाई पानी जहाजको कप्तान (मालिक) भनी अनुवाद गरिएको छ। परमेश्वरले मण्डलीमा केही यस्ता मानिसहरु राख्नुभएको छ, जो मण्डली (जहाज)**संचालन गर्न सक्षम** हुन्छन्। यसको अर्थ सेवकाइको हिसाब किताबको काम गर्नु अर्थात् समकालिन बुद्धिसहित प्रशासकीय कार्य गर्नु नै होइन। न त यो प्रेरित वा अगमवक्ताको वरदान नै हो, यो एउटा भिन्नै वरदान हो। यो संचालन गर्ने वरदान हो, यसको अर्थ त्यो **व्यक्ति हुनुसक्छ जसले सही दिशाको योजना बनाउँछ, जसले काम कुराहरु चलाउँछ वा बाटोबाट तर्केर जानदेखि बचाउँछ**।

यस्तो वरदान पाएको व्यक्ति आराधना सेवामा छ भने उसले प्रार्थनाद्वारा पवित्र आत्मालाई पुकार्दै सेवालाई केन्द्रविन्दुमा फर्काएर ल्याई सही दिशामा राख्नसक्छ वा सेवाको अगुवाले सेवालाई अभिषेकमा बगाउने वरदान पाएको हुन्छ।

एक वरदान प्राप्त प्रशासक, वा एक मुख्य डिकनमा यो वरदान हुनुसक्छ। यो परमेश्वरबाट पाइने सेवकाइको वरदान हो, जसले मण्डलीलाई प्रेरितहरु, अगमवक्ताहरु र शिक्षकहरुका सिद्धान्त पालन गर्दै, त्यो सिद्धान्त अप्नाउँदै त्यो सिद्धान्त लागु गर्दै सही दिशामा परिचालन हुनसक्ने बनाउँछ।

## जसले परिश्रमसहित नेतृत्व गर्छ

**रोमी १२:६-८** ले अनुग्रहका सातवटा वरदानहरु उल्लेख गर्दछः १. अगमवाणी, २.सेवागर्ने ३. शिक्षा दिने, ४,अर्ती दिने ५. अगुवापन ६. दान दिने र ७. कृपा गर्ने।

पिता परमेश्वरले जन्मेकै बेला दिनुहुने दानहरु छन्,कहिलेकाहीँ यिनलाई सृजना गर्ने वा प्रेरणा दिने वरदानहरु पनि भनिन्छ। ती धर्मी र अधर्मी दुवैलाई दिइन्छ। मानिसहरुको प्रत्येक झुन्डमा स्वाभाविक अगुवाहरु, स्वाभाविक सेवकहरु, अरुलाई उत्साह दिने, आदि मानिसहरु हुन्छन्। जब एकजना व्यक्ति नयाँ गरी जन्मन्छ, पानीको बप्तिस्मा लिन्छ र आत्माद्वारा ख्रीष्टको देहमा बप्तिस्मा हुन्छ तब सृजना गर्ने वरदान (वा वरदानहरु) ले काम गरि नै रहन्छ, तर अब झन् अतिरिक्त अनुग्रहले गर्दा हरेक सदस्य देहमा काम गर्नसक्ने हुन्छ।

यी बरदानहरुमध्ये एउटा हो, **अगुवापन**। अगुवापनको वरदान पाएकाहरुले अगुवाको रुपमा कठोर परिश्रम गरुन् भन्ने परमेश्वर चाहनुहुन्छ। एकजना साँचो अगुवाले उदाहरणद्वारा अगुवाइ गर्छ। एकजना साँचो अगुवाले अनुग्रहद्वारा अगुवाइ गर्छ र अरुलाई अगुवाइ गर्दा आफ्नो जीवन अर्पण गर्न सिक्छ। तापनि यो अनुग्रहको वरदान भएकोले यसको अर्थ यो हुन्छ कि यदि कुनै विश्वासी एक ईश्वरभक्त अगुवाको आवश्यकतामा पऱ्यो र त्यस्तो कुनै व्यक्ति उपलब्ध छैन भने कुनै पनि विश्वासीले अनुग्रहद्वारा यो वरदान प्राप्त गर्नुसक्छ।

**निष्कर्ष**
जीवनमा अधिकांश मानिसहरुले एक जना अगुवालाई पछ्याउन खोजिरहेका हुन्छन्। परिभाषा अनुसार एक खीष्टियन खीष्टको  एक जना मानिस हो र त्यसकारण जीवनमा एक जना अगुवा अरुलाई खीष्टमा डोहोऱ्याउन र भक्तिमय जीवनशैलीमा डोहोऱ्याउन सक्षम हुन्छ।

**अगुवापनको पहिलो चरण यो हो**ः यदि एक जना व्यक्तिले तपाईंलाई पछयाउँछ भने के तिनीहरुले खीष्टलाई पछ्याइरहेका हुनेछन् ? के तपाईं तिनीहरुलाई खीष्टमा डोहोऱ्याउनु हुन्छ (**यूहन्ना १:४१**)।
**अगुवापनको दोस्रो चरण यो हो**ः के तपाईं मण्डलीमा सेवा गर्नुहुन्छ, वा के तपाई अझै पनि कसैले तपाईंको सेवा गरोस्, तपाईंलाई शिक्षा देओस्, अभिवादन गरोस्, तपाईंको खाँचो पूरा गरि देओस् भनी पर्खीरहनुभएको छ ? यो चरणमा हामी सुसमाचार सुनाउन थाल्छौं, कामहरु गर्ने प्रस्ताव राख्छौं, नयाँ व्यक्तिहरुकहाँ जान्छौं।
**अगुवापनको तेस्रो चरणमा नयाँ** विश्वासी, शिक्षाको जग (**हिब्रू ५:१२**),हुर्काउने र भेटघाट गर्ने जिम्मेवारी लिन्छौं।

अगुवापनको सबै चरणमा मण्डलीमा नियुक्त अगुवाहरुमध्ये कुनै एक जनाप्रति **जवाफदेही** हुनुपर्छ।

**अगुवापन परमेश्वरले प्रदान गर्नुहुने योग्यता हो**, यो एउटा वरदान हो। अभिषिक्त अगुवाहरु ती मात्र हुन्छन् जो विश्वासमा प्रमाणित भइसकेका हुन्छन्, जसले जीवन परिवर्तन भएको प्रमाण देखाउँछन्, पवित्र आत्मा र बुद्धिले भरिएका हुन्छन्। तापनि प्रत्येक व्यक्ति जसलाई बढदै जाने वरदानको सेवकाइ दिइएको छ वा जसलाई मण्डलीमा आश्चर्यकर्म गर्ने वा निको पार्ने, वा कुनै अरु वरदानप्राप्त सेवकाइ गर्न राखिएको हुन्छ तिनीहरुले आफूमाथि भएको अभिषेकद्वारा अरुलाई आकर्षित गर्न थाल्छन्। यस्ता स्थितिहरुमा प्रत्येक सेवकले त्यो वरदानको कारण आफूसँग भएको अभिषेक अनुसार अगुवापनको वरदान लिनुपर्छ, यसको अर्थ यो हो कि मानिसहरुले त्यो व्यक्तिलाई अगुवापनको निम्ति हेरिरहेका हुन्छन्।

**अध्याय-२**

**एल्डर पद**

**"हरेक स्थानमा एल्डरहरु नियुक्त गर्नु"**

**एल्डरपद**

नयाँ करारको मण्डलीमा एल्डरहरुको पहिलो उल्लेख **प्रेरित ११:३०** मा गरिएको छ, ***"तिनीहरुले यसै गरे, र बारनाबास र शाऊलका हातद्वारा तिनीहरुले भेटी एल्डरहरुकहाँ पठाइदिए।"*** यहाँ उल्लेख गरिएका एल्डरहरु यरुशलेमको मण्डलीका एल्डरहरु हुन्। यिनै एल्डरहरुलाई अर्कोपल्ट **प्रेरित १५:६** मा उल्लेख गरिएको छ, ***"यस विषयमा सोच-विचार गर्नलाई प्रेरितहरु र एल्डरहरु भेला भए।"***

**एल्डरहरु को हुन् ?**

**१. एल्डरहरु मुख्य मानिसहरु हुन्।**

**प्रेरित १५:२२," भाइहरुमध्ये मुख्य मानिसहरु"** यहूदा र सिलासको नाउँ लिइएको छ। एल्डरपद (प्रेस्बुटेरियन)- एल्डरहरु(शाब्दिक अर्थमा पाको मानिसहरु) को समिति, जुन सम्मान पाएका, बुद्धिमान र परिपक्व मानिसहरुद्वारा बनेको हुन्छ। यसले ख्रीष्टियन मण्डलीको अभिषिक्त अगुवाहरुलाई संकेत गर्दछ।

**२. एल्डरहरु प्रेरितहरुद्वारा नियुक्त गरिन्छन्**

**प्रेरित १४:२३** मा पावल र बारनाबासले **"हरेक मण्डलीमा एल्डरहरु नियुक्त गरे, तब प्रार्थना र उपवाससहित उनीहरु आफूले विश्वास गरेका प्रभुको जिम्मामा उनीहरुलाई सुम्पिदिए।"** पावल र बारनाबास ती शहरहरुमा फर्केर गइरहेका थिए जहाँ तिनीहरुले अगिबाटै चेलाहरु बनाएका थिए र अब हरेक शहरमा एल्डरहरु नियुक्त गर्दै मण्डलीलाई व्यवस्थित बनाइरहेका थिए। ध्यान दिनुहोस्, प्रत्येक शहरमा एउटा मात्र मण्डली छ र एल्डरहरु शहरमा भएको मण्डलीका एल्डरहरु थिए।

**तीतस १:५-"यसैकारण मैले तिमीलाई क्रेटमा छोडें,कि मैले तिमीलाई अह्राएबमोजिम तिमीले त्यहाँ अपूरा कुराहरु पूरा गर्नु, र हरेक शहरमा एल्डरहरु नियुक्त गर्नु।"**

तीतस एक प्रेरित थिए, जसलाई पावलले ती ठाउँहरुमा फर्केर गई एल्डरहरु नियुक्त गर्न लाएका थिए जहाँ तिनीहरुले सेवकाइ गरेका थिए।

**३. शहरमा एल्डरहरु नियुक्त गरिएका छन्**

**प्रेरित** २०:१७ मा हामीले पढछौं, पावलले एफिससको मण्डलीका अगुवाहरुलाई अर्ती, उत्साह र चेताउनी दिनको निम्ति तिनीहरुलाई बोलाउँछन्। **फिलिप्पी १:१** मा पावलले फिलिप्पीको मण्डलीलाई पत्र लेख्दै यसरी अभिवादन गर्छन्, **"ख्रीष्ट येशूमा फिलिप्पीमा भएका बिशपहरु र डिकनहरुसाथै सबै सन्तहरुलाई।"** पावलले बिशपहरु भनी सम्बोधन गरेकाहरु एल्डरहरु हुन्, हाम्रो अर्को बुंदामा यसबारे हामी हेर्नेछौं, बिशप र निरीक्षकहरु एल्डरहरु।

**प्रेरित १४:२३, "जब तिनीहरुले उनीहरुको हरेक मण्डलीमा एल्डरहरु नियुक्त गरे, तब प्रार्थना र उपवाससहित उनीहरुले आफूले विश्वास गरेका प्रभुको जिम्मामा उनीहरुलाई सुम्पिदिए।"** हरेक शहरको हरेक मण्डलीमा एल्डरहरु नियुक्त गरिए (हामीले **तीतस १:५** अगिबाटै हेरिसकेका छौं, जुन यस कुरालाई पुष्टि गर्ने अर्को पद हो)।

**४. एल्डरहरु बिशपहरु- निरीक्षकहरु हुन्**

**बिशप** (निरीक्षक) ग्रीक भाषामा *इपिस्किोपोस* हो, शाब्दिक रुपमा निरीक्षक (*इपि* भनेको माथि *स्कोपिओ* भनेको हेर्नु वा निगरानी गर्नु हो),अंग्रेजीमा *बिशप* भनेको अर्थ पनि त्यस्तै हो, यो कुरा **प्रेरित २०:२८,फिलिप्पी १:१, १ तिमोथी** ३:२, **तीतस १ :७,१ पत्रुस** २:२५ मा पाइन्छ।

एल्डरहरुले निरीक्षकहरुले जस्तो सेवा गर्नुपर्छ र परमेश्वरको बगालको गोठालो गर्नुपर्छ। बाइबलमा बिशप र एल्डर शब्द सरोबरी प्रयोग गरिएको छ। बिशपको अर्थ निरीक्षक हो।

**तीतस १:५, "हरेक शहरमा एल्डरहरु नियुक्त गर्नु।"**

**पद ७. "बिशपचाहिँ दोषरहित हुनपर्छ।"** तीतसलाई एल्डरहरु नियुक्त गर्नु भनेपछि फेरि पावलले बिशप हुनुपर्ने मानिसहरु कस्ता हुनुपर्छ भन्ने कुरा बताउँछन्।

**५. एल्डरहरु पास्टरहरु हुन्**

**प्रेरित** २०:२८, **"तपाईंहरु आफना निम्ति र आफनो समस्त बगालको निम्ति सावधान रहनुहोस्। पवित्र आत्माले तपाईंहरुलाई बगालका जिम्मावाल बनाउनुभएको हुनाले उहाँले आफनै रगतले किन्नुभएको परमेश्वरका मण्डलीको हेरचाह तपाईंहरु गर्नुहोस्।"** पावलले यी एल्डरहरुलाई **बगालको गोठालो गर्ने** अर्ती दिन्छन्।

त्यसकारण **एल्डरहरु गोठालाहरु हुन्। पास्टरको सेवकाइ बगालको हेरचाहा गर्नु अर्थात् गोठालो गर्नु हो।**

**पत्रुस ५:१-४: ख्रीष्टका कष्टको साक्षी र प्रकट हुने महिमाको सहभागी भएको नाताले र एक सङ्गी-एल्डरको हैसियतले तिमीहरुमध्येका एल्डरहरुलाई म आग्रह गर्दछु। तिमीहरुको देखरेखमा राखिएको परमेश्वरका बगालको हेरचाह गर। करले होइन तर स्वेच्छाले, धनको लोभले होइन तर उत्साहसाथ, तिमीहरुको जिम्मामा रहेकाहरुमाथि अधिकार जमाएर होइन, तर बगालको निम्ति उदाहरण भएर, र जब मूल गोठालो प्रकट हुनुहुनेछ, तब तिमीहरुले महिमाको नओइलाउने मुकुट प्राप्त गर्नेछौं।"**

प्रेरित पत्रुसले पावलका आदेश(निर्देशन)हरुलाई पुष्टि गर्दछन्
**! एल्डरहरुले परमेश्वरको बगालको गोठालो गर्नुपर्छ,**
**!! एल्डरहरुले निरीक्षकहरु जस्तो भई सेवा गर्नुपर्छ,**
**!!! एल्डरहरु बगालको निम्ति एक उदाहरण बन्नुपर्छ।**
**बाइबलले एल्डरहरुलाई दिइएका निर्देशनहरुले**
**एक एल्डरको मुख्य सेवकाइ पास्टरी गर्नु हो भन्ने कुरा प्रकट गर्दछ।**

**६. अगमवक्ताहरु र शिक्षकहरु एल्डरहरु हुन्**
**प्रेरित १३:१- एन्टिओखियाको मण्डलीमा केही अगमवक्ताहरु र शिक्षकहरु थिए,** तिनीहरुका नाउँ बताइएको छ अनि तिनीहरुमध्ये शाऊल र बारनाबास थिए। **प्रेरित १५:२२ र ३२** ले सिलास र यहूदा, जो यरुशलेमको परिषदबाट पावल र बारनाबासको साथमा लागेका थिए तिनीहरु यरुशलेममा एल्डर पदमा थिए र तिनीहरु अगमवक्ता थिए भन्ने कुरा प्रकट गर्दछ।

**७. प्रेरितहरु एल्डरहरु हुन्**
**१ पत्रुस ५:१- एक सङ्गी एल्डरको हैसियतले तिमीहरुमध्येका एल्डरहरुलाई म आग्रह गर्दछु।** पत्रुस एक प्रेरित हुन् तर यहाँ तिनले आफैलाई एक एल्डर भन्छन्।
**प्रेरित १५:६, "यस विषयमा सोच विचार गर्नलाई प्रेरितहरु र एल्डरहरु भेला भए।"** प्रेरितहरुलाई सधैं एल्डरको स्थानमा राखिएको छ।

**८. के प्रचारकहरु एल्डर हुन सक्छन् ?**
पावल र पत्रुस दुवैले को को एल्डरहरु बन्नसक्छन् भन्ने विषयमा स्पष्ट निर्देशन दिएका छन्। हामीले अगिबाटै हेरेका बाइबल पदले यो देखाउँछ कि एल्डरहरु तिनीहरुले हुन् जो परमेश्वरको बगालको देखरेख र गोठालो गर्न पवित्र आत्माद्वारा नियुक्त गरिएका हुन्छन्, अनि शहरका मण्डलीहरुमा एल्डरहरु नियुक्त गरिएका छन्।
**प्रचारकको मुख्य सेवकाइ बाहिर गएर हराएका आत्माहरु जित्नु हो।**

तापनि फिलिपको घटनामा, जसले **प्रेरित ८** अध्यायमा एक प्रचारकको रुपमा सेवकाइ गरिरहेका थिए, **प्रेरित २१:८** मा पावलले कैसरियामा तिनलाई भेट्दा तिनले आफ्नै घरमा मण्डली संचालन गरिरहेका थिए, तिनका छोरीहरुले अगमवाणीको सेवकाइ गरिरहेका थिए (यसरी तिनको आत्मिक छोरीहरु थिए)। यो पनि सम्भव छ कि फिलिपले त्यो शहरको मण्डलीमा एक एल्डरको रुपमा काम गरिरहेका थिए। एक जना प्रचारकलाई एल्डर बन्ने कुरादेखि अलग गर्न सकिंदैन, तर सामान्यतः उसको सेवकाइ घुमिहिँडनु पर्ने

भएकोले ऊ एल्डर बन्न सक्दैन।

**के स्त्रीहरु एल्डर बन्न सक्छन् ?**

साँच्चै भन्नु हो भने बन्न सक्दैनन्, धर्मशास्त्रमा दिइएको परिभाषा अनुसार एल्डरहरुको समूह पाको पुरुषहरुको झुन्ड हो, तर एल्डर पद आत्मिकरुपमा पुरुषहरुमा मात्र सीमित छैन, तर योग्य मानिसहरु एल्डर बन्नसक्छन्।

प्रेरित जोन एल्लेले यो प्रश्नको जवाफ दिँदै यो जानकारी दिँदछन्। पुरानो करारमा अगुवापन सामान्यतः केही असाधारण गुण भएका मानिसहरुको हातमा थियो। यसैले पुरानो करारमा केही अति प्रसिद्ध स्त्री अगुवाहरु छन्। नयाँ करारमा सबै सेवकाइहरु पुरुष र स्त्रीहरुको निम्ति एक समान रुपले खुल्ला छ, तर कतिपय अपवादहरु पनि छन् जहाँ स्त्रीहरुले साधारणता कार्य गर्दैनन्। शिर (मुखिया) को पदमा पुरुषहरुले अगुवाको भूमिका लिनुपर्छ।

**प्रेरित १८:२६** मा प्रिस्किलाले आफना पतिसँग मिलेर **शिक्षा दिने सेवकाइ** गरेकी उल्लेख गरिएको छ, तिनी पावलका एक **"सहायक" वा सहकर्मी (रोमी १६:३)** थिई, र कोरिन्थको मण्डली तिनको घरमा भेला हुन्थ्यो(**१ कोरिन्थी १६:१६)।** यसबाट यही बुझिन्छ कि त्यस सम्बन्धमा प्रिस्किलाको एक स्पष्ट सेवकाइ थियो,तिनले शिक्षा दिने गर्थिन्।

प्रेरित **यूहन्नाले** २ यूहन्नाको पत्रमा **चुनिएकी महिलालाई** लेख्छन्। यो पत्रमा परमेश्वरको परिवारमा देखरेख गर्ने एक जना व्यक्तिलाई सम्बोधन गरिएको हो जस्तो लाग्छ। तिनका आत्मिक छोराछोरीहरु छन्। स्पष्ट छ, तिनले आत्मिक देखरेख गर्थिन्,जुन एल्डर पदको एउटा योग्यता हो।

युनियस जुन सायद स्त्रीको नाउँ हुनसक्छ त्यो नाउँ एक प्रेरितको रुपमा **रोमी १६:७** मा उल्लेख गरिएको छ।

**रोमी १६:१** मा पावलले फिबीको प्रशंसा गर्छन् र तिनको सेवकाइ सफलतापूर्वक संचालन गर्नको निम्ति तिनलाई सबै किसिमको सहायता गर्नु भनी मण्डलीलाई सम्झाउँछन्। **तिनी मण्डलीकी एक सेविका हुन्।**

धर्मशास्त्र बाइबलमा केवल पुरुषहरुलाई सङ्केत गरिएको छ, तर फेरि केही पत्रमा "भाइ हो" भनी सम्बोधन गरिएको छ (**रोमी १२:१**)। के यसबाट हामी मण्डली दाजुभाइहरुद्वारा मात्र बन्छ त्यसमा दिनीबहिनीहरु आउँदैनन् भन्ने मानिलिन्छौं र ? के दिदीबहिनीहरु पनि "सन्तान" होइनन् र ? वरदानयुक्त सेवकाइहरुमा स्त्रीहरुले सेवकाइ गर्नु हुँदैन भनेर कहाँ लेखिएको छ ?

**एल्डर पदको निम्ति योग्यताहरु**

ध्यान दिनु योग्यको कुरा यो छ कि बाइबलमा एल्डर पदको योग्यताहरु सम्बन्धी एक मात्र निर्देशनहरु एक प्रेरितले ती प्रेरितहरुलाई लेखेका छन् जो एल्डरहरु नियुक्त गर्न जिम्मेवार छन्।

**१ तिमोथी ३:१-७** मा हामी **विशपहरुको निम्ति दिइएका निर्देशनहरु** पढछौंः

ऊ दोषरहित हुनुपर्छ,   एउटै पत्नीका पति,

संयमी,      समझदार,

सम्मानित,   अतिथिसत्कार गर्ने

सुयोग्य शिक्षक,  मद नपिउने,

नरिसाउने, धनको लोभ नगर्ने,

विनम्र   झगडा नगर्ने,

लोभ नगर्ने,

आफनो घरको राम्ररी प्रबन्ध गर्नसक्ने।

**पद ७. "फेरि बाहिरकाहरुका दृष्टिमा पनि तिनी असल ठहरिनुपर्छ, नत्रता निन्दा र शैतानको पासोमा पर्नेछन्।"**

**तीतस १:५-६** मा लेखिएका योग्यताहरु पनि त्यस्तै छन् पद ६;" **एल्डर एउटै स्त्रीको पति र दोषरहित र यस्तो व्यक्ति होस्, जसका छोराछोरीहरु विश्वासी होऊन् र चरित्रहीन र अनाज्ञाकारी नहोऊन्। ७. किनभने परमेश्वरको कारिन्दा हुनुपर्ने हुनाले बिशपचाहिँ दोषरहित हुनुपर्छ। तिनी हठी वा झट्टै रीस गर्ने, वा मतवाला, वा झगडालु वा धनको लोभी हुनुहुँदैन, ८.तर अतिथि सत्कार गर्ने, भलाइ प्रेमी, आफूलाई वशमा राख्ने, इमानदार, पवित्र र संयमी हुनुपर्दछ। ९. तिनलाई सिकाइएको विश्वासयोग्य वचनमा तिनी दह्रिलो बस्नुपर्छ, ताकि तिनले पक्का सिद्धान्तअनुसार शिक्षा दिन सकून्, र ती कुराहरुको खण्डन गर्नेहरुलाई झुटा साबित गर्न सकून्।"**

**पद** ९.ले एल्डर आफै वचनको एक असल विधार्थी र पक्का सिद्धान्त सिकाउनेसक्ने हुनु पर्ने कुरामा जोड दिनु दिँदछ।

## एल्डरहरुले के गर्छन् ?

**१.तिनीहरुले बाइबलको सिद्धान्त र अभ्यास बारे सोचविचार गर्छन्।**

**प्रेरित १५:६** मा सिद्धान्त र अभ्यास सम्बन्धी केही महत्त्वपूर्ण विषयहरु बारे विचार गर्न एल्डरहरुलाई यरुशलेमको परिषद्मा बोलाइएको थियो। परिषद्को सभा समाप्त भएपछि त्यहाँ आएका प्रेरितहरु अगमवक्ताहरु (एल्डरको रुपमा काम गर्ने) **शहरहरुका बाटो भएर जाँदा तिनीहरुले यरुशलेमका प्रेरितहरु र एल्डरहरुले गरेका निर्णयहरु यिनीहरुलाई पालन गर्नु भनी सुनाइदिए, प्रेरित १६:४**। एल्डरको पदमा बसेकाहरुले जे निर्णय गरे त्यो सबै मण्डलीहरुको निम्ति अभ्यास बन्यो।

**२. तिनीहरुले मण्डलीको निरीक्षण गरे**

**प्रेरित २०:२८** मा पावलले एफिससको मण्डलीलाई अर्ती र आदेश दिँदै भन्छन्, **"तपाईंहरु आफना निम्ति**

**र आफनो समस्त बगालको निम्ति सावधान रहनुहोस्। पवित्र आत्माले तपाईंहरुलाई बगालका जिम्मावाल बनाउनुभएको हुनाले उहाँले आफनै रगतले किन्नुभएको परमेश्वरका मण्डलीको हेरचाहा तपाईंहरु गर्नुहोस्।** प्रेरित पत्रुसले पनि **१पत्रुस ५:२** मा एल्डरहरुलाई यसरी अर्ती दिन्छन्, **"तिमीहरुको देखरेखमा राखिएको परमेश्वरका बगालको हेरचाहा गर। करले होइन तर स्वेच्छाले, धनको लोभले होइन, तर उत्साहसाथ"।**

**निरीक्षकले लेखा दिनुपर्छ**

**हिब्रू १३:१७ क** ले एल्डरको सेवकाइको अर्को पक्षको बारेमा बताउँछ, **" तिमीहरुका अगुवाहरुको आज्ञापालन गर, र तिनीहरुका अधीनमा बस। किनकि लेखा दिनुपर्छ भन्ने कुरा जानेर नै तिनीहरुले तिमीहरुका प्राणको हेरचाहा गर्छन्।"** पास्टरको निरीक्षण गर्ने सेवकाइ भनेको तपाईंको प्राण(आत्मा) को हेरचाहा गर्नु र प्रभुलाई लेखा दिनु हो।

एल्डरले भेडाहरुको कसरी हेरचाहा (निरीक्षण) गर्छन् त्यसको निम्ति प्रभुले तिनीहरुलाई जवाफदेही ठहराउनुहुन्छ।

**प्रेरित २१:१८** ले पावल एकपटक यरुशलेम गएका वर्णन गर्दै भन्दछ, **"भोलिपल्ट पावल हामीसँग याकूबकहाँ गए। त्यहाँ सबै एल्डरहरु उपस्थित थिए।"** प्रेरित पावलले समेत यरुशलेमका प्रेरितहरु र एल्डरहरुप्रति उत्तरदायी भएको महसुस गरे।

**३. एल्डरहरुले परमेश्वरको बगालको गोठालो गर्नुपर्छ**

हामीले प्रेरित २०:२८ अगिबाटै हेरिसकेका छौं जसले एल्डरहरुलाई "परमेश्वरका मण्डलीको हेरचाहा गर्नु" भनी उत्साह दिएको छ। यी आदेशहरु **१ पत्रुस ५:१-४** मा फेरि दोहोऱ्याएका छन्।

**४. एल्डरहरुले राम्ररी देखरेख गर्नुपर्छ**

**१ तिमोथी ५:१७, "मण्डलीको असल देखरेख गर्ने एल्डरहरु दोबर आदरका योग्य हुन्छन्, विशेष गरी जसले वचनको प्रचार र शिक्षामा परिश्रम गर्छन्।"** एल्डरले वचनको असल शिक्षक भएर राम्ररी देखरेख गर्छ।

**येशूले गोठालो राजाको रुपमा राज्य गर्नुहुन्छ**

**प्रकाश २:२७, "उहाँले फलामको डन्डाले शासन गर्नुहुनेछ।"** यो पदको शासन शब्द त्यही ग्रीक शब्द पोइमेनो हो, जसको अर्थ हो गोठालोले जस्तो हेरचाहा गर्नु, देखरेख गर्नु।

**येशूले एक गोठालोले जस्तो शासन गर्नुहुन्छ।**

**प्रकाश १९:१५, "उहाँले फलामको डन्डाले तिनीहरुमाथि शासन गर्नुहुन्छ, सर्वशक्तिमान् परमेश्वरका क्रोधको दाख-कुण्ड उहाँले कुल्चनु हुन्छ,"** फेरि पनि शासन शब्दको अर्थ परमेश्वरका बगालको गोठालो गर्नु जस्तै हो। येशूले एक गोठालो राजा जस्तो भएर शासन गर्नुहुन्छ। राजा दाऊदले देशमा एक गोठालो राजा जस्तो भई शासन गरे, एक गोठालो राजाको रुपमा शासन गर्ने तिनी एक सुन्दर उदाहरण हुन्। तिनले

हृदयको इमानदारीसाथ इस्राएलको गोठाला गरे अनि निपुण हातले तिनीहरुको नेतृत्व गरे" **भजन ७८:७२**।

**५. एल्डरहरुले बिरामीहरुको निम्ति प्रार्थना गर्नुपर्छ**
**याकूब ५:१४," के तिमीहरुमध्ये कोही बिरामी छ ? त्यसले मण्डलीका एल्डरहरुलाई बोलाओस्। तिनीहरुले प्रभुको नाउँमा त्यसलाई तेलले अभिषेक गरेर त्यसको निम्ति प्रार्थना गरुन्।"**

**६. एल्डरहरु ख्रीष्टका कष्टमा र उहाँको महिमामा सहभागी हुनुपर्छ १ पत्रुस ५:१ "ख्रीष्टका कष्टको साक्षी र प्रकट हुने महिमाको सहभागी भएको नाताले र एक सङ्गी-एल्डरको हैसियतले तिमीहरुमध्येका एल्डरहरुलाई म आग्रह गर्दछु।** हामी उहाँको कष्टमा सहभागी हुन तयार नभइन्जेलसम्म उहाँको महिमामा सहभागी बन्न सक्दैनौं(**फिलिप्पी ३:१०**)।

**७. एल्डरहरुले स्वर्गमा आराधना गर्न अगुवाइ गर्नेछन्**
प्रकाशितवाक्यको पुस्तकमा एल्डरहरुको मुख्य भूमिका यही हुनेछ जस्तो देखिन्छ जो सिंहासनको वरिपरि हुन्छन्। तिनीहरु आराधनामा अगुवाइ गरिरहेका छन्। **प्रकाश ४:१०,"तब ती चौबीस जना धर्मगुरुहरु सिंहासनमा विराजमान हुनुहुनेको सामुन्ने घोप्टो पर्दछ, र सदासर्वदा जीवित रहनुहुनेलाई दण्डवत् गर्दछन्, र तिनीहरुका आ-आफना मुकुट सिंहासनको सामुन्ने राख्छन्।"(प्रकाश ५:८-१० र १४** पनि हेर्नुहोस्)।
यो स्वर्गको नमूना पृथ्वीमा पनि अनुसरण गरिनुपर्छःएल्डरहरु प्रभावशाली आराधना-अगुवाहरु बन्नुपर्छ।

**८. एल्डरहरुले वरदान प्रदान गर्नसक्छन्**
**१ तिमोथी** ४:१४- पावलले तिमोथीलाई भन्छन्,"**तिमीसँग भएका वरदानको अवहेलना नगर, जुन वरदान एल्डरहरुले तिनीहरुका हात तिमीमाथि राख्दा अगमवाणीद्वारा तिमीलाई मिलेको थियो।"**
तिमोथीलाई एल्डरहरु वा पास्टरहरुले हात राखेर नियुक्त गरेका थिए।

**९. एल्डरहरुले वचनको शिक्षा दिनुपर्छ**
**१ तिमोथी ५:१७-"मण्डलीको असल देखरेख गर्ने एल्डरहरु दोबर आदरका योग्य हुन्छन्, विशेष गरी जसले वचनको प्रचार र शिक्षामा परिश्रम गर्छन्।"** हामीले एल्डरहरुको निम्ति योग्यताहरु बारे हेर्दा यो देखिसकेका छौं कि तिनीहरु पक्का सिद्धान्त सिकाउन सक्ने हुनुपर्छ। **तीतस १:९,"तिनलाई सिकाइएको विश्वासयोग्य वचनमा तिनी दह्लिो बस्नुपर्छ, ताकि तिनले पक्का सिद्धान्तअनुसार शिक्षा दिन सकून्, र ती कुराहरुको खण्डन गर्नेहरुलाई झुटा साबित गर्न सकून्।"**
**१ तिमोथी** ३:२,"**बिशप सुयोग्य शिक्षक होऊन्।"**

**१०.एल्डरहरुले उदाहरणद्वारा डोहोऱ्याउनुपर्छ**
पत्रुसले बगालको देखरेख गर्नेहरुलाई उदाहरणद्वारा डोहोऱ्याउने आदेश दिएका छन्। **१ पत्रुस**

**५;३, "तिमीहरुको जिम्मामा रहेकाहरुमाथि अधिकार जमाएर होइन तर बगालको निम्ति उदाहरण भएर।"**
**हामीले एल्डरहरुसँग कसरी सम्बन्ध राख्नुपर्छ ?**
**तिनीहरुका अधीनमा बसेर**

**१ पत्रुस ५:५, "त्यसैगरी जवान हो, बूढा-पाकाहरुका अधीनमा बस। एउटा अर्काको अधीनमा रहेर तिमीहरु सबैले नम्रताको वस्त्र धारण गर, किनभने परमेश्वरले अहङ्कारीहरुको विरोध गर्नुहुन्छ, तर नम्रहरुलाई अनुग्रह गर्नुहुन्छ।"** यहाँ पत्रुसले मण्डलीका एल्डरहरुलाई सङ्केत गरिरहेका छन्। नम्रतामा हिँडने उपायहरुमध्ये एउटा हो एल्डरहरुलाई आदर गर्नु।

**उनीहरुलाई उत्साह दिएर अनि सम्मान देखाएर**

**१ तिमोथी ५:१, " वृद्ध मानिसलाई नहप्काऊ, तर तिनलाई बाबुलाई जस्तै गरि सम्झाऊ। आफूभन्दा सानाहरुसँग भाइ समान व्यवहार गर।"** पावलले यो कुरा तिमोथीलाई भनिरहेका छन् जो एक जवान प्रेरित थिए। हामीले पनि प्रभुमा हामीभन्दा ठूलाहरुलाई आदर गर्नुपर्छ।

**१तिमोथी ५:२, "वृद्ध स्त्रीहरुसँग आमा झैं र युवतीहरुसँग चाहिँ सम्पूर्ण पवित्रतासाथ बहिनीसमान व्यवहार गर।"** वृद्ध स्त्रीहरुसँग आदरपूर्वक व्यवहार गर्नुपर्छ।

**एल्डरमाथि दोष लगाउनु हुँदैन**

**१ तिमोथी ५:१९-"दुइ वा तीन साक्षीको गवाही बाहेक एल्डरको विरुद्धमा लाएको आरोप कहिल्यै स्वीकार नगर।"** हामीले एल्डर माथि दोष लाउनु हुँदैन, न त दुइ वा तीन जनाले पुष्टि नगरेसम्म हामीले एल्डरको विरुद्धमा लगाएका दोषहरु सुन्नहुन्छ।

## शहरमा को एल्डर बन्न सक्छन् ?

**प्रेरित १३:१** मा हेर्दा एन्टिओखियाको मण्डलीका एल्डर (पास्टर) हरु निश्चित रुपले अगमवक्ता र शिक्षकहरु थिए भन्ने देखिन्छ। जब हामी पास्टरको सेवकाइलाई जाँच्दै नयाँ करार ध्यान लाएर पढछौं तब हामी हरेक शहरमा एल्डरहरु नियुक्त गर्नुपर्छ भन्ने कुरा पाउँछौं(**तीतस १:५**)। यिनीहरु नियुक्त गरिएका र वरदानप्राप्त (अभिषिक्त) मानिसहरु हुन्, जसले पास्टरहरु को रुपमा काम गर्छन् अर्थात् परमेश्वरका बगाललाई देखरेख र गोठालो (खुवाउने र हेरचाहा गर्ने) गर्छन्।

एन्टिओखियामा शहरका एल्डरहरु अगमवक्ता र शिक्षकहरु थिए। **१ कोरिन्थी१२:२८, "परमेश्वरले मण्डलीमा पहिलो प्रेरितहरु, दोस्रो अगमवक्ताहरु, तेस्रो शिक्षकहरु, तब आश्चर्यकाम गर्नेहरु, र निको पार्ने वरदान पाएकाहरु,सहायता गर्नेहरु, प्रशासन गर्नेहरु,विभिन्न भाषा बोल्नेहरु नियुक्त गर्नुभएको छ।"**
एल्डरहरु प्रेरित, अगमवक्ता र शिक्षकहरु हुन्। **एफिसी ४:११** मा पास्टर र एल्डरका वरदानहरु एक साथ मिसाइएको छ। सामान्यतः शहरका एल्डरहरु प्रेरित अगमवक्ता र शिक्षकहरु हुन्।

शहरका एल्डरहरु यस्ता हुनुपर्छः

१. तीतस र **पहिलो तिंमोथी**का पत्रहरुमा माग गरेका कुराहरु पूरा गर्ने व्यक्तिहरु।

२. जो पहिले **१ कोरिन्थी १२:२८** अनुसार मण्डलीमा प्रेरित अगमवक्ता र शिक्षकहरु नियुक्त गरिएका हुनुपर्छ,तापनि सबै प्रेरित, अगमवक्ता र शिक्षकहरु शहरका एल्डरहरु हुँदैनन्। यी सेवकाइका वरदान पाएका मानिसहरुको बीचबाट एल्डर चुनिन्छ। (ध्यान दिनुहोस् यी सेवकाइ गर्नेहरुले धर्मशास्त्र अनुसार एल्डरको रुपमा पनि काम गर्न सक्छन्, **१ पत्रुस ५:१, प्रेरित १३:१;१५:६**)। यो कुरा पूर्णरुपले प्रकट हुनुबाँकी नै छ, किनकि परमेश्वरले पवित्र बाइबलमा प्रकट गरिएको उहाँको इच्छा अनुसार येशू ख्रीष्टको मण्डलीलाई सुधार गर्नुहुन्छ।

३. जो प्रेरितद्वारा नियुक्त वा अभिषेक गरिएका छन् जसलाई परमेश्वरको त्यो शहरको देखरेख गर्ने जिम्मा दिनुभएको छ।
यसै बीचमा हामी जसलाई एल्डरहरु भन्छौं र एल्डरहरुलाई कुन काम गर्ने जिम्मा दिइएको छ त्यसलाई धर्मशास्त्र अनुसार फेरि जाँचौं। हामी मानिसले बनाएका बिशप,निरीक्षक,रेभरेन्ड,
पास्टर,प्रचारक,एल्डर,डिकनहरुको पद- क्रमहरुलाई फुकाऔं र मण्डलीलाई व्यवस्थित बनाऔं।
मण्डलीलाई व्यवस्थित बनाएपछि जागृति आउँछ।

**प्रेरितहरु र एल्डरहरु**

**परमेश्वरले उहाँको मण्डलीलाई सम्पूर्ण नेतृत्व प्रदान गर्नको निम्ति प्रेरितहरुलाई खडा गरिरहनुभएको छ।**
येशू ख्रीष्टको मण्डलीमा परमेश्वरले नियुक्त गर्नुभएको सेवकाइका अगुवापन स्पष्टरुपले दुइ किसिमका छन्ः

१. प्रेरित र प्रेरितहरुको झुन्डले प्रेरितसँग मिलेर काम गर्छ,सम्पूर्ण मण्डलीको शिर वा अगुवाको रुपमा सेवकाइ गर्छ। प्रेरितले प्रेरितीय सिद्धान्त र विशेषगरी ख्रीष्ट र मण्डलीको रहस्यको प्रकाश ल्याउँछ (**१कोरिन्थी** २:६-१०; **एफिसी** ३:२-११; **कलस्सी** १;२४-२६)। प्रेरित मण्डली निर्माण गर्ने सही जग बसाल्नको निम्ति पनि जिम्मेवार हुन्छ (**१कोरिन्थी** ३:१०-१३)। नयाँ करारका प्रेरितहरुलाई प्रेरितहरुसँग काम गर्नको निम्ति प्रेरितीय झुन्डको एक भागको रुपमा खडा गरिँदैछ।
२.परमेश्वरले हरेक शहरमा एल्डरहरु खडा गरिरहनुभएको,अनि तिनीहरुचाहिँ त्यो शहरमा येशू ख्रीष्टको मण्डलीलाई नेतृत्व प्रदान गर्नको निम्ति हुन्। प्रेरितहरुलाई मान्यता दिन्छन् र नियुक्त गर्छन्। यसै बीचमा हरेक शहरमा केही पास्टरहरुले त्यो शहरमा ख्रीष्टको देह निर्माण गर्ने साहस (चाहना) प्राप्त गरेका छन् एल्डरहरुको मुख्य सेवकाइको काम पवित्र आत्माद्वारा परमेश्वरको बगालको देखरेख र गोठालो गर्नु हो। एल्डरहरुले त्यो प्रेरितीय नमूना अनुसरण गर्नुपर्छ जुन तिनीहरुले प्रेरितहरु र प्रेरितीय झुन्डबाट सिकेका छन्।

**अध्याय- ३**

**सेनाहरुका परमप्रभु. - भाग-१**

**आवरण, जकरिया ४**

**जकरिया ४ अध्यायको अध्ययन**

यसको मूल पाठ **जकरिया ४:६** बाट लिइएको छः“**यरुबाबेलको निम्ति परमप्रभुको यो वचन छः न ता बलले न शक्तिले, तर मेरो आत्माले, सेनाहरुका परमप्रभु भन्नहुन्छ।**” यो यरुबाबेलको निम्ति परमप्रभुले जकरिया अगमवक्तालाई दिनु भएको वचन हो। मन्दिर निर्माण गर्ने सम्बन्धमा परमप्रभुले यो स्पष्ट भनिरहनु भएको छ कि त्यो मानिसको पराक्रम वा शक्तिले हुनेछैन। यो पदले हाम्रो निम्ति त्यो सुन्दर दर्शन लेखेको छ जुन परमप्रभुको दूतले जकरियालाई दिएका थिए, त्यसमा तिनको निम्ति निर्देशन थियो र यरुबाबेललाई तिनले भन्नुपर्ने स्पष्ट वचन थियो। यरुबाबेल जो यरुशलेमका राज्यपाल थिए तिनलाई परमप्रभुले मन्दिरको पुनर्निर्माण गर्ने आज्ञा दिनुभयो। जकरिया अगमवक्ताकहाँ एउटा दिव्य दर्शन आयो। त्यो दर्शनलाई अर्थ लाउँदा परमप्रभुको वचनले त्यो मन्दिर मानिसको कोशिशले पुनर्निर्माण गरिने छैन भनी स्पष्ट पार्‍यो।

हामीले यो पदको सन्दर्भलाई हेर्नुपर्छ।

**जकरिया** ४ अध्यायले **सामदान र जैतुनका रुखहरुको दर्शन उल्लेख गर्दछ**। पद १. जकरिया“आत्मामा अचेत” थिए, तब एक जना स्वर्गदूत आउँछ र तिनलाई त्यो निद्राबाट जगाउँछ।

**तिमी के देख्छौं ?**

**पद** २. स्वर्गदूतले जकरियालाई सोध्छ, “**तिमी के देख्छौं**”? यो वाक्यांश महत्वपूर्ण छ। जकरियाले जवाफ दिँदै भन्छन्, “**जम्मै सुनको एउटा सामदान म देख्तछु। त्यसको टुप्पामा एउटा बटुको छ। त्यसमाथि सातवटा बत्ती छन्, र टुप्पामा भएको प्रत्येक बत्तीमा सातवटा नली गाँसिएका छन्।**” सामदान मोशाको पालभित्र पवित्र स्थान पाइन्छ।

**पद ३.“त्यसको छेउमा दुइवटा जैतुनका रुखहरु, एउटा बटुकाको दाहिनेपट्टि र अर्को त्यसको देब्रेपट्टि छन्।”**

**पद** ४. जकरियाले ठूलो आदरसाथ स्वर्गदूतलाई एउटा प्रश्न गर्छन्।
**पद** ५. स्वर्गदूत जकरियाले यो दर्शनबाट केही कुरा जानोस् भन्ने चाहन्छन्। तर जकरियालाई त्यसको अर्थ बुझ्नु आवश्यक पर्छ। त्यसपछि हामी पद ६. मा आउँछौं, जहाँ हामी स्वर्गदूतले जकरियालाई दिएको जवाफ पाउँछौं। त्यो दर्शन परमप्रभुको वचनको एउटा प्रकटीकरण हो। त्यो यरुबाबेललाई भनिएको छ,जो राज्यपाल हुन् र जसलाई परमेश्वरले उहाँको मन्दिर पुनर्निर्माण गर्ने जिम्मा दिनुभएको छ।

**मण्डली निर्माण गर्ने प्रेरित हो**

यरुबाबेल ख्रीष्टको नमूना हुन्, ख्रीष्ट जसले **मत्ती १६:१८** मा यसो भन्नुभएको छ,**"म मेरो मण्डली स्थापित गर्नेछु, र नरकका ढोकाहरु त्यसमाथि विजयी हुनेछैनन्।"** यो परमेश्वरको मन्दिर हो, अनि येशूले भन्नुभयो कि नरकका ढोकाहरु त्यसको विरुद्धमा टिक्ने छैनन्। यरुबाबेल प्रेरितको नमूना पनि हो। मण्डली निर्माण गर्नेलाई परमप्रभुको वचन यो छ" **न ता बलले न शक्तिले, तर मेरो आत्माले" सेनाहरुका परमप्रभु भन्नुहुन्छ।**

**पछिल्लो भवनको महिमा अझ महान् हुनेछ**

जकरियाकै समयको अर्को अगमवक्ता थिए हाग्गै। तिनले पनि राज्यपाल यरुबाबेलको समयमा अगमवाणी गरिरहेका थिए, जुन राज्यपाललाई परमेश्वरले उहाँको मन्दिर निर्माण गर्ने जिम्मा दिनुभएको थियो। **हाग्गै** २:६ मा तिनले यसरी अगमवाणी गर्छन्,**"यस भवनका पछिल्लो महिमा अघिको भन्दा अझ बढ्ती हुनेछ भनी सेनाहरुका परमप्रभु भन्नुहुन्छ।"** युगको अन्तमा परमप्रभुले पुनर्निर्माण गर्नुहुने मण्डलीको महिमा प्रेरितको पुस्तकमा पाइने मण्डलीको भन्दा अझ महान् हुनेछ।

**हामीले वर्तमान युगमा निर्माण भइरहेको येशू ख्रीष्टको मण्डलीको कुरा गरिरहेका छौं।**
**म मानिसको शक्तिद्वारा निर्माण गर्नेछैनँ।**

**शक्तिः**सामर्थ, ताकत, बल,पराक्रम (विशेष गरी सेनाको), वीरता,दृढता, धन-सम्पत्ति। यसको मूल अर्थ हो बल, विशेष गरी सैनिक शक्ति। परमेश्वरले मन्दिर पुनर्निर्माण गर्नेहरुलाई जानकारी दिनुहुन्छ कि यो काम र सेनाको शक्तिले न कारीगरहरुका शरीरको शक्ति र ताकतद्वारा यो काम पूरा हुनेछ। मण्डली हाम्रो आफ्नै वरदानहरु, योग्यता वा सीपहरुद्वारा बनिने छैन। न ता यो मानिसको संख्याद्वारा नै बनिन्छ।

**यो शक्तिद्वारा निर्माण हुनेछैन।** शक्तिः ताकत, सामर्थ, बल, क्षमता, अधिकार, सम्पत्तिको माध्यम। सामान्यतः यो शब्दको अर्थ"क्षमता" वा "योग्यता" हो, चाहे त्यो शारीरिक, मानसिक वा आत्मिक नै किन नहोस्।

मण्डली हामीले प्राप्त गरेका कुनै पनि क्षमता वा मानवीय योग्यताद्वारा निर्माण हुनेछैन।

**यो "मेरो आत्माद्वारा निर्माण हुनेछ" सेनाहरुका परमप्रभु भन्नुहुन्छ।**

सेनाहरु को हुन् ? तिनीहरु स्वर्गका स्वर्गीय प्राणीहरु हुन्। परमेश्वरले आफैलाई स्वर्गका सेनाहरुका परमप्रभु मान्नुहुन्छ। उहाँले भनिरहनुभएको छ कि उहाँको मण्डली निर्माण गर्ने कार्य स्वर्गका सेनाहरुसहित उहाँको आत्माद्वारा मात्र हुनसक्छ,जुन सेनालाई पवित्र आत्माको साथमा पृथ्वीको क्षेत्रमा पठाइन्छ।

**विरोधको पर्वत**

पद ७ मा त्यही दर्शन जारी छ। यसले विरोध गर्ने पर्वत,प्रधानताहरु र शक्तिहरुको बारेमा बताउँछ, यसले घोषणा गर्छ कि मण्डली निर्माण गर्नुहुने व्यक्तिको अगि यो पर्वत होच्याइने छ,यो मैदान हुनेछ (हेर्नुहोस् **लूका ३:५,** बप्तिस्मा दिने यूहन्नाको नियुक्ति)। कुनेढुङ्गोले मन्दिर निर्माण पूरा भएको बुझाउँछ र यो अनुग्रहको ध्वनिसहित प्रकट हुनेछ। मण्डली अनुग्रहबाट विश्वासद्वारा निर्माण गरिनेछ, नत्र त मानिसले घमण्ड गर्नेछ,**एफिसी २:८,९।** मण्डली अनुग्रहको कामद्वारा पूरा हुनेछ,कुनै पनि विरोधलाई निहुराइनेछ।

**प्रेरितहरुले जग बसाल्छन् र काम पूरा भएको हेर्छन्**

**पद ८,९** जसले मन्दिरको जग बसालेका छन् उनैले त्यसलाई पूरा गर्नेछन्। जग बसाल्ने येशू नै हुनहुन्छ। उहाँ परमेश्वरका प्रेरित हुनुहुन्छ, उहाँले मण्डली निर्माण गरिरहनुभएको छ, र उहाँले मण्डलीको सुरु र अन्त जान्नुहुन्छ। उहाँ मण्डलीको शिर हुनुहुन्छ जसले निर्माण कार्यको देखरेख गरिरहनुभएको छ यसैले यो काम पूरा गरिनेछ। उहाँले **एफिसी ४:११** को पाँचवटा सेवकाइलाई पुनर्स्थापित गर्दै र विशेषगरी प्रेरितहरुलाई पुनर्स्थापित गर्दै यो काम गरिरहनुभएको छ, जसको सेवकाइ मण्डली निर्माणकर्ता हुनु हो।

**साहुल**

**पद १०**. हामीले सानोतिनो सुरुआत भएको दिनलाई हेला गर्नु हुँदैन। परमप्रभुका सातवटा आँखाहरुले पवित्र आत्माको प्रतिनिधित्व गर्छ। यरुबाबेल निपुण निर्माता हुन् अनि उनीसँग साहुल छ र उनले भवनलाई नापिरहेछन्; उनी प्रेरितको नमूना हुन्। प्रेरितको साहुल परमेश्वरको वचन हो। सबै कुरा वचन अनुसार हुनुपर्छ। पवित्र आत्माले सम्पूर्ण मण्डलीलाई परमेश्वरको नापसम्म पुग्न सहायता गर्नुहुनेछ,किनकि हाम्रो निम्ति लक्ष्य **परिपक्व मानिस बनी ख्रीष्टका पूर्णताको नापसम्म पुग्नु हो, एफिसी ४:१३**

**समझ माग्नु**

**पद ११.१२**, जकरियाले अझै पनि जैतुनका रुखहरु र सामदानको दर्शनलाई बुझ्दैन, यसैकारण तिनले स्वर्गदूतलाई सोद्धछ। **एफिसी १:१७,१८** मा पावलले हाम्रो निम्ति प्रार्थना गर्छन्, ताकि परमेश्वरले हामीलाई **"बुद्धि र प्रकाशको आत्मा दिऊन् र हाम्रो हृदयका आँखा उज्यालो होस्।"**

**दुइ जना अभिषिक्त जन**

**पद १४**, स्वर्गदूतले भन्छन,**"यी दुइचाहिँ सारा पृथ्वीका परमप्रभुको सेवा गर्न अभिषेक भएकाहरु हुन्।"** स्वर्गदूतले दुइटा जैतुनका रुखहरुलाई दुइ जना अभिषिक्त जन भनिरहेका छन्। **सारा पृथ्वीका परमप्रभुको सेवा गर्ने दुइ साक्षी को हुन् ?**

**येशू**

येशू पिताको साक्षी दिनु संसारमा आउनुभयो, र उहाँले भन्नुभयो"**तिमीहरुले यदि मलाई देखेका छौ भने पितालाई देखेका छौ।**" उहाँ हाम्रो अगि पितालाई प्रकट गर्न आउनुभयो, र अहिले उहाँ पिताको दाहिने हातपट्टि बस्नुभएको छ।

**पवित्र आत्मा**

जब येशूले संसार छोडेर जानुभयो त्यसबेला उहाँले पवित्र आत्मालाई पठाउनु हुने प्रतिज्ञा गर्दै भन्नुभयो, "**उहाँले मेरो साक्षी दिनुहुनेछ।**" अहिले पवित्र आत्मा संसारमा हुनुहुन्छ र एक साँचो परमेश्वर हुनुहुन्छ जो हाम्रा प्रभु येशू ख्रीष्टका पिता हुनुहुन्छ भन्ने साक्षी हरेक व्यक्तिको हृदयमा दिइरहनु भएको छ। जैतुनका रुखहरुले सारा पृथ्वीका परमप्रभुको सेवागर्ने दुइ साक्षीहरुको प्रतिनिधित्व गर्छन्।
**धर्मशास्त्र बाइबललाई हेर्दा यस्तो लाग्छ, पिताको साक्षी दिने दुइ व्यक्ति येशू र पवित्र आत्मा हुनुहुन्छ।**

**तेल बगिरहेछ**

जैतुनका रुखहरुबाट तेल बगेर सुनका भाँडा भरिरहेछ र त्यसबाट नलीहरु सुनको प्रत्येक सामदानमा पुगेको छ। तेलले अभिषेकलाई बुझाउँछ अनि त्यहाँ प्रत्येक सामदानमा अभिषेक असीमित रुपले बग्दैछ। **प्रकाश १:१२** मा यूहन्नाले सुनका सात सामदानको बीचमा येशूको दर्शन पाउँछन् र **पद** २० मा येशूले त्यसको अर्थ खोल्दै ती सामदानहरु सातवटा मण्डलीहरु हुन् भन्नुहुन्छ।
**सामदानले मण्डलीको प्रतिनिधित्व गर्छ। दुइजना अभिषिक्त जनले मण्डलीलाई अभिषेक गर्छन्।**

येशू र पवित्र आत्माले सधैं हामीलाई पिता देखाउँछन्, हामी क्रूसदेखि महिमासम्मको यात्रामा छौं; **निस्तार चाडदेखि पवित्रस्थान(पाल) सम्म।**
**वचन र आत्माले हामीलाई पितातर्फ डोर्‍याउँछन्, जो सारा पृथ्वीका परमप्रभु हुनुहुन्छ।**

**सेनाहरुका परमप्रभु**

यो दर्शनको बीचमा परमप्रभुले जकरियालाई भन्नुहुन्छ "**नता बलले, न शक्तिले, तर मेरो आत्माले सेनाहरुका परमप्रभु भन्नहुन्छ।**"

**काम गर्नको निम्ति परमप्रभु र उहाँका सेनाहरु चाहिन्छ। यो युगको अन्तमा हाम्रो निम्ति सेनाहरुका परमप्रभुको आत्मा फेरि आउनु आवश्यक छ। हामीलाई खाँचो छ कि स्वर्गका सेना पठाइयोस् छाडिऊन! प्रेरितीय आवरण (आड) नवीकरण र पुनर्स्थापित होस्; एलियाको आत्मा र शक्ति फुकाइयोस्!**

**मण्डलीको पुनर्निर्माण**

**६. पद** को सन्दर्भ **युगको अन्तमा मण्डलीको पुनर्निर्माण** हो। परमेश्वरको प्रेरितले परमेश्वरको भवनको निर्माणको देखरेख गर्छ। युगको सुरुमा येशूले बाह्र जनालाई मण्डलीको जग निर्माताहरु हुनको निम्ति

चुनुभयो। तिनीहरुले नयाँ चेलाहरुलाई त्यो कुरा सिकाए जुन येशूले तिनीहरुलाई सिकाउनुभएको थियो। त्यसपछि प्रभुले मण्डली निर्माणको निम्ति पावल र प्रेरितहरुको अर्को पुस्तालाई नियुक्त गर्नुभयो। **परमेश्वरले आखिरी दिनको उहाँको मण्डली निर्माण गर्नको निम्ति यी दिनहरुमा प्रेरितहरु खडा गरिरहनुभएको छ,** जसरी यरुबाबेललाई तिनको समयको मन्दिर निर्माण गर्नको निम्ति परमेश्वरद्वारा नियुक्त गरिएको थियो।

**एफिसी ४:८,"उहाँ उच्चमा चढि जानु हुँदा कैदलाई बन्दी बनाएर लानुभयो, मानिसहरुलाई वरदानहरु दिनुभयो।"** यी वरदानहरु **पद ११** मा लेखिएका छन् र **"अनि उहाँका वरदानहरुचाहिँ यी नै थिए, कि कोही प्रेरितहरु, कोही अगमवक्ताहरु, कोही प्रचारकहरु, कोही मण्डलीका पास्टरहरु र कोही शिक्षकहरु बनून्।"** यी वरदानहरुको उद्धेश्य **पद १२** मा दिइएको छ,**"कि ख्रीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरु सुसज्जित होऊन्।" १३ पद- जबसम्म हामी सबैले विश्वासको र परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं, र परिपक्व मानिस बनी ख्रीष्टका पूर्णताको नापसम्म पुग्दैनौं।"**

**सेनाहरुका परमप्रभुले उहाँको मण्डली निर्माणको देखरेख गर्नुहुन्छ।**
यरुबाबेललाई यो कुरा भन्नु हुने सेनाहरुका परमप्रभु हुनुहुन्छ। सेनाहरुका परमप्रभुको आत्माद्वारा उहाँको मण्डली निर्माण गरिनेछ। २ **कोरिन्थी ३:१७,"अब प्रभु आत्मा हुनुहुन्छ,... त्यहाँ स्वतन्त्रता हुन्छ।" जहाँ प्रभुको आत्मा हुन्छ त्यहाँ स्वर्गका सेनाहरु पनि हुन्छन् !**

**आएर हेर !**
**यूहन्ना १:४५-४७** मा हामी फिलिपले नथानेललाई येशूकहाँ ल्याएका कुरा पढछौं। फिलिपले नथानेललाई आएर केही कुरा हेर्न निम्तो दिए (**पद ४६**)। येशूले **पद ४७** मा भन्नुहुन्छ,**" एक जना पक्का इस्राएलीलाई हेर, जसमा कुनै छल छैन।"**

येशूमा ज्ञान (बुद्धि) को वचन छ र **४६ पद**मा नथानेलले येशूको हुनुहुन्छ भन्ने प्रकाशसहित जवाफ दिन्छन्, **"तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ, तपाईं इस्राएलका राजा हुनुहुन्छ।"** नथानेलले केही कुरा देखे। हामीले प्रकाश पाऔं भनी प्रभुले हाम्रा आँखाहरु खोल्न चाहनुहुन्छ। येशूले ५१ पदमा नथानेललाई भन्नुहुन्छ, **"तिमीहरुले स्वर्ग उघ्रिएको र परमेश्वरका दूतहरुलाई मानिसको पुत्रमाथि उक्लँदै र ओर्लँदै गरेका देख्नेछौं।"**
येशूले नथानेललाई तिनले अझै अरु कुराहरु देख्नेछन् भनिरहनुभएको छ, किनकि तिनी आत्मिक कुराहरुप्रति सचेत थिए, किनकि तिनले परमेश्वरका पुत्रमा विश्वास गरेका थिए।

मानिसको पुत्रका वरिपरि स्वर्गदूतहरु छन्। परमेश्वरका पुत्र येशू देहधारण गरी स्वर्गदूतहरुको साथमा हिँडनुभयो, उहाँको सेवकाइलाई सेनाहरुका परमप्रभुको आत्माले सामर्थी पारिएको थियो। येशूले नथानेललाई भन्नुभयो, "तिमी विश्वास गर्छौ त्यसकारण **तिमीले यी भन्दा महान् कुराहरु देख्नेछौ।**" जब येशूको बप्तिस्मा भयो त्यसबेला स्वर्ग उघ्रियो र परमेश्वरको क्षेत्रमा हिँडनुभयो, **"परमप्रभुका आत्मा ममाथि**

**छ, किनकि उहाँले मलाई अभिषेक गर्नुभएको छ",लूका ४:१८ क**।
येशूले आत्मा असिमित रुपमा प्राप्त गर्नुभयो,**यूहन्ना ३:३४।**

येशूले यहाँ हामीलाई परमेश्वरसितको उहाँको अलौकिक हिँडाइको ज्ञान (जानकारी) दिनुहुन्छ। उहाँले प्रायः यसो भनिरहनुभएको छ कि उहाँ **जकरिया** ४:६ को परिपूर्ति हुनुहुन्छ। येशूले भन्नुभयो,**"म मेरो मण्डली स्थापित गर्नेछु** (**मत्ती१६:१८**),"किनकि परमप्रभुको आत्मा ममाथि छ।"

**स्वर्गका "सेनाहरु" ले येशूको देखरेख (सेवाटहल) गर्छन् (जो सेनाहरुका परमप्रभु हुन्)**
एउटा स्वर्गदूतले येशूको जन्मको घोषणा गर्‍यो (**लूका १:२६**)

स्वर्गदूतहरुको झुन्डले गोठालाहरुलाई उहाँको जन्मको घोषणा गर्‍यो(**लूका २:६-१३**)

येशूले उजाडस्थानमा शैतानलाई जित्नुभएपछि स्वर्गदूतहरु आएर उहाँलाई बल दिए (**मत्ती ४:११;मर्कूस १:१३**) ।
येशूले गेतसमनीको बगैंचामा प्रार्थना गरिरहनुहुँदा स्वर्गदूतहरु आएर उहाँलाई बल दिए (**लूका २२:४३**)
एउटा स्वर्गदूतले मरियमलाई येशू चिहानबाट बौरी उठनुभएको घोषणा गरे ( **मत्ती २८:२-७**)
येशूको लाश राखिएको चिहानमा स्वर्गदूतहरु देखिए (**यूहन्ना २०:१२**)

जब येशू स्वर्गतिर उक्लेर जानुभयो,तब उँभोतिर हेरिरहेका मानिसहरुसँग स्वर्गदूतहरु बोले (**प्रेरित १:१०**)

यी लिखित उदाहरणहरु मात्र हुन्। येशूले स्वर्गदूतहरु बारम्बार आउने जाने गर्छन् भनी आशा गर्नुभयो,**"चढने र झर्ने"**। **स्वर्गका सेना येशूको साथमा थिए जो आत्माद्वारा अभिषेक गरिएको हुनुहुन्थ्यो** (**लूका ४:१८,मत्ती ३:१६; प्रेरित १०:३८**)। यो उहाँको शक्ति, उहाँको अधिकार र उहाँको अभिषेकको स्रोत थियो।
यो परमेश्वरको प्रबन्ध थियो, **"मेरो आत्माले"** सेनाहरुका परमप्रभु भन्नुहुन्छ।
आखिरी दिनको मण्डलीले स्वर्गदूतहरुबाट सहायता पाउनेछ, **हिब्रू १:१४**। परमप्रभुको भवन निर्माण गरिनेछ,**"मेरो आत्माले,सेनाहरुका परमप्रभु भन्नुहुन्छ।"** हामीले परमेश्वरको वचनबाट येशू हिँडनुभएको विस्मयकारी स्वभाव र उहाँले आफनो मण्डलीको निम्ति गर्नुभएको प्रबन्ध बारे ज्ञान निर्माण गरिरहेका छौं। उहाँको प्रेरितीय, पूर्ण समर्पित, बेचिएको, क्रूस उठाउने, आफैलाई इन्कार गर्ने, विजेता मण्डली।

## अध्याय-४
## सेनाहरुका परमप्रभु - भाग-२
## आवरण- एलिया- एलीशाको सम्बन्ध

**एलिया र एलीशा हिंडेका आवरणको स्वरुप (प्रकृति) के हो ?**
**एलियाको त्यो आत्मा र शक्ति के हो जुन आखिरी दिनको विजेता दलमाथि आइरहेछ ?**
**हामी परमेश्वरको अभिषेकको "दोबर भाग" कसरी प्राप्त गर्न सक्छौं ?**

### पुरानो करारमा एक अध्ययन।

**एलियाको परमप्रभुको अगि प्रतिष्ठा थियो।**

**१ राजा १७** अध्यायमा हामी तिश्वी एलियाको विषयमा पढछौं। एलिया को थिए ? बाइबल धर्मशास्त्रले हामीलाई एलियाको विगत जीवनको बारेमा बताउँदैन। हामी यति मात्र जान्दछौं कि तिनी एक जना यस्तो मानिस थिए जसको परमेश्वरमा अचम्मको अख्तियार थियो। तिनले यसो भन्न सके,"**परमप्रभु इस्राएलका परमेश्वर जसको सेवा म गर्दछु, उहाँको जीवित नाउँमा शपथ खाएर म भन्दछु, कि मेरो वचनविना आगामी केही वर्षहरुभरि नता शीत पर्नेछ न केही पानी पर्नेछ**" (**पद १**)। तिनी एक जना यस्तो व्यक्ति थिए जसको परमेश्वरसित घनिष्ठ सम्बन्ध थियो, ख्रीष्टमा तिनी व्यक्तिगत रुपमा खडा थिए (**रोमी ५:२**)। एलियाले जे हुन्छ भनी भने त्यो भयो। तिनी यस्तो ख्याति भएका व्यक्ति थिए जसलाई परमप्रभुको आत्माले एक ठाउँदेखि अर्को ठाउँमा लैजानु हुन्थ्यो (**१ राजा १८:१२**)।

**एलिया, जसको स्वर्गदूतहरुले सेवा गरे।**

एलियाले कर्मेल पर्वतमा विजय प्राप्त गरेपछि तिनी ईजेबेलदेखि भागे। स्वर्गदूतहरुले तिनको सेवा गरे, जसले तिनको निम्ति भोजन जुटाए, त्यसपछि तिनी **त्यो भोजनको बलमा** अगि बढे, चालीस दिन र चालीस रात पछि होरेब पर्वतमा पुगे (**१९ अध्याय**)। यो त्यही पर्वत थियो जहाँ परमप्रभु मोशाको अगि देखा पर्नुभएको थियो र दश आज्ञा दिनुभएको थियो। यहीँ नै परमेश्वर एलियाकहाँ देखा पर्नुभयो र तिनलाई तीनवटा कुराहरु गर्नु भन्नुभयो (**पद १५,१६**)। तिनले दुइ जना राजालाई अभिषेक गर्नुपर्थ्यो र अर्को एक अगमवक्तालाई तिनको आफनै सट्टामा अभिषेक गर्नुपर्थ्यो।

**हाम्रो उत्तराधिकार स्वर्गमा निश्चित गरिएको छ।**

एलीशाको उत्तराधिकार स्वर्गमा स्थापित गरिएको थियो, तर पनि त्यो पृथ्वीमा एलीशाद्वारा बुझिनुपर्थ्यो। हाम्रो उत्तराधिकार स्वर्गमा स्थापित गरिएको छ, र आत्माको छापद्वारा हामीमा पक्का गरिएको छ, तापनि यसलाई बुझ्नुपर्छ (**फिलिप्पी ३:१२-१४**)।

एलियाले परमेश्वरको आज्ञा माने, तिनी एलीशाको छेऊबाट भएर जाँदा उनले आफनो खास्टो तिनीमाथि ओढाइदिए (**१ राजा १९:१९**)। एलीशाले एलियाको पछि लाग्ने निर्णय गरे(**पद २१**), र उनको चाकर बने। एलीशाले आफनो आत्मामा केही कुरा बुझे; तिनलाई **अझ ठूलो अभिषेकले छोएको थियो।**

**एलीशाको एउटा आवरण थियो**।

**२ राजा २:१-१८** मा हामी एलिया स्वर्गतिर लगिएका कुरा पढछौं। एलिया गिलगालदेखि बेथेलमा जाँदा र यरीहोसम्म जाँदा एलीशा तिनको साथमा थिए। प्रत्येक ठाउँमा यस्ता अगमवक्ताहरु थिए जसले एलिया तिनीहरुका माझबाट लगिएका कुरा गर्थे, र हरेक ठाउँमा एलियाले एलीशालाई बस्ने उत्साह दिए तर एलीशाले इन्कार गरे। एलीशाले अगमवक्ताहरुका कुरा सुनेनन् वा तिनीहरुको कारण आफनो उद्धेश्यबाट हटेनन्। परमप्रभुले एलीशालाई एलियाको बारेमा केही कुरा देखाउनुभएको थियो, र यसैले तिनी हटनेवाला थिएनन्। तिनी डटेर रहे, अरुको कारणले हटेनन्, वा उपहारहरुद्वारा परीक्षामा परेनन, परमेश्वरले तिनको निम्ति राखिदिनुभएको पूर्ण उत्तराधिकार प्राप्त गर्न दृढ संकल्पित थिए। अगमवक्ताहरुले एलीशा माथि कुनै **आवरण** छ भन्ने थाहा पाए, जुन तिनका आत्मिक पिता एलियाबाट आएको थियो, किनकि तिनीहरुले भने,"**परमप्रभुले आज तपाईंका मालिकलाई तपाईंबाट लैजानुहुनेछ भनी के तपाईंलाई थाहा छ ?**"(३,५ **पद**)

**एलीशाले एलियालाई नदीको बाटोमा पछ्याए।**

आखिरीमा तिनीहरुले यर्दन नदी तरे, **पद ८**। एलीशा एलियाको साथमा नदीको बाटो भएर गए (याद गर्नुहोस् गिदोनको ३०० मानिस-जाँचमा सफल भई नदीबाट भएर गए)। तिनी जाँचमा सफल भए, यसैकारण एलियाले एलीशालाई भने," **तिमीबाट उठाएर लान अघि म तिम्रो निम्ति के गरुँ ?" एलीशाले भने,"तपाईंको आत्माको दोबर भाग पाउने हक मलाई दिनुहोस्।"**

एलियाले जवाफ दिए,"**तिमीले मलाई तिमीबाट उठाइ लगेको देख्यौ भने त्यो तिम्रो हुनेछ - होइन भने पाउने छैनौ, पद ९,१०**। आफूले मागेको कुरा पाउनाको निम्ति एलीशाले केही कु रा देख्नु पर्थ्यो।

**तिनले देख्नुपर्थ्यो।**

**पद ११,"जब तिनीहरु बात मार्दै अगि हिंडिरहेका थिए, तब एक्कासि एउटा अग्निमय रथ र घोडाहरु देखा परे, र दुइलाई एक-अर्काबाट अलग गरे, र एलिया भुमरीमा माथि स्वर्गतिर लगिए।"**

**पद १२,एलीशाले यो देखे र कराएर भने," हे मेरा पिता ! हे मेरा पिता ! इस्त्राएलका रथहरु र घोडाचढीहरु !" अनि एलीशाले एलियालाई फेरि देखेनन्।** एलीशाले एलियाको शक्ति र अख्तियारको रहस्य देखे ! तिनले एलियाको खास्टो उठाए र फर्के। यर्दनमा पुगेपछि तिनले यसो भन्दै त्यो खास्टो पानीलाई हिर्काउनको निम्ति प्रयोग गरे,**"परमप्रभु एलियाका परमेश्वर अब कहाँ हुनुहुन्छ त ?"** त्यो नदी दुइ भाग भयो, जसरी त्यो एलियाको निम्ति भएको थियो। त्यो हेरिरहेका अगमवक्ताहरुले यसो भने, **"एलियाको आत्मा एलीशामाथि परेछ ?" पद १५.** तिनले एलियामा जुन आत्मा थियो त्यसको दोबर भाग पाए।

**तिनले "देखे"**

एलीशाले एलियाको खास्टो पाउनुको रहस्य यो थियो कि तिनले **स्वर्गका सेनाहरु देखे** (तिनले स्वर्गभित्र देखे), तिनले एलियाको शक्ति र अधिकारको रहस्य देखे। एलिया एक जना यस्तो व्यक्ति थिए जो सेनाहरुका परमप्रभुको आत्माद्वारा आत्मिक क्षेत्रमा हिँड्थे। एलीशाले पहिलो भेटदेखि नै एलियालाई पछ्याए। निःसन्देह तिनले त्यस महान् व्यक्तिको प्रतिष्ठाको बारेमा सुनेका थिए, तर तनले उनी तिनीकहाँ खेतमा आउनेछन् भन्ने सायद  सोचेका थिएनन्। सारा संसारभरि मानिसहरुले येशूलाई भेटे, तिनीहरु मण्डलीबाट निराश भएका छन्, केही समयको निम्ति पछि पनि सरेका छन् तर अहिले परमप्रभुको आत्माले सारा संसारमा मानिसहरुका हृदयलाई उत्तेजित पारिरहनुभएको छ।

**यो मण्डलीमा एलियाको आत्मा र शक्ति पुनर्स्थापित गर्ने समय हो।**

**यसरी नै आखिरी समयको मण्डली निर्माण हुन गइरहेछ, सेनाहरुका परमप्रभुको आत्मा परमेश्वरका स्त्रीहरु र पुरुषहरु माथि आउनेछ, जो आखिरी समयमा प्रेरितको काम गर्ने मानिसहरु हुनेछन्। तिनीहरु मण्डली निर्माताहरु हुनेछन् जसले मण्डली स्थापना गरी त्यसलाई हुर्काउने र परिपक्व बनाउने छन्। परमेश्वर परिपक्व मण्डलीको निम्ति फर्केर आइरहनुभएको छ। यो न ता बलले, न शक्तिले तर सेनाहरुका परमप्रभुका आत्माद्वारा हुनेछ।**

**परमेश्वरका जनको चाकरले "देखे"**

**२ राजा ६:८-२३** मा हामी सिरियाको सेनाले इस्त्राएलको विरुद्ध लडाइँ गरिरहेको देख्छौ। सेनाको प्रयास सधैं विफल भयो, किनकि शत्रुले कहाँ आक्रमण गर्नेछ भन्ने कुरा इस्त्राएलीहरुले जाने। सिरियाका राजाले सेनामा कोही विश्वासघाती छ भन्ने सोचे, तर तिनको एक जना नोकरले सत्य कुरा जान्दथ्यो,**" इस्त्राएलका अगमवक्ता एलीशाले इस्त्राएलका राजालाई तपाईंले आफ्नो सुत्ने कोठामा बोल्नुभएको सबैकुरा बताइदिन्छन्,"१२ पद**। सिरियाका राजाले एलीशालाई पक्रन आफ्नो सेना पठाए, र तिनीहरुले एलीशा बसेको शहरलाई घेरे।

**पद १५. "जब परमेश्वरका जनको चाकर बिहानै उठेर बाहिर गयो, तब घोडाहरु र रथहरुको एउटा फौजले शहरलाई घेरिराखेका थियो। त्यस चाकरले आएर आफना मालिकलाई सोध्यो,"हे मेरा प्रभु, अब हामी के गरौं ?"**

**पद १६ र १७. ती अगमवक्ताले जवाफ दिए,"नडरा हामीसँग भएकाहरु उनीहरुसँग भएकाहरुभन्दा धेरै छन्।" तब एलीशाले यसो भनेर प्रार्थना गरे, हे परमप्रभु, यसको आँखा खोलि दिनुहोस्, र यसले देखोस्।" तब परमप्रभुले त्यस चाकरका आँखा खोलिदिनुभयो, त्यसले एलीशाका वरिपरिका डाँडाहरु**

**अग्निमय घोडाहरु र रथहरुले भरिएका देख्यो।"**
**घोडाहरु र रथहरु एलीशाका वरिपरि थिए!**
यस्तै आवरण एलियासित पनि थियो।
**जहाँ सेनाहरुका परमप्रभुको आत्मा हुन्छ ।**
**त्यहाँ इस्राएलका रथहरु र घोडचढीहरु हुन्छन्।**

**परमप्रभुका सेनाको सेनापति**

**यहोशू ५:१३-१५** मा परमप्रभुले आफैलाई यहोशूको अघि **"हातमा नाङ्गो तरवार लिएका मानिसको रुपमा"** प्रकट गर्नुभयो। जब यहोशूले त्यस मानिसलाई उनी तिनहरुको पक्षको कि विरोधीहरुका पक्षको हो भनी सोद्धा, उनले उनी **परमप्रभुका फौजको कप्तान हुन्** भनी भने।" सेनाहरुका परमप्रभु !

**नयाँ करारको पुष्टिकरण**

**हिब्रू** १२:२२,**"तर तिमीहरु त सियोन पर्वतमा आएका छौ, जीवित परमेश्वरको शहर, स्वर्गीय यरुशलेममा, र असंख्य स्वर्गदूतहरुको आनन्द-उत्सवमा आएका छौ।"**
२३ **पद, स्वर्गमा नाउँ दर्ता भएका पहिला जन्मेकाहरु** (हामीलाई संकेत गरिएको) **का सभामा न्यायकर्ता परमेश्वरका, सिद्ध पारिएका धार्मिक मानिसहरुका आत्माका बीचमा**,(तिनीहरुलाई संकेत गरिएको जो अगिबाटै स्वर्गमा छन्)"
**प्रेरित १२:१-११,** पत्रुसलाई एउटा स्वर्गदूतले झ्यालखानबाट छुटाए।

**प्रभु हाम्रा आँखाहरु खोलिदिनुहोस्**

**प्रेरित ९** मा जब शाऊल दमस्कस जाने बाटोमा थिए, त्यसबेला स्वर्गबाटको एउटा आवाज तिनीसँग बोल्यो। शाऊलले कराएर भने **"प्रभु, तपाईं को हुनुहुन्छ ?"** प्रभु तिनीसँग बोल्नुभयो र भन्नुभयो **"म येशू हुँ।"** येशूको प्रकटीकरणद्वारा शाऊल अन्धा बनाइए।

हामीले पनि प्रभुसँग हाम्रा **आँखाहरु खोलिदिनुहोस्** भनी बिन्ती गर्नुपर्छ, ताकि हामी पनि एलीशाले देखेका कुरा देख्न सकौं। हामी एलियाको आत्मा र शक्तिद्वारा आत्मिक क्षेत्रमा हिँड्नु आवश्यक छ, हामीलाई **दोबर भाग**को खाँचो छ, हामीलाई एलियाको जस्तो शक्ति र अख्तियारको खाँचो छ। यो त्यो अभिषेक हो जसले हामीलाई परमेश्वरको भवन निर्माण गर्न सक्षम बनाउँछ।**"नता बलले न शक्तिले तर मेरो आत्माले सेनाहरुका परमप्रभु भन्नुहुन्छ।"** एलियाको अख्तियारको रहस्य यो थियो कि तिनी सेनाहरुका परमप्रभुको आत्मामा हिँडिरहेका थिए। मण्डली आत्माद्वारा आत्मामा निर्माण भइरहेको छ, **२ कोरिन्थी ३:२,३; २ कोरिन्थी ३:५,६; २ कोरिन्थी ३:१७,१८।**

**हाम्रा एलिया येशू हुनुहुन्छ**

उहाँ पवित्र आत्मा र शक्तिद्वारा अभिषेक हुनुभएको थियो (**प्रेरित १०:३८**) येशूको अख्तियार र शक्तिको रहस्य के थियो ? **लूका ४:१८,"परमप्रभुको आत्मा ममाथि छ।"** जब येशूको बप्तिस्मा भयो त्यसबेला स्वर्ग

उघ्रियो र परमेश्वरको आत्मा ढुकुरको रुपमा उहाँमाथि ओर्लनुभयो।
**येशू सधैं स्वर्गका सेनाहरुद्वारा घेरिनुभएको थियो।**
जब उहाँ बगैंचामा पक्रा पर्नुभयो, त्यसबेला उहाँका एक जना चेलाले तरवार थुतेर उहाँलाई बचाउन खोज्यो, तर येशूले तिनलाई हप्काउँदै भन्नुभयो,“ **तिमी के ठान्दछौ, के म आफना पितालाई बिन्ती गर्न सक्दिनँ, र उहाँले तुरुन्तै स्वर्गदूतहरुका बाह्र पल्टनभन्दा बढी मेरो निम्ति पठाइदिनु हुन्न र ?”** (मत्ती २६:५३) **येशू त्यो शक्ति र अधिकारमा हिंडनुभयो जुन उहाँलाई स्वर्गमा हुनुहुने उहाँका पिताले दिनुभएको थियो।**

**साँचो आत्मिक अधिकार एक पिताबाट पुत्रमा आउँछ ।**
परमेश्वर पिता हुनुहुन्छ र परमेश्वर पुत्र हुनुहुन्छ। येशू जहाँ जहाँ जानुभयो उहाँले यसो भन्नुभयो,“ **म ती कार्यहरु मात्र गर्छु जुन मेरा पिताले गर्नुभएको म देख्छु र म ती कुराहरु मात्र बोल्छु जुन म मेरा पिताले बोल्नुभएको सुन्छु।**” एलीशाले उत्ताराधिकारको रुपमा दोबर भाग पाए र परमेश्वर हामीले पनि दोबर भाग पाएका चाहनुहुन्छ। येशूले हामीलाई उहाँका छोराछोरीहरु भन्नुहुन्छ, **हिब्रू २:१३,“ हेर, म र परमेश्वरले मलाई दिनुभएका यी छोराछोरीहरु।**” हामी पहिले जन्मेकाहरुका मण्डलीका हौं र हामीसँग सन्तानको जस्तो उत्ताराधिकार छ। हामी त्यो अभिषेक माग्न सक्छौं जुन हाम्रा मालिक येशूसँग थियो। हामीले एलीशाले जस्तो दोबर भाग माग्न सक्छौं। येशूले भन्नुभयो,“**जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ, र तीभन्दा ठूला काम गर्नेछ, किनभने म पिताकहाँ गइरहेछु”(यूहन्ना १४:१२)**। येशू हामीले उत्तराधिकारको दोबर भाग पाऔं भन्ने चाहनुहुन्छ।

येशूले प्रेरितहरुलाई मण्डलीमा **पिताहरु** हुनको निम्ति नियुक्त गर्नुभएको छ। उहाँ भन्नुहुन्छ, यदि हामीले उहाँले पठाउनु भएकाहरुलाई ग्रहण गर्‍यौं भने हामी उहाँलाई ग्रहण गर्छौं, र यदि हामीले प्रेरितहरुलाई दिइएको अनुग्रह अनुसार उहाँलाई ग्रहण गर्‍यौं भने हामी पितालाई ग्रहण गर्नेछौं, **मत्ती १०:४०।**
**येशूले भन्नुभयो कि उहाँ पिताकहाँ गइरहनुभएकोले गर्दा हामी अझ महान् कार्यहरु गर्नेछौं।**
**अहिले पिता र येशू दुवै स्वर्गमा छन्** र उहाँहरुले आफना आत्मा मण्डलीमाथि खन्याउन लाग्नुभएको छ।
**यदि हामीले उहाँले पठाउनु हुने प्रेरितीय पिताहरुलाई ग्रहण गर्‍यौं भने हामी पिता र पुत्रको अभिषेक प्राप्त गर्नेछौं। त्यसैकारण हामी अझ महान् कार्यहरु गर्नेछौं, किनकि हामीसँग दोबर भाग छ; पिता र येशू दुवैले उहाँहरुका अभिषेक हामीमाथि खन्याइरहनु भएको छ।**

**येशू हाम्रा एलिया हुनुहुन्छ**
एलिया येशूको नमूना हुनुहुन्छ र एलीशा हामी प्रत्येक (मण्डली)को नमूना हुनहुन्छ। एलीशा तिनका मालिक एलियासँग जे थियो त्यसैको पछि लागे। एलीशा तिनका मालिकको पछि लागे, तिनले आफना मालिकका हातहरु धोइदिए, मालिकको सेवा गरे। हामी पनि आफना मालिकको पछि लाग्नुपर्छ, उहाँको सेवा गर्नुपर्छ र उहाँले हामीलाई आज्ञा गर्नुभएका कुराहरु गर्नुपर्छ।
**प्रेरितहरुले “देखे”**
प्रेरितहरुले येशूले जे गर्नुभयो त्यो देखे, तिनीहरुले उहाँको आत्मा पाए र तिनीहरुले अझ महान् कामहरु गरे। **प्रेरित ५:१५,“ यहाँसम्म कि मानिसहरुले सड्क सड्कमा बिरामीहरुलाई ल्याए, र पत्रुस आउँदा तिनको**

**छाया मात्र भए पनि तिनीहरुमध्ये कोही-कोही माथि परोस् भनी ओछ्यान र खाटहरुमा तिनीहरुलाई लेटाइराख्थे।"** जब पवित्र आत्मा आउनुभयो चेलाहरुले उत्तराधिकार पाए। पिता र पुत्रद्वारा पठाइएको आत्माको प्रतिज्ञा (**प्रेरित १:४**)। चेलाहरु "पुत्रको स्थानमा" प्रवेश गरे।

**एलीशाको मृत्यु**

**२ राजा १३:१४-२१** मा एलीशाको मृत्युभएको कुरा लेखिएको छ। इस्राएलका राजा येहोआश एलीशाकहाँ आए र रुँदै यसो भने, "**हे मेरा पिता ! हे मेरा पिता ! इस्राएलका रथहरु र घोडचढीहरु !**" यो राजाले केही देखेका थिए, तिनले एलीशाको शक्ति र अख्तियारको स्रोत के हो भनी जानेका थिए। तिनी अगमवक्ताका **आत्मिक छोरो** थिए र तिनले यो अभिषेक उत्तराधिकारको रुपमा प्राप्त गर्न सक्थे। एलीशाले आफनो यो अभिषेक दिन सक्ने अरु कोही पनि थिएन, किनकि तिनको चाकर गेहजीले आफनो लोभको कारण अभिषेकको बद्ली कुष्ठरोग प्राप्त गरेको थियो(**२राजा ५:२०-२७**)। धेरै जना मानिसहरुले आज प्रभुले तिनीहरुलाई प्राप्त गर्न बोलाउनुभएको कुराभन्दा कम कुरा प्राप्त गर्छन्। थोरैजना मात्र ती कुराहरुलाई **पक्रन अघि बढछन् जुन कुराको निम्ति ख्रीष्टले तिनीहरुलाई पक्रनुभएको छ** "(**फिलिप्पी ३:१२**)।

**विश्वासको आज्ञाकारिता**

एलीशाले राजालाई एउटा अगमवाणीय कार्य गर्न लगाए (**पद १५-१७**),त्यसपछि तिनले राजालाई भुइँमा काँड हान्न लगाए(**पद १८**)। एलीशाले राजाको जाँच गरिरहेका थिए, अनि राजा जाँचमा असफल भए। अगमवक्ता राजासँग रिसाए, किनकि तिनी निरन्तर काँड हानिरहन तयार थिएनन् (**पद १६**)। राजा एलीशा जस्तो थिएन, एलियामा जुन कुरा थियो भनी एलीशाले जानेका थिए त्यसको पछि लाग्न कुनै व्यक्ति वा थोकले तिनलाई रोकेन। यो राजाले सजिलै हरेस खाए र तिनले पाउन सक्ने पूरा उत्ताराधिकार पाउन सकेनन्। परमेश्वर उहाँको मण्डलीले पूर्ण उत्ताराधिकार पाओस् भन्ने चाहनुहुन्छ। तर परमेश्वरका धेरैजना मानिसहरुले पूर्ण विजयभन्दा कम कुरा प्राप्त गर्छन्। तिनीहरुले जीवनमा हार स्वीकार गर्छन, जो अन्तसम्म स्थिर बस्छ उसले उद्धार पाउँछ, **मत्ती१०:२२।**

**एलियाको जीवन र एलीशाको जीवनको बीचमा परिवर्तन भएको छ।**

एलियाको रहस्य तिनी नलगिन्जेल सम्म प्रकट गरिएन, तर एलीशाको रहस्यको धेरै खुल्ला रुपमा जानिएको थियो। एलियासँग आफनै भनिन सक्ने कुनै ठाउँ थिएन र तिनलाई कतै पनि स्वागत गरिएन। तिनी कता कता घुमि हिँडे र ओढारहरुमा लुकेर बसे। एलीशा आफनो घरमा बस्थे र परमप्रभुले जे भन्नुहुन्थ्यो त्यो कुरा सुन्थे। तिनले इस्राएलका राजालाई तिनीहरुका शत्रुहरुले के गर्न लागेका छन् भन्ने कुरा बताउन सक्थे, त्यसकारण तिनीहरु तयार भएर बस्न सक्थे। तिनलाई इस्राएल राज्यमा पूर्णरुपले स्वीकार गरिएको थियो, इस्राएलका अघिल्ला राजाहरुले एलियालाई खेदो गरेका र तिनलाई मार्ने कोशिश गरेका थिए। तर येशूले उहाँका मानिसहरुको निम्ति स्वर्ग राज्यमा धेरैवटा बस्ने ठाउँ बनाउने प्रतिज्ञा गर्नुभयो। **यूहन्ना १४:२-३**। उहाँले यसो गरिरहनुभएको छः **आत्मामा परमेश्वरको वासस्थान हुनलाई तिमीहरु पनि उहाँमा एक साथ निर्माण हुँदै जान्छौं। एफिसी २:२२**

**परमप्रभुले यी आखिरी दिनहरुमा खडा गरिरहनुभएको मण्डली यो सांसारिक स्थानमा येशूको सम्पूर्ण शक्ति र अधिकारमा अघि बढने छ।**

**अहिले यहाँ हामी ख्रीष्ट येशूमा स्वर्गीय स्थानहरुमा बसेका छौं। हामी उहाँका परिपूर्णता हौं जसले सबै**

**कुरालाई भन्नुहुन्छ। हामी हाम्रा शिरसँग जोडिएका छौं जो स्वर्गीय स्थानहरुमा हुनुहुन्छ।**

एलीशा जो एलिया पछिका पुस्ताको व्यक्ति थिए तिनले दोबर भाग पाए। मण्डलीले येशू ख्रीष्टबाट दोबर भाग उत्तराधिकारको रुपमा पाएको छ, यसैले अहिले त्यो ठूलो शक्ति र अख्तियारमा अगि बढनसक्छ, अनि पृथ्वीमा शासन र राज्य गर्नसक्छ। यदि एकजना वा धेरैजनालाई झयालखानमा हालियो, सताइयो र शहीद बनाइयो भने तिनीहरुका स्थानमा अरु धेरैजना खडा हुनेछन् किनकि येशूले अगिबाटै संसारलाई जितुभएको छ, नरकका ढोकाहरु विजयी हुने छैनन्, **मत्ती १६:१८**

एलीशामा भएको अभिषेक तिनीसँगै चिहानमा गयो, (**पद २१**)। सुरु सुरुका प्रेरितहरुसँग भएको अभिषेक तिनीहरुको साथमा स्वर्गमा गयो, तर एउटा अभिषेक बाँकी रहेको छ त्यो हो अनुग्रहको प्रकाश; येशूले यी दिनहरुमा खडा गरिरहनुभएका प्रेरितहरुलाई ग्रहण गरेर त्यो मण्डलीमा पुनर्स्थापित गरिनेछ।

येशूले नथानेललाई भन्नुभयो,**"तिमीहरुले स्वर्ग उघ्रिएको र परमेश्वरका दूतहरुलाई मानिसको पुत्रमाथि उक्लँदै र ओर्लँदै गरेका देख्नेछौं।"** हामी मानिसका पुत्रका शरीर हौं र स्वर्गहरु खुल्ला छन् अनि अझै पनि स्वर्गदूतहरु ख्रीष्टको शरीरमा उक्लँदै र ओर्लँदै छन्। हामी खडा हुनुपर्छ र आखिरी समयको मण्डलीको रुपमा अख्तियारको यो स्तरमा हिँडनुपर्छ।
**हाम्रा प्रभु येशूको त्यही अभिषेक(असीमित) हाम्रो निम्ति पनि उपलब्ध छ।**

जकरिया अगमवक्तालाई परमप्रभुका दूतले त्यो दर्शनको अर्थ यो हो भनी भने, **"यरुबाबेललाई परमप्रभुको वचन।"** यरुबाबेल परमेश्वरका जन थिए जसलाई परमेश्वरको भवन बनाउने जिम्मा दिइएको थियो।
प्रेरितहरुद्वारा संचालित येशू ख्रीष्टको मण्डलीलाई यी आखिरी समयमा परमेश्वरको भवन निर्माण गर्ने जिम्मा दिइएको छ, अनि प्रभुको वचन यो छ,**"नता बलले,न शक्तिले तर मेरो आत्माले, सेनाहरुका परमप्रभु भन्नुहुन्छ।"**
प्रेरितीय जग बसालेर र सम्पूर्ण मण्डलीले साँचो प्रेरितीय पिताहरुको अगुवापन ग्रहण गरेपछि मण्डली निर्माण गरिनेछ। प्रेरितहरुलाई नै प्रभुले त्यो भवन निर्माण गर्ने गुरु योजना दिनुहुनेछ। हामीसँग धेरैजना पास्टरहरु र शिक्षकहरु भैसकेका छन् तर अब परमेश्वरले प्रेरितहरु, पिताहरु फेरि खडा गरिरहनुभएको छ।

**आखिरी समयको कुनै पनि कामको विशेषता अत्याधिक शक्ति र अख्तियार हुनेछ, किनकि प्रेरितीय आवरण(पोशाक) मा हिँडने स्त्रीहरु र पुरुषहरु स्वर्गका सेनाद्वारा घेरिएका हुनेछन्, तिनीहरु सेनाहरुका परमप्रभुको अख्तियार मुनि हुनेछन् र यो सेनाहरुका परमप्रभुको आत्माद्वारा हुनेछ।**

**दुइजना साक्षी**

**प्रकाश ११:३-६** मा चर्चा गरिएका दुइजना साक्षीहरुले हामीलाई पृथ्वीमा आखिरी समयमा सम्झौता नगर्ने शक्तिशाली सेवकाइ गर्ने प्रेरणा दिँदछ। धर्मशास्त्रमा "दुइ" साक्षीको संख्या हो।

**पद ४.** जैतुनका दुइ रुखहरु ती दुइ अभिषिक्तजनहरु हुन जो **जकरिया** ४ मा सारा पृथ्वीका परमप्रभुको छेउमा खडा छन्। येशूले **प्रकाश १:२०** मा हामीलाई भन्नुहुन्छ कि सातवटा सामदान सातवटा मण्डलीहरु हुन्। यो पदमा जैतुनका दुइटा रुखहरु {दुइजना अभिषिक्त जन} र दुइटा सामदान (दुइटा मण्डली) छन्। सामदानले मण्डलीको प्रतिनिधित्व गर्दछ।

दुइजना साक्षीले अगमवाणी गर्छन् अर्थात् परमेश्वरको सत्यता बोल्छन्, **प्रकाश १९:१०, "किनकि येशूको गवाही अगमवाणीको आत्मा हो।"** तिनीहरुले तोकिएको समयसम्म अगमवाणी गर्नेछन्। यो समय अवधि येशूले संसारमा सेवकाइ गर्नुभएकै समय जति हुनेछ।

तिनीहरुले भाङग्रा लाएका थिए, **पद ३.** ।भाङग्राले पश्चाताप गरेको बुझाउँछ, किनकि मानिसहरुले पापको पश्चाताप गर्नको निम्ति परमेश्वरको मुहार खोज्छन्, र तिनीहरुको चारैतिर यस्तै भइरहेका हुन्छन्।

**पद ५.** तिनीहरुका मुखबाट निस्केको आगोले न्यायलाई दर्शाउँछ। परमेश्वरको वचन त्यो साहुल हो जसद्वारा मानिसहरुको न्याय गरिनेछ। त्यो आगोले सत्यताको घोषणा गर्नेहरुको वरिपरि भएको अधर्मिकतालाई जलाएर नाश पार्नेछ।

**पद ६.** यी साक्षीहरुसँग स्वर्ग बन्द गर्ने शक्ति छ। एलियासँग यो शक्ति थियो, अनि येशूले आखिरी समयको मण्डलीमा एलियाको शक्ति र आत्मा आउने प्रतिज्ञा गर्नुभएको छ।

तिनीहरुसँग पृथ्वीलाई विपत्तिहरुले प्रहार गर्ने शक्ति पनि छ; यही शक्ति मोशालाई दिइएको थियो। मोशा पनि यस्तो व्यक्ति थिए जसले **परमेश्वरको व्यवस्था** बोले। एलिया **शक्तिका कामहरु**को निम्ति चिनिन्थे, तर मोशा व्यवस्था दिने व्यक्तिको रुपमा चिनिन्छन्। यी दुइ साक्षीहरुले मोशाले झै अख्तियारसहित परमेश्वरको वचन बोलिरहेका थिए र एलियाले झैं शक्तिशाली चिन्ह र आशचर्यकर्महरु गर्दै शक्ति र अख्त्यिारमा हिँडिरहेका थिए अनि अधर्मीहरुका न्याय गरिरहेका थिए। यी दुइ साक्षीहरु आखिरी समयको मण्डलीको नमूना हुन्, जसले चिन्ह र चमत्कारहरु गर्दै साथै पृथ्वीमा परमेश्वरको न्यायको घोषणा गर्दै शक्ति र अख्तियारसहित परमेश्वरको वचनको सत्यता बोल्नेछन्। एलियाले भने, **"मेरो वचनविना आगामी केही वर्षहरुभरि नता शीत पर्नेछ न केही पानी पर्नेछ, १ राजा १७:१**। मोशालाई परमप्रभुले लौरो लिएर चट्टान (पहरा) मा हिर्काउनु र त्यसबाट पानी निस्कनेछ भन्नुभयो, **प्रस्थान १७:६,७**।

**पद ७.** तिनीहरुले आफनो साक्षी दिने काम नसिध्याइन्जेल तिनीहरु मारिएनन्। तिनीहरुको समयभन्दा अगि तिनीहरुलाई मार्न सकिँदैनथ्यो; येशूलाई उहाँको कार्य नसिद्धिन्जेल मार्न सकेनन्। यी साक्षीहरुले तिनीहरु मारिनुभन्दा अगि पृथ्वीमा आफनो काम पूरा गरे। दौड पूरा गर्नुहोस्, उत्तम लड्न्त लड्नुहोस्, अगाडि जे राखिएको छ त्यहाँ पुग्नुहोस्, **"ख्रीष्ट येशूमा परमेश्वरको स्वर्गीय बोलावटमा पाइने पुरस्कारको निम्ति निशानातिर म जोड्सँग अगि बढदछु," फिलिप्पी ३:१४।**

**पद १२. "अनि तिनीहरुले स्वर्गबाट यस्तो एउटा ठूलो आवाज सुने, यता माथि आओ। र तिनीहरुका शत्रुहरुले हेर्दाहेर्दै तिनीहरु बादलमा स्वर्गतिर गए।"**

**प्रभुलाई आकाशमा भेट्न तयार हुनुहोस् !**

## अध्याय-५
## प्रेरितीय सिद्धान्त (शिक्षा) के हो ?
## प्रेरितीय सिद्धान्त

**प्रेरित २:४२-"तिनीहरु प्रेरितहरुका शिक्षा,सङ्गति र संयुक्त भोज र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे।"**

**प्रेरितीय सिद्धान्त के हो ?**

**चारवटा सुसमाचारहरु**

नयाँ करारको पुस्तकमा प्रेरितीय सिद्धान्तको पहिलो उदाहरण चारवटा सुसमाचारका लेखकहरुको गवाही हो। मत्ती र यूहन्ना थुमाका प्रेरितहरु थिए र येशू सम्बन्धी तिनीहरु अनुभव सिधै बाँडेका छन्। मर्कूस र लूका प्रेरितहरु थिए भन्ने कुनै प्रमाण छैन, तिनीहरुले मण्डलीको सेवकाइमा प्रेरितहरुको नजिकमा रहेर धेरै लामो समयसम्म काम गरेका थिए र शिक्षा र गवाही हामीसम्म ल्याएका थिए।

**जुन वास्तविक सुसमाचारहरु लेखिए ती मुख्य प्रेरितीय सिद्धान्त हुन्। तिनमा प्रभु येशूको वास्तविक शिक्षा र उहाँका कामहरुको गवाही पर्छन्।**

**मर्कूसको सुसमाचार**

**मर्कूस १:१-"परमेश्वरका पुत्र येशू ख्रीष्टको सुसमाचारको प्रारम्भ।"** सुसमाचार राम्रो खबर हो जसमा उद्धारको प्रतिज्ञा र प्रभु येशू ख्रीष्टको जीवन,मृत्यु,पुनरुत्थान, र स्वर्गारोहणमा यसको परिपूर्ति भएको कुरा छ।

**यूहन्नाको सुसमाचार**

**यूहन्ना २०:३१,"तर यी लेखिएका छन् कि तिमीहरुले येशू परमेश्वरका पुत्र ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरुलाई जीवन प्राप्त होस्।"**यूहन्नाले मानिसहरुले विश्वास गरुन् र उद्धार पाऊन् भनी आफनो सुसमाचारको पुस्तक लेखे

**प्रेरितीय सिद्धान्त भनेको येशू ख्रीष्ट हुनुहुन्छ भनी शिक्षा दिनु र प्रचार गर्नु हो। प्रेरित ५:४२**

**लूकाको सुसमाचार**

**लूका १:१-४;"हाम्रा माझमा घटेर पूरा भएका घटनाहरुको विवरण संग्रह गर्ने काम धेरै जनाले आफनो हातमा लिएका छन्। तिनीहरु जो शुरुदेखि नै वचनका प्रत्यक्ष गवाही र सेवकहरु थिए, तिनीहरुले यी कुरा हामीलाई सुम्पिदिए। माननीय थियोफिलस,मैले आरम्भदेखि नै सावधानीसाथ सबै कुराको खोजी गरेको छु, र तपाईंको निम्ति एउटा क्रमै अनुसारको विवरण लेख्नु मलाई असल लाग्यो, ताकि तपाईंलाई बताइएका विषयहरुको सत्यता तपाईंलाई थाहा होस्।"**

लूकाले आफनो सुसमाचारको भूमिका बाँध्दै हामीलाई प्रेरितीय सिद्धान्तको स्वरुपको महत्वपूर्ण जानकारी दिँदछन्ः
**१. यो प्रभु येशूको जीवन, शिक्षा र सेवकाइको स्पष्ट, क्रमानुसारको विवरण (कथा) हो।**
**२.यो प्रत्यक्ष गवाहीहरु र वचनका सेवकहरुद्वारा सुम्पिएको हो(१यूहन्ना १:१-३)।**
**३.लूकाले तिनीहरु(प्रेरितहरु) का गवाहीबाट पूरा ज्ञान पाएका छन्** (याद गर्नुहोस् लूका एक अन्यजाति हुन्, जो येशूको मृत्यु र पुनरुत्थानको केही वर्षपछि पावलका एक चेला बनेका थिए)।
**४.निर्देशन पाएपछि लूका अरुले यी कुराको सत्यता बुझ्न सकून् भनी एउटा क्रमबद्ध विवरण लेख्न सक्षम भएका छन् जुन तिनले प्रेरितीय शिक्षालाई ग्रहण गरेपछि जान्न सकेका थिए।**

**प्रेरितीय सिद्धान्त अरुमा सार्दै जानुपर्छ**

२तिमोथी २:२;**"धेरै जना साक्षीहरुको उपस्थितिमा तिमीले मबाट जे कुरा सुनेका छौं,ती अरुहरुलाई पनि सिकाउन सक्ने विश्वासयोग्य मानिसहरुलाई सुम्पिदेऊ।"** पावलले पनि हामीलाई त्यसरी नै प्रेरितीय सिद्धान्त ग्रहण गरेर कसरी अरुहरुमा सार्नुपर्छ भन्ने जानकारी दिएका छन्। **प्रेरितले अरुहरुलाई सेवकहरु बन्नको निम्ति शिक्षा र तालिम दिन्छ** (सबै प्रेरितहरुले होइन, यसमा पाँच किसिमका सेवकाइ गर्ने सेवकहरु पर्छन्),**जसले फेरि त्यो प्रेरितीय सिद्धान्त चेलाहरुमा सार्छन्।**

**मत्तीको सुसमाचार**

**मत्तीको** सुसमाचारले अरु कुराहरुको साथै येशू ख्रीष्टको जीवन र सेवकाइमा पुरानो करारका अगमवाणीहरु पूरा भएको देखाउँछ। **पुरानो करारको व्याख्या गर्नु प्रेरितीय सिद्धान्तको एउटा महत्वपूर्ण कार्य हो। हिब्रू**को पुस्तकले प्रेरितीय सिद्धान्तको यो कुरा अझ पूर्णरुपले प्रकट गर्दछ, किनकि यो पुरानो करारका नमूनाहरु र छायाहरुको पूर्ण व्याख्या (पूरा भएको देखाउने) हो।

**प्रेरितको पुस्तकमा प्रेरितीय सिद्धान्त**

**प्रेरित** २:४२;**"तिनीहरु प्रेरितहरुका शिक्षा, सङ्गति र संयुक्त भोज र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे।"** तिनीहरु जुन चार कुरामा लागिरहे ती साँच्चै प्रारम्भिक मण्डलीको **पहिलो कार्यहरु** थिए। **प्रकाश** २ मा येशूले एफिससको मण्डलीलाई लेखिरहनुभएको छ अनि **पद** ४ मा उहाँ भन्नुहुन्छ,**"तर तिम्रा विरुद्धमा मसित यो कुरा छ, कि तिमीले तिम्रो पहिलो प्रेम त्यागिदिएका छौ।" पद** ५ मा उहाँ अझै भन्नुहुन्छ, **"यसकारण कहाँबाट तिमी खसेका छौ सो सम्झ र पश्चात्ताप गर, अनि तिमीले पहिले गरेका काम गर, नत्रता म तिमीकहाँ आएर तिमीले पशतात्ताप गरेनौ भने तिम्रो सामदान त्यसको ठाउँबाट हटाउनेछु।"** यो मण्डलीले आफनो पहिलो प्रेम हराएको थियो अनि त्यसलाई येशूले पश्चात्ताप गर्नु र पहिले गरेका काम गर्नु भनिरहनुभएको छ। पहिलो कामहरु के के हुन् भनी पत्ता लाउनको निम्ति हामीले पहिलो मण्डलीले गरेको अभ्यासलाई हेर्नुपर्छ।
पहिलो मण्डलीमा १२० जना विश्वासीहरु थिए (थुमाका १२ प्रेरितहरु लगायत, जो माथि पेन्तिकोसको

दिनमा पवित्र आत्मा आउनुभएको थियो),अनि ३ हजार मानिसहरु थिए,जसलाई त्यो दिन बप्तिस्मा दिइएको थयो। यी विश्वासीहरु **प्रेरित २:४२** मा बताइएका चार कुरामा लागिरहेः**"प्रेरितहरुका शिक्षा, सङ्गति,संयुक्तभोज र प्रार्थना।"**तिनीहरु प्रेरितहरुका शिक्षा,संङ्गति,संयुक्त भोज र प्रार्थनाको सङ्गतिमा लागिरहे।

यदि हामी दृढतापूर्वक यी चार कुरामा लगिरह्यौं भने त्यसको उत्तरोत्तर परिणाम स्वरुप हामी येशूसित प्रेममा रहनेछौं र हामी त्यो प्रेम हराउने छैनौं। यो बढने छ,
हरेकपल्ट हामी प्रभुको मेचमा सहभागी हुँदा,
हरेकपल्ट हामी प्रार्थनामा भेला हुँदा,
हरेकपल्ट हामी विश्वासले भरिएको सङ्गतिमा भेला हुँदा,
जहाँ एक-अर्काका खाँचोहरुको वस्ता राखी बाँडचुँड गरिन्छ,
अनि हरेकपल्ट हामीले प्रेरितहरुको सिद्धान्त बाँडदा,
जुन परमेश्वरको वचनको शिक्षा दिनु हो(जुन शिक्षा प्रेरितहरुद्वारा इमानदारीसाथ सिकाइएको छ)।
यो पदले विशेषगरी यसो भन्छ,**"प्रेरितहरुका सिद्धान्त"**,केवल वचनको शिक्षा दिनु मात्र होइन। यसैले हामीले **प्रेरितहरुको सिद्धान्त** के हो भन्ने कुरा बुझ्नुपर्छ।

**परमेश्वरको वचनको प्रकाश प्रेरितहरु र अगमवक्ताहरुलाई दिइएको छ।**

मूलरुपमा सम्पूर्ण नयाँ कराको पुस्तक प्रेरितीय सिद्धान्त हो,तर **परमेश्वरको वचनको प्रकाश विशेषगरी प्रेरितहरु र अगमवक्ताहरुलाई दिइएको छ,एफिसी** ३:५। यी दिनहरुमा धर्मशास्त्रको शिक्षा दिनको निम्ति अभिषेक पाएका प्रेरितहरु खडा गर्नु आवश्यक छ। बाइबलको वचनको शिक्षा पास्टरहरु शिक्षकहरु र प्रचारकहरुद्वारा दिन सकिन्छ,तर धेरैवटा मुख्य प्रकाश प्रेरितहरु र अगमवक्ताहरुलाई दिइएका छन्।

**अनुग्रहको वितरण (जिम्मेवारी)**
**एफिसी** ३:३,**"तिमीहरुका निम्ति मलाई सुम्पिएको परमेश्वरका अनुग्रहको जिम्मेवारीको विषयमा तिमीहरुले पनि सुनेका छौ भन्ने मलाई लागेको छ।"** पावलले एक प्रेरितको रुपमा अनुग्रहको केही जिम्मेवारी पाएका थिए। त्यो अनुग्रहले गर्ने कार्य **पद** ४ हो,**" जब तिमीहरु यो पढछौ, ख्रीष्टको रहस्यबारे मेरो आन्तरिक समझ के छ सो तिमीहरु बुझ्न सक्छौ।"** प्रभु आफैले प्रेरितहरु र अगमवक्ताहरुलाई यो रहस्य प्रकट गर्नुहुन्छ {यो रहस्यलाई **१कोरिन्थी** २ र **कलस्सी**को पत्रमा पनि संकेत गरिएको छ}। पावलसँग ख्रीष्टको रहस्यको ज्ञान थियो र तिनले त्यो ज्ञान बाँडेः तिनले त्यो बाँडे र सिकाए। फेरि देहको हरेक अंगले प्रेरितीय सिद्धान्त ग्रहण गरेर अनुग्रह प्राप्त गर्छ, **एफिसी ४:७।**

**पद ५."जुन कुरा उहाँका पवित्र प्रेरितहरु र अगमवक्ताहरुलाई पवित्र आत्माद्वारा अहिले प्रकट भएको छ, त्यो अरु पुस्ताका मानिसहरुलाई जनाइएको थिएन।"** यो रहस्य अब्राहामलाई वा पुरानो करारको अन्य परमेश्वरका जनहरुलाई प्रकट गरिएको थिएन। येशूले उहाँको मण्डली खडा गर्नु नभएसम्म पुरानो करारका यी मानिसहरु पूर्णतामा आउन सक्दैनन्(**हिब्रू ११:४०**)। त्यो रहस्य**"आत्माद्वारा उहाँका पवित्र प्रेरितहरु र अगमवक्ताहरुलाई"** प्रकट गरिएको छ।

**त्यो रहस्य के हो ?**

**१.रहस्य ख्रीष्टमा एकत्व (एक हुनु) हो**

**एफिसी ३:६;" सुसमाचारद्वारा नै अन्यजातिहरु सह उत्तराधिकारीहरु हुन,एउटै शरीरका अङ्गहरु र ख्रीष्ट येशूमा रहेको प्रतिज्ञाका साझेदार हुन्।"** केवल सुसमाचारले मात्र यहूदी र अन्यजातिलाई एकतामा ल्याउँछ (**एफिसी २:१४-१८**)। येशू हाम्रा मिलाप हुनुहुन्छ, उहाँले दुवैबाट एउटा नयाँ मानिस बनाएर दुवैलाई एउटा बनाउनुभएको छ। परमेश्वरले "एउटा नयाँ मानिस"चाहनुहुन्छ, अलग पार्ने पर्खाल हटाइएको छ।

**२. त्यो रहस्य"दुलही मण्डली"हो**

**एफिसी ५:२३-३३;"यो एउटा गम्भीर रहस्य छ, अनि यो कुरा म ख्रीष्ट र मण्डलीको सम्बन्धमा बोल्दछु," पद ३२**

**३. यो रहस्य परमेश्वरको अनुग्रह हो**

**एफिसी ३:७;** पावल**"परमेश्वरको शक्तिको कार्यअनुसार तिनलाई दिइएका उहाँको त्यस अनुग्रहको वरदान बमोजिम"** एक सेवक बने। त्यो अनुग्रहको नतिजा **पद ८** थियो,**"मैले ख्रीष्टको अगम्य सम्पत्तिको सुसमाचार अन्यजातिहरुलाई प्रचार गरुँ भनेर मलाई यो अनुग्रह दिइयो।"**

**२ तिमोथी १:९-११;** परमेश्वरले **"हामीलाई उद्धार गर्नुभयो, र एउटा पवित्र बोलावटद्वारा बोलाउनुभयो। हाम्रो कामको आधारमा होइन, तर उहाँको आफ्नै अभिप्राय र अनुग्रहको आधारमा हो, जो उहाँले ख्रीष्ट येशूमा युग युग अघिदेखि हामीलाई दिनुभएको थियो,जुन अनुग्रह अब हाम्रा मुक्तिदाता ख्रीष्ट येशूको आगमनद्वारा प्रकट गर्नुभएको छ। उहाँले मृत्युलाई नाश गरेर जीवन र अविनाशलाई सुसमाचारद्वारा प्रकाशमा ल्याउनुभयो। यसै सुसमाचारको निम्ति म एक प्रचारक,प्रेरित र शिक्षक नियुक्त भएँ।"** परमेश्वरको अनुग्रहको रहस्य यो हो कि पावल, जो खतना गरेका हुन्, तिनी अन्यजातिहरुका शिक्षक नियुक्त भए। यो अनुग्रह समयको सुरुआत हुनुभन्दा अगि दिइएको थियो।

**४.रहस्यको सङ्गति**

**एफिसी ३:९,"सबै कुरा सृजनुहुने परमेश्वरमा युग-युगदेखि लुप्त रहेका रहस्यको योजना के हो, सो सबै मानिसलाई खुलस्त गराउने अनुग्रह मलाई दिइयो।"** तिनीहरुसित अदृश्य संसारका सिंहासनहरु र अधिकारहरु लगायत सबै कुरा येशू ख्रीष्टद्वारा परमेश्वरले सृष्टि गर्नुभएको हो भन्ने प्रकाश थियो (**कलस्सी१:१६**)। त्यहाँ एउटा रहस्यको सङ्गति छ जुन हामीले देखौं भन्ने परमेश्वर चाहनुहुन्छ। यो रहस्यको प्रकाशको एक भाग परमेश्वरले सबै कुरा सृष्टि गर्नुभयो भन्ने हो। यो रहस्यको प्रकाशको अर्को भाग यो हो,**"ताकि समय पूरा भएपछि स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरु ख्रीष्टको अधीनमा आऊन्" एफिसी १:१०।**

**५.मण्डलीद्वारा प्रधानताहरु र शक्तिहरुलाई हटाउनु**

**एफिसी १:२२,२३;"परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो, जुन मण्डली उहाँको शरीर,उहाँको पूर्णता हो ! र उहाँले नै सबै थोक परिपूर्ण पार्नुहुन्छ।"** यसको अर्थ हो परमेश्वरले मण्डली बनाउनुभएको छ जुन उहाँको शरीर हो, र सबै कुराको माथि शिरचाहिँ ख्रीष्ट हुनुहुन्छ।

**१ कोरिन्थी २:६, "यस युगका शासकहरु जो निश्चय बितिजानेछ,** "रहस्यको प्रकाशको कारण अर्थात् अझ गहिरो बुद्धिको शिक्षाको कारण यस्तो हुनेछ।

**एफिसी ३:१०;"ताकि यसरी मण्डलीद्वारा परमेश्वरका विभिन्न किसिमका ज्ञान स्वर्गीय स्थानहरुमा शासकहरु र अख्तियारवालाहरुका माझमा प्रकट गरिओस्।"** अनि रहस्य जान्न सकिने हुन्छ, त्यसपछि परमेश्वरका **विभिन्न किसिमका ज्ञान** प्रकट गरिनेछ। यो पदले यसो भन्छ कि मण्डली परमेश्वरद्वारा तयार पारिएको छ, त्यसैले जब यो प्रेरितीय र अगमवाणीय प्रकाशमा आउँछ तब यसले यस्तो शक्तिद्वारा बोल्छ र प्रचार गर्छ कि प्रधानताहरु र शक्तिहरुलाई शक्तिहीन पारिन्छ र चारैतिर सुसमाचार फैलिन्छ।

यसको उदाहरण **प्रेरित ८** मा छ, जुन बेला फिलिप सामरियामा गए र शहरमा प्रचार गर्न थाले। तिनले परमेश्वरको राज्यको र येशूको नाउँको प्रचार गरे, अनि त्यो प्रचारलाई पुष्टि गर्नको निम्ति शक्तिशाली चिन्ह र चमत्कारहरु भइरहेका थिए। पुरुषहरु र स्त्रीहरुले सुसमाचारमा विश्वास गरे अनि बप्तिस्मा लिए। फिलिपको प्रचारद्वारा सामरिया शहरमा प्रधानताहरु र शक्तिहरुलाई परमेश्वरका विभिन्न किसिमका ज्ञान प्रकट गराइयो, त्यसैकारण त्यस शहरको मुख्य शक्तिशाली मानिस सिमोन जादूगरले सुसमाचारलाई ग्रहण गरेर बप्तिस्मा लिन खोज्यो।

**६.महिमित मण्डलीको प्रकाश**

**एफिसी ५:२७, "उहाँले दाग वा चाउरी नभएको, अथवा यस्ता कुनै कुरा नभएको तेजस्वी मण्डली आफैकहाँ प्रस्तुत गर्न सकून्, र त्योचाहिँ पवित्र र निष्खोट होस्।"**

**एफिसी ३:११; यो चाहिँ ख्रीष्ट येशू हाम्रा प्रभुमा उहाँले पूरा गर्नुभएको अनन्त उद्धेश्यअनुसार थियो।"** यो उहाँको अनन्त उद्धेश्यअनुसार छ, जुन उहाँले ख्रीष्ट येशूमा पूरा गर्नुभएको छ। जब हामी यो गहिरो ज्ञान (ख्रीष्टको रहस्य) अर्थात् उहाँ को हुनुहुन्छ भन्ने कुरा बुझ्छौं तब हामी मण्डलीले येशू ख्रीष्ट को हुनुहुन्छ भन्ने ज्ञानको प्रकाश प्रचार गर्न थाल्छौं र परमेश्वरका विभिन्न किसिमका ज्ञान र यो सेवकाइको रहस्यको प्रकाशद्वारा प्रधानताहरु र शक्तिहरु त्यसका स्थानबाट हटनेछ।

**१ कोरिन्थी २:६,१०-** परमेश्वरले यो महिमा उहाँको सिद्ध मण्डलीलाई प्रकट गरिरहनुभएको छ, **पद १६;"हामीसँग त ख्रीष्टको मन छ।"**

प्राथमिक सिद्धान्तहरु वा ख्रीष्टको आधारभूत शिक्षाहरुमा प्रेरितीय सिद्धान्त मण्डलीको आधार बन्नुपर्छ। यी आधारभूत सिद्धान्तहरु हाम्रो निम्ति **हिब्रू ६:१,२** मा लेखिएका छन्, मण्डली सिद्धतामा बढनुभन्दा अगि ती सही प्रकारले बसाल्नुपर्छ।

**१. मृत्युतिर लैजाने कर्महरुबाट पश्चात्तापः** यो सुसमाचारको विश्वासको आधारभूत सिद्धान्त हो। पश्चात्ताप गर्नु भनेको बदलिनु हो। पश्चात्ताप गर्नुपर्छ भन्ने कुराको प्रचार गरिनुपर्छ (**लूका २४:४७**)। यदि मानिसहरुले पश्चात्ताप गरे तिनीहरुका पाप क्षमा हुन्छन्।

**२.परमेश्वरमाथिको विश्वासः** जब हामी पश्चात्ताप गर्छौं त्यसबेला हामी कुनै कुराबाट फर्केर अर्को कुनै कुरा तिर लाग्छौं। पापबाट फर्केर परमेश्वरतिर लाग्छौं। येशू ख्रीष्टको सुसमाचार प्रचार गर्नुपर्छ ताकि मानिसहरुले येशू ख्रीष्ट को हुनुहुन्छ भन्ने प्रकाश पाऊन्।

**३.बप्तिस्माहरु सम्बन्धी शिक्षाः** प्रेरितहरुले गरेको जस्तो येशू ख्रीष्टको नाउँमा पानीको बप्तिस्मा लिनुहोस्, **रोमी ६** अध्यायमा पावलले बप्तिस्माको सिद्धान्त बारे शिक्षा दिन्छन्। पत्रुसले **१ पत्रुस** ३मा बप्तिस्मा बारे शिक्षा दिन्छन्, बप्तिस्माले हामीलाई बचाउँछ र हामी जीवनको नयाँपनमा बौरी उठाइन्छौं। दुवै प्रेरितले बप्तिस्माद्वारा विश्वासी पुनरुत्थान भएको जीवनमा (स्वर्गीय स्थानहरुमा बसालिएका) उठाइन्छ भनी शिक्षा दिन्छन्।

**४.हात राख्नेः** जब शाऊलले उद्धार पाए त्यसबेला चेला हननिया आए र तिनीमाथि हात राखे। शाऊलले दृष्टि पाए र पवित्र आत्माले भरिए। विशेषगरी हात राख्ने जुन सिद्धान्त छ त्यो पवित्र आत्मा पाउने कुरासँग सम्बन्धित छ।

**५. मरेकाहरुको पुनरुत्थानः** यसको मुख्य सिद्धान्त तीनवटा छ। पहिलो-येशू ख्रीष्ट साँच्ची नै बौरी उठ्नुभयो। यसको अर्थ यो हो कि हामी मरे पनि फेरि एउटा शरीर पाउनेछौं। दोस्रो, **यूहन्ना ५:२५**मा हामीलाई यसो भनिएको छ,"**जब मृतकहरुले परमेश्वरका पुत्रको सोर सुन्नेछन्, र सुन्नेहरु बाँच्नेछन्।**" हामी नयाँ गरी जन्मन सक्छौं र अहिले पुनरुत्थान भएको जीवनमा जिउन सक्छौं। तेस्रो, प्रत्येक आत्मा बौरी उठ्नेछ, कोही जीवनको पुनरुत्थानको निम्ति र कोही दण्डाज्ञाको पुनरुत्थानको निम्ति, **यूहन्ना ५:२८,२९।**

**६. अनन्त दण्डः** अनन्त दण्डको सिद्धान्तले भन्छ-स्वर्ग र नरकको प्रचार गर्नु र शिक्षा दिनु। सातौं सिद्धान्त वा नयाँ जन्म पूरा हुने र ख्रीष्टमा सहीरुपले जग बसाल्ने भनेको सिद्धातातर्फ बढनु हो।

**परमेश्वरको समस्त अभिप्राय**

**प्रेरित** २०:२७, पावल ती एल्डरहरुसँग बोलिरहेका छन् जसलाई तिनले एफिससबाट बोलाएका थिए। तिनी मिलेटसमा छन्, एफिससमा दुइ वर्ष सेवकाइ गरेपछि तिनी त्यहाँ आएका हुन्। तिनी भन्छन्,"**परमेश्वरको समस्त अभिप्राय तपाईंहरुलाई बताउन म पछि हटिनँ।**" प्रेरितहरुका सिद्धान्त भनेको

परमेश्वरको समस्त अभिप्राय हो। परमेश्वरले प्रेरितहरु र अगमवक्ताहरुलाई यो रहस्य प्रकट गर्नुभएको छ।

**अझ गहिरो ज्ञानः आत्मिक मानिसहरुलाई बुझ्नु**

**१को** २ अध्यायको पहिलो ५ पदहरुमा पावलले कोरिन्थीहरुलाई सुसमाचारको शक्तिद्वारा तिनीहरुको उद्धार भएको कुरा स्मरण गराउँछन्, सुसमाचारको सन्देशलाई पुष्टि गर्न शक्ति प्रकट भएको थियो। **पद ५,"ताकि तिमीहरुको विश्वास मानिसको बुद्धिमा होइन, तर परमेश्वरको शक्तिमा आधारित होस्।"** हामीले चिन्ह र चमत्कारहरुसहित सुरु गर्नुपर्छ। ती प्रत्येक विश्वासीसँग हुनुपर्छ (**मर्कूस १६:१७,१८**),तर हामी त्यसैमा बसिरहनु हुँदैन। **पद ६,७,"परिपक्व भएकाहरुका बीचमा हामी बुद्धिको प्रचार गर्दछौं, तर यस युगको बुद्धि होइन, न ता यस युगका शासकहरुको बुद्धि, जो निश्चय बितिजानेछ। तर हामी परमेश्वरको गुप्त र लुकेको बुद्धिको प्रचार गर्दछौं, जो युग युग अघि हाम्रो महिमाको निम्ति परमेश्वरले नियुक्त गरिदिनुभयो।"**

**पद १०** ले लुकेको बुद्धि प्रकट गर्दछ,**"परमेश्वरले हाम्रा निम्ति पवित्र आत्माद्वारा त्यो प्रकट गर्नुभएको छ। किनकि पवित्र आत्माले प्रत्येक कुरा खोज्नुहुन्छ। परमेश्वरका गहिरा गहिरा कुराहरु पनि खोजी गर्नुहुन्छ।"** आत्माले नै यी कुराहरु हाम्रो आत्मिक समझमा ल्याउनुहुन्छ र यो प्रकाशद्वारा हुन्छ।

**ख्रीष्टको मन**

**१ कोरिन्थी २:१६,"किनकि कसले प्रभुको मनलाई जानेको छ र कसले उहाँलाई सिकाउन सक्छ ? तर हामीसँग त ख्रीष्टको मन छ।"** हामी आफनो मनमा प्रभुका निर्देशनहरु पाउनसक्छौं। परमेश्वरले हामीलाई समझ दिनुहुन्छ, **एफिसी १:८, बुद्धिमानी**। नयाँ जन्म पाएपछि हामी त्यो रहस्य जान्न थाल्नुसक्छौं। परमेश्वरको प्रत्येक सन्तान जो आत्माले भरिएको छ ऊ प्रकाशको ज्ञानमा हिंड्न सक्छ। हामी धन्यका हौं, किनकि हामी युगको अन्ततिर जिइरहेका छौं जुन बेला परमेश्वरले प्रेरितीय र अगमवाणीय सेवकाइ खडा गर्नुभएको र गरिरहनुभएको छ र ख्रीष्टको देहलाई व्यवस्थित रुपमा राख्नुभएको छ।

**एफिसी१:१७-१६,"हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर, महिमाका पिताले तिमीहरुलाई उहाँको हृदयको आँखा उज्यालो होस, र कुन आशाको निम्ति उहाँले तिमीहरुलाई बोलाउनुभएको छ, र सन्तहरुमा उहाँको महिमित उत्तराधिकारको सम्पत्ति के हो सो तिमीहरुले जान्न सक। अनि हामी विश्वास गर्नेहरुको निम्ति उहाँको शक्तिको असीम महानता के हो सो तिमीहरु जान्न सक। त्यो शक्ति उहाँको महान् सामर्थ्यको काम नै हो।"**

**प्रेरितहरु पहिलो हुन्**

प्रेरितहरु सेवकाइका अगुवाहरु हुन्; प्रेरितहरुले मण्डलीको सिद्धान्त र अभ्यासको देखरेख(निरीक्षण) गर्छन्। **१ कोरिन्थी १२:२८,"परमेश्वरले मण्डलीमा पहिलो प्रेरितहरु,दोस्रो अगमवक्ताहरु, तेस्रो शिक्षकहरु,तब आश्चर्यकाम गर्नेहरु, र निको पार्ने वरदान पाएकाहरु,सहायता गर्नेहरु, प्रशासन गर्नेहरु,विभिन्न भाषा बोल्नेहरु नियुक्त गर्नुभएको छ।"**

**प्रेरितहरुका शिक्षा भनेको प्रेरितीय सिद्धान्त हो।**

तिनीहरुलाई आज परमेश्वरले पृथ्वीमा उहाँको शक्ति, अधिकार, बुद्धि र ज्ञानको प्रतिनिधित्व गर्न नियुक्त गर्नुभएको छ। यो ख्रीष्टले उहाँको मण्डलीको निम्ति कसै कसैलाई दिनुहुने वरदान हो, **एफिसी ४:११**

**ती वरदानहरु दिइनुको उद्धेश्य निम्न हुन्ः**
**ख्रीष्टको शरीर निर्माण गर्न सन्तहरुलाई सुसज्जित पार्नु वा सिद्ध बनाउनु।**
**परमेश्वरको अझ गहिरो ज्ञानको शिक्षा दिनु।**
***परमेश्वरको समस्त अभिप्राय* को घोषणा गर्नु।**
***ख्रीष्ट र उहाँको मण्डलीको प्रचार* गर्नु।**
**सम्पूर्ण मण्डलीलाई *विश्वासको एकता* मा, र *परमेश्वरका पुत्रको ज्ञान* मा ल्याउनु, एफिसी ४:१३,**

## अध्याय-६

### प्रेरितीय सिद्धान्तका मुख्य कुराहरु

**मत्ती १०:४०;** येशू यहाँ उहाँका प्रेरितहरुलाई नियुक्त गर्ने र अधिकार दिने सन्दर्भमा बोलिरहनुभएको छ। उहाँ भन्नुहुन्छ,"**तिमीहरुलाई ग्रहण गर्नेले मलाई ग्रहण गर्दछ,र मलाई ग्रहण गर्नेले मलाई पठाउनुहुनेलाई ग्रहण गर्दछ।**" येशूलाई पठाउनुहुने पिता नै हुनुहुन्थ्यो। येशूले भनिरहनुभएको छ कि जुन प्रेरितहरु उहाँद्वारा नियुक्त गरिएका र उहाँद्वारा अधिकार दिइएका छन्, तिनीहरुले **पूर्णरुपमा उहाँको प्रतिनिधित्व** गर्छन्। मण्डलीको युगमा यस्ता प्रेरितहरु नै ती व्यक्तिहरु हुन् जसले **एफिसी ४:७-११** अनुसार उच्चमा चढनुहुने प्रभु येशूबाट प्रेरित बन्ने उच्च वरदान पाएका छन्।

येशू भन्नुहुन्छ जसले येशूको नाउँमा आउने साँचो प्रेरितलाई स्वीकार गर्छ, जो सम्प्रादाय नबोकी आउँछ, जो कुनै मण्डलीको हिस्सा वा कुनै विशेष झुन्ड नबोकी आउँछ, तर जो येशूका मानिसहरु र उहाँको शरीरप्रति उहाँकै जस्तो हृदय बोकेर प्रभुको नाउँमा आउँछ। **जब कसैले एक जना व्यक्तिलाई येशू ख्रीष्टको एक प्रेरितको रुपमा स्वीकार गर्छ उसले येशूलाई ग्रहण गर्छ।**

**मत्ती** २३:३९ मा येशू यहूदीहरुसँग बोलिरहनुभएको छ, उहाँ भन्नुहुन्छ,"**किनभने म तिमीहरुलाई भन्दछु,"परमप्रभुको नाउँमा आउने धन्यका हुन् नभनेसम्म तिमीहरुले मलाई देख्नेछैनौं।** आजका यहूदीहरुको निम्ति यसको अर्थ यो हुन्छ कि तिनीहरुले जबसम्म परमप्रभुको नाउँमा आउने धन्यका हुन्,भन्दैनन् तबसम्म प्रभुलाई देख्ने छैनन्। परमप्रभुको नाउँमा आउनु हुने येशू हुनुहुन्छ। आज प्रभुको नाउँमा आउने को हो ? पहिलो, उहाँका प्रेरितहरु हुन्, जसलाई उहाँले पठाउनुहुन्छ, र दोस्रो, उहाँको मण्डली हो जुन प्रेरितीय झुन्ड हो जसलाई उहाँले संसारमा पठाउनुहुन्छ।

**त्ये रहस्यको प्रकाश के हो ?**
**यशैया ६०:१,"उठ् प्रकाशमान् हो, किनकि तेरो प्रकाश आएको छ, र परमप्रभुको महिमा तँमाथि उदाएको छ।"** परमेश्वरले आफना मानिसहरुलाई भन्नुहुन्छ,"उठ्, प्रकाशमान हो,किनकि परमप्रभुको महिमा तँमाथि उदाएको छ।" यो वर्तमान कालमा भनिएको छ। ज्योति अर्थात् येशू आउनुभएको छ, तर आज परमप्रभुको महिमा उहाँका मानिसहरुमाथि उदाएको छ।"**सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण छ**"भनी सराफहरुले **यशैया ६:३** मा भनेका छन्। पृथ्वीमा मण्डली परमप्रभुको उपस्थितिको साँचो वेदी बनेपछि यो महिमा प्रकट गरिनेछ।

**पद २."हेर्,अँध्यारोले पृथ्वीलाई ,र घोर अँध्यारोले मानिसहरुलाई ढाकेको छ, तर परमप्रभु तँमाथि चम्कनुहुन्छ, र उहाँको महिमा तँमाथि प्रकट हुन्छ।"** आज हामीले संसारमा यही कुराको अनुभव गरिरहेका

छौं, यो कुरा अझ बढदैछ। त्यो पशु खडा भइरहेछ। सारा पृथ्वीमा अन्धकार फैलिरहेछ,तर मण्डली उहाँमा र उहाँको महिमामा उदाउनुपर्छ।

**पद ३-५;"जाति जाति तेरो प्रकाशमा र राजहरु तेरो प्रभातको ज्योतिमा आउनेछन्।तेरो आँखा उठाएर चारैतिर हेर्,तिनीहरु सबै जम्मा भएर तकहाँ आउँछन्। तेरा छोराहरु टाढाबाट आउँछन्, र तेरा छोरीहरु हात हातमा बोकेर ल्याइन्छन्। तब यो देखेर तँ उज्जवल हुनेछस्, र तेरो ह्रदय आनन्दले गद्गद् हुनेछ। समुद्रका धन तँतर्फ ल्याइनेछन,जाति जातिको सम्पति तँकहाँ आउनेछ।"** यो रहस्यको प्रकाश यही हो कि आखिरी समयमा अन्यजातिहरु ठूलो संख्यामा प्रभुमा आइरहेछन्,अन्यजातिहरुको समय पूरा भएकोले यो भइरहेको छ।

**पद ७."केदारका सबै भेडा बाख्राहरुका बगाल तँकहाँ जम्मा हुनेछन्। नबायोतका भेडाहरुले तेरो सेवा गर्नेछन्। तिनीहरु बलिस्वरुप मेरो वेदीमा ग्रहणयोग्य हुनेछन्, र मेरो महिमाको मन्दिरलाई म सिंगार्नेछु।"** केदार र नबायोत इस्माएलको पहिलो जन्मेका छोराहरु थिए। अगमवाणीको हिसाबले विचार गर्दा आखिरी समयमा धेरै जना मुसलमानहरुले विश्वास गर्न सक्छन् भनी विश्वास गर्न सकिन्छ।अगुवाहरु र तिनीहरुका विश्वासीहरुको समुदायले उद्धार पाउनेछन् र परमेश्वरको राज्यभित्र आउनेछन्।**"तिनीहरु बलि स्वरुप मेरो वेदीमा ग्रहणयोग्य हुनेछन्।"** यो वेदी येशू हुनुहुन्छ। धेरै जना मुसलमानहरु येशूमा आउन लागेका छन् र उहाँले तिनीहरुलाई ग्रहण गर्नुहुन्छ।

**प्रेरितीय सिद्धान्तको विशेष कुराहरु**

**१.महान् आज्ञा**
येशूले मण्डलीलाई स्पष्टरुपमा भन्नुभएको कुरा सुसमाचार प्रचार गर्नु भन्ने हो। **मर्कूस १६:१५,१६,"सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर। विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ।"** परमेश्वरको स्वरुप र प्रतिरुपमा सृष्टि भएको प्रत्येक व्यक्तिले सुसमाचार सुन्नुपर्छ, कसैले विश्वास गर्नेछन् र उद्धार पाउनेछन्, अनि कसैले विश्वास गरनेछैनन् र दण्ड पाउनेछन्।

**मत्ती** २४ अध्यायमा येशूले अन्त्यका दिनका र उहाँको आगमनका चिन्हहरुको बारेमा बताउनुभएको छ, उहाँ भन्नुहुन्छ,**"राज्यको यो सुसमाचार सार संसारमा सबै जातिहरुका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउने छ," पद १४।** हामीले देख्न बुझ्न र जान्न सक्ने एउटा स्पष्ट चिन्ह हो, विश्वव्यापी सुसमाचार प्रचार। ९० को दशकलाई विश्वव्यापी सुसमाचार प्रचारको दशक घोषणा गरिएको थियो। विगत १३ वर्षमा विश्वव्यापी सुसमाचार प्रचार कार्य ठूलो रुपमा बढेको छ। ख्रीष्टियन विश्वास अहिलेसम्म सबैभन्दा चाँडो बढेको विश्वास वा धर्म हो।

**मत्ती २८:१८-२०;"स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले**

**तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ। हेर,म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छु।"** हामी सबै जातिकहाँ मानिसहरुका सबै समूहमा जान र तिनीहरुलाई बप्तिस्मा र शिक्षा दिनको निम्ति बोलाइएका छौं। आज सुसमाचार नसुनेका मानिसहरुका झुन्डहरुले सुसमाचारलाई ग्रहण गरिरहेका छन्। विगत १०-१५ वर्षमा काम तेज भएको छ। **मत्ती २४:१४** को सुसमाचारको चिन्ह अति चाँडो चाँडो पूरा भैरहेछ। प्रभुको स्तुतु होस् !

**मर्कूस १६:१६** मा हामीलाई भनिएको छ कि कसै कसैले सुसमाचार सुन्नेछन् र उद्धार पाउनेछन्, अरुले विश्वास गर्नेछैनन् र दण्ड पाउनेछन्। **२ थेस १:८** ले भन्छ कि प्रभुको आगमनमा दण्ड पाउनेहरु तिनीहरु हुन् जसले **"परमेश्वरलाई चिन्दैनन्, र जसले हाम्रा प्रभु येशू ख्रीष्टको सुसमाचारलाई मान्दैनन्।"** यस्तो लाग्छ कतिजना यस्ता मानिसहरु हुन्छन् जसले सुसमाचार सुनेर पनि प्रभु येशूमा विश्वास गर्न चाहँदैनन् र कतिजना यस्ता हुनेछन्, जसले सुसमाचार त सुन्छन् तर त्यो पालन गर्न चाहँदैनन्।

**पवित्र आत्माको प्रतिज्ञा**

महान् आज्ञा पूरा गर्नुमा पवित्र आत्माको मुख्य भूमिका हुनेछ, जसको बारेमा येशूले चेलाहरुलाई प्रतिज्ञा दिनुभयो, **लूका** २४:४६,**"हेर, म मेरा पिताको प्रतिज्ञा तिमीहरुकहाँ पठाउँछु, तर माथिबाट शक्ति प्राप्त नगरुन्जेल तिमीहरु यहाँ शहरमा बसिरहो।"**

**प्रेरित** १:८;**"तर पवित्र आत्मा तिमीहरुमा आउनुभएपछि तिमीहरुले शक्ति पाउनेछौ, र तिमीहरु यरुशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।"** हामी पवित्र आत्माको शक्तिमा प्रचार दलहरुलाई पठाउँछौं।

**उत्तराधिकार:जाति जातिहरु**

**भजन** २:७,८ मा भजन लेखकले अगमवाणी जस्तै कुरा लेखेका छन्,**"परमप्रभुको यो आदेश म घोषणा गर्नेछु, उहाँले मलाई भन्नुभयो, तिमी मेरा पुत्र हौ। आज मैले तिमीलाई जन्माएको छु। मसँग माग, म जातिहरुलाई तिम्रो उत्तराधिकार तुल्याइदिनेछु, र समस्त पृथ्वी तिम्रो निजी सम्पत्ति तुल्याइदिनेछु।"** जाति जातिहरु येशूका उत्तराधिकार हुनेछन् भन्ने प्रतिज्ञा दिइएको छ, तर हामी पनि यो उत्तराधिकारको साझेदार हौं। **गलाती** ३:१६,**"प्रतिज्ञाहरु अब्राहाम र तिनको सन्तानलाई दिइएको थिए। धर्मशास्त्रले "सन्तानहरुलाई" भन्छ, यसले त धेरै मानिसहरुको मात्र सङ्केत दिन्छ। तर धर्मशास्त्रले"तिम्रो सन्तानलाई" भन्छ, यसले एउटा मानिसको मात्र सङ्केत दिन्छ, जो ख्रीष्ट हुनुहुन्छ।"**

**पद** २६,**"यदि तिमीहरु ख्रीष्टका हौ भनेका तिमीहरु अब्राहामका सन्तान हौ, र प्रतिज्ञाबमोजिम उत्तराधिकारीहरु हौ।"** येशूलाई जाति-जातिहरु दिने प्रतिज्ञा गरिएको छ, येशू अब्राहामका सन्तान हुनुहुन्छ, जुन अब्राहामलाई प्रतिज्ञाहरु दिइएको थियो, अनि यदि हामी ख्रीष्टका हौं भने प्रतिज्ञा अनुसार उत्तराधिकारीहरु पनि हौं।

**विजेताहरुः प्रेरित कार्य गर्ने मानिसहरु**

येशूले थिआटीराको मण्डलीलाई लेखिएको पत्रमा भन्नुहुन्छ, (**प्रकाश** २:२६,२७)**"जसले जित्छ र मेरा**

**कामहरुलाई आखिरसम्मै कायम राख्छ, त्यसलाई म जाति-जातिमाथि अधिकार दिनेछु, र फलामको डन्डाले माटोका भाँडाहरु टुक्रा टुक्रा पारेर फोरेझैं त्यसले तिनीहरुलाई शासन गर्नेछ, जसरी मैले पनि मेरा पिताबाट अधिकार पाएको छु।"** यदि हामी सिकाइएको कुरामा लागिरह्यौं भने,यदि हामी विजयी बन्यौं र उहाँको वचन पालन गऱ्यौं भने येशूले उहाँको मण्डलीलाई जाति जाति माथि अधिकार दिने प्रतिज्ञा गर्नुभएको छ। येशूले जसरी पिताबाट अधिकार पाउनुभएको छ, उहाँले यो अधिकार प्रेरितको काम गर्ने मानिसहरुलाई दिनुभएको छ। **हामी प्रेरितहरु हौं।**

**फलामको डन्डाः परमेश्वरको अटल वचन**

भजन लेखकले अगमवाणी स्वरुप येशूलाई दिइएको पिताको प्रतिज्ञा लेखेका छन् अर्थात् क्रूस,जाति-जातिहरु र पृथ्वीको अन्त्यका कुराहरु लेखेका छन्। परमेश्वरले फलामको डन्डाले जाति-जातिमाथि शासन गर्ने मण्डली खडा गरिरहनुभएको छ(येशूले गोठालो राजाको रुपमा शासन गर्नुभयो)। त्यो फलामको डन्डा परमेश्वरको अटल वचन हो। **यो सुसमाचारको सत्यता सिकाउने समय हो !**

**२.सन्तहरुलाई सिद्ध पार्नु**

**कलस्सी १:२४-२६** ले ख्रीष्टको खातिर गरिने बलिदानपूर्ण सेवाको बारेमा बताउँछ। **के तपाईं सुसमाचारको निम्ति कष्ट भोग्न चाहनुहुन्छ ?** पावलले यो भनिरहेका छन् कि एक प्रभावशाली प्रचारक हुनको निम्ति तपाईं दुःख भोग्न इच्छुक हुनुपर्छ, किनकि ख्रीष्टमा हुनु भनेको एक हिस्सा यही नै हो। सिद्धता कष्टहरुबाट आउँछ। **पद २४,२५,"अब तिमीहरुका खातिर मेरा दुःख भोगमा म आनन्द मनाउँदछु, र ख्रीष्टका कष्टहरुको कमीलाई उहाँको शरीरको खातिर,अर्थात् उहाँको मण्डलीको खातिर म आफनो देहमा पूरा गर्दछु। तिमीहरुका खातिर मलाई दिइएको ईश्वरीय कार्य अनुसार परमेश्वरको वचन सम्पूर्ण रुपले प्रचार गर्न म धर्म सेवक भएँ।"** पावल भन्छन् कि **उहाँको शरीर** अर्थात् मण्डलीको खातिर तिनी एक प्रचारक रुपमा धेरै कष्ट भोग्न लागेका छन्। हामी **परमेश्वरले दिनुभएको भण्डारेपन अनुसारका** सेवकहरु हौं, जुन भण्डारेपन हामीलाई दिइएको छ।

**पद २६,"युग युग र पुस्तौंदेखि गुप्त रहेको यो रहस्य अब उहाँका सन्तहरुलाई प्रकट भएको छ।"** कतिवटा यस्ता पुस्ताहरु छन् जसको निम्ति यो रहस्य अझै लुकाइएको छ। तिनीहरुले अझै पनि सुसमाचार सुनेका छैनन्।

**पद २७."यस रहस्यको महिमामय सम्पत्ति अन्यजातिहरुमा कति महान् छ, त्यो कुरा आफना सन्तहरुलाई प्रकट गर्न परमेश्वरले चुन्नुभयो। यो रहस्य ख्रीष्ट तिमीहरुमा हुनु हो, जो महिमाको आशा हो।"** अहिले, आज प्रभुको महिमा हामीमा उदाएको छ। **हामीले मण्डलीलाई त्यो रहस्य बताउनुपर्छ !** यदि हामीले इमानदारीसाथ सुसमाचारको सन्देश बाँडयौं भने यो फैलिने र गुणन हुनेछ। विश्वास नगर्नेहरुको निम्ति नयाँगरी जन्मनु भन्ने कुरा एउटा रहस्य हो।

**पद २८,२९,"प्रत्येक मानिसलाई चेताउनी दिँदै, र प्रत्येक मानिसलाई सारा बुद्धिमा सिकाउँदै हामी उहाँलाई**

**घोषणा गर्दछौं, यस हेतुले कि प्रत्येक मानिसलाई ख्रीष्टमा परिपक्व बनाई प्रस्तुत गर्न सकौं। मेरो अन्तस्करणमा उहाँले नै जोडसँग प्रेरणा दिनुभएको शक्ति अनुसार म यसैको निम्ति कठोर परिश्रम गर्दछु।"** ख्रीष्टको महान् शक्तिले हामीद्वारा काम गर्दछ।

**फिलिप्पी** ३:१२-१४ मा पावल भन्छन्**"मैले यी सबै अघिबाटै प्राप्त गरिसकेको छु, अथवा म अघिबाटै सिद्ध भइसकेको छु भनेर त होइन, तर ती कुराहरुलाई पक्रनको निम्ति म अघि बढिरहेको छु जुन कुराको निम्ति ख्रीष्टले मलाई पक्रनुभयो। भाइ हो, मैले यी सब पक्रिसकेको छु भनी म ठान्दिनँ, तर म एउटा काम गर्दछु कि पछाडिको कुराहरु बिर्सेर र अगाडिका कुराहरुतिर जोडसँग लम्कँदै ख्रीष्ट येशूमा परमेश्वरको स्वर्गीय बोलावटमा पाइने पुरस्कारको निम्ति निशानातिर जोडसँग अगि बढदछु ।"** हामी जुन कुरा गर्न बोलाइएका छौं त्यो बुझेर (पक्रेर) सिद्धातातर्फ बढिरहेका छौं। हामीले पछाडिका कुराहरु भुल्नपर्छ र परमेश्वरले गरिरहनुभएको नयाँ कुरातिर अगि बढ्नुपर्छ। परमेश्वरले अहिले प्रकट गरिरहनुभएको प्रेरितीय प्रकाशलाई पक्रनुहोस् । **फिलिप्पी ३:१५, "हामी परिपक्व हुनेहरुचाहिँ सबै यस्तै मनका होऔं।"** प्रेरितीय सिद्धान्त सम्बन्धी एउटा समझौता आइरहेको छ।

**३.मण्डली स्थापना**

**मत्ती १६:१८** मा येशूले पत्रुससँग बोल्दै भन्नुभयो, **"तिमी पत्रुस हौ। म मेरो मण्डली यस चट्टानमाथि स्थापित गर्नेछु, र नरकका ढोकाहरु त्यसमाथि विजयी हुनेछैनन्।"** उहाँले भन्नुभयो, तिमी पत्रुस (पत्थर)हौ, र यो चट्टानमाथि म मेरो मण्डली स्थापना गर्नेछु। पत्रुस एक जगरुपी प्रेरित थिए, जसलाई येशू ख्रीष्टले राख्नुभएको थियो पछिबाट पत्रुसले जगको ढुङ्गा हुने बारे तिनको प्रकाश र मण्डली जीवित पत्थरहरुद्वारा बनिने कुराको बारेमा बताएका छन्। **१पत्रुस** २:४,५, **"उहाँकहाँ जाओ, जो जीवित पत्थर हुनुहुन्छ। मानिसहरुबाट इन्कार हुनुभएको तर परमेश्वरको दृष्टिमा उहाँ चुनिनुभएको र बहुमूल्य हुनुहुन्छ। तिमीहरु पनि येशू ख्रीष्टद्वारा परमेश्वरको दृष्टिमा ग्रहणयोग्य आत्मिक बलिदान चढाउने पवित्र पूजाहारीगिरीको निम्ति जीवित पत्थरहरुझैं आत्मिक घर बन्दैजाओ।"** येशूले पत्रुसलाई भन्नुभयो, "तिमी जीवित पत्थर हौ र तिम्रो ममाथि विश्वास भएको कारण म मेरो मण्डली स्थापित गर्नको निम्ति तिमीलाई चलाउने छु।"

**येशूले भन्नुभयो उहाँले आफनो मण्डली स्थापना गर्नुहुनेछ** र उहाँले प्रेरितहरुलाई जगको रुपमा प्रयोग गर्नुहुनेछ। उहाँले अगमवक्ताहरु, प्रचारकहरु,पास्टरहरु र शिक्षकहरु र पवित्र आत्माले मण्डलीमा दिनुहुने अरु सबै सेवकाइ र वरदानहरुलाई प्रयोग गर्नुहुनेछ। मण्डली नरकमाथि विजयी बन्ने छ। **येशूले भन्नुभयो, "म तिमीहरुलाई मण्डलीका प्रेरितहरु, स्वर्ग राज्यका साँचोहरु दिनेछु।"** यी साँचोहरुको बारेमा **मत्ती १६:१६** मा बताइएको छ, **" म तिमीहरुलाई स्वर्गको राज्यका साँचाहरु दिने छु। जे तिमीले पृथ्वीमा बाँध्नेछौ, सो स्वर्गमा बाँधिनेछ, र जे तिमीले पृथ्वीमा फुकाऔला सो स्वर्गमा फुकाइनेछ।"**

**ख्रीष्टको वरदान के हो ?**

**एफिसी ४:७, "तर ख्रीष्टको वरदानको नाप अनुसार हामी हरेकलाई अनुग्रह दिइएको छ।" पद ११."अनि**

**उहाँको वरदानहरु चाहिँ यी नै थिए, कि कोही प्रेरितहरु,कोही अगमवक्ताहरु, कोही प्रचारकहरु,कोही मण्डलीका पास्टरहरु र कोही शिक्षकहरु बनून्।"**

**ती किन दिइएका थिए ?**
**मण्डली स्थापना गर्नको निम्ति-सन्तहरुलाई सुसज्जित पारेर**
**सेवकाइको काम गरेर अनि**
**ख्रीष्टको शरीर निर्माण गरेर (१२पद)**

**मण्डली स्थापना गर्नको निम्ति- यो परिपक्वतामा नपुगुञ्जेल।** लक्ष्य सिद्धता प्राप्त गर्नु हो। एक विश्वासीको रुपमा र एक मण्डलीको रुपमा बढदै गएर परिपक्वतामा पुग्ने एउटा अवस्था छ। **पद १३."जबसम्म हामी सबैले विश्वासको र परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं,र परिपक्व मानिस बनी ख्रीष्टका पूर्णताको नापसम्म पुग्दैनौं।"**

**हिब्रू ३:३,** एक पुत्रको रुपमा ख्रीष्टले परमेश्वरको परिवार (घराना)निर्माण गरिरहनुभएको छ र उहाँ परिवार अर्थात् मण्डलीको शिर हुनुहुन्छ।

**४.प्रभुको पुनरागमनको निम्ति तयारी**
**एफिसी ५:२२-३२**,पावलले विवाहको सन्दर्भमा ख्रीष्ट र मण्डलीको विषयमा शिक्षा दिइरहेका छन्।

**पद २५,२६,"जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो। यस हेतुले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकून्।"** जब परमेश्वरको वचन प्रचार गरिन्छ र त्यसको शिक्षा दिइन्छ, तब येशूले त्यसलाई उहाँको मण्डलीलाई चोख्याउनको निम्ति प्रयोग गर्नुहुन्छ। तपाईंले प्रचार गर्ने र शिक्षा दिने पाउनु भएको हरेक मौकाको निम्ति परमेश्वरलाई धन्यवाद दिनुहोस्। जुन वचन छरिन्छ त्यसले मण्डलीलाई पवित्र पार्छ, र त्यसलाई येशूको अगि प्रस्तुत गर्नसकिन्छ,**"उहाँले दाग वा चाउरी नभएको अथवा यस्ता कुनै कुरा नभएको तेजस्वी मण्डली आफैकहाँ प्रस्तुत गर्न सकून् , तर त्योचाहिँ पवित्र र निष्खोट होस्।" पद २७**

**हामीले प्रभुको पुनरागमनको निम्ति कसरी तयारी गर्ने ?**
वचनको शिक्षा दिई मण्डलीलाई पवित्र र शुद्ध पारेर,त्यसलाई महिमित चोखो र सिद्ध शरीर बनाएर। मण्डली येशू ख्रीष्टकी दुलही हो र यसलाई पवित्र मान्नुपर्छ। यदि हामी मण्डलीलाई समस्याग्रस्त संसारबाट उद्धार गर्ने त्राण्चरको विषयमा प्रचार गर्छौं भने, विश्वासीहरुले त्राण्चरमा विश्वास गर्छन्। यदि हामी मण्डली सिद्ध हुनुपर्ने, महिमित दुलही मण्डलीको तयारी,महासङ्कष्ट सहनका निम्ति परमेश्वरको अनुग्रहको र त्यसमा उठाइने कुराको प्रचार गर्छौं भने (**रोमी ५:३-५**) हामी परमेश्वरको वचन सही प्रकारले प्रचार गर्ने र सिकाउने कार्य गरिरहेका हुन्छौं। साथै परमेश्वरको समस्त अभिप्रायको घोषणा गरिरहेका हुन्छौं। विश्वासीहरुलाई जस्तो शिक्षा दिइन्छ त्यस्तै विश्वास गर्छन्, **रोमी १०:१७ ।**

**१ थेस०** ४:१३-१८ ले पनि प्रभुको पुनरागमनको बारेमा बताउँछ। प्रभुको पुनरागमनका वचनहरु हामीलाई सान्त्वना र उत्साह दिनका निम्ति हुन् (**पद १८**)।

**१ यूहन्ना** ३:२,३, **"प्रिय हो, अहिले हामी परमेश्वरका सन्तान हौं, र हामी के होऔंला सो अहिलेसम्म प्रकट भएको छैन। यति जान्दछौं कि जब उहाँ प्रकट हुनुहुन्छ, तब हामी उहाँ जस्तै हुनेछौं किनकि उहाँ पवित्र हुनुहुन्छ हामी उहाँलाई त्यस्तै देख्नेछौं। अनि जस्तो उहाँ पवित्र हुनुहुन्छ, उहाँमाथि यो आशा राख्ने हरेक मानिसले आफूलाई पवित्र पार्छ।"** हामीले आफैलाई पवित्र पार्नुपर्छ, यसरी नै हामीले आफूलाई प्रभुको पुनरागमनको निम्ति तयारी पार्नुपर्छ। **हिब्रू ६:१-३** अनुसार सिद्धताको प्रचार गर्नुहोस्। हामी सही जग बसालेपछि सिद्धतातर्फ बढ्दै जानुपर्छ।

**५. सङ्कष्टमा आनन्द गर्नु**

नयाँ करारमा सङ्कष्ट सम्बन्धी हरेक शिक्षामा सन्तहरुलाई सङ्कष्टमा आनन्द गर्नु, सङ्कष्टमा रमाउनु भनिएको छ। पावलले **रोमी ५:३-५** मा भन्छन्,**"हामी आफनो सङ्कष्टमा रमाउँछौं, यो जानेर कि सङ्कष्टले सहनशीलता उत्पन्न गराउँछ, सहनशीलताले चरित्र र चरित्रले आशा उत्पन्न गराउँछ। आशाले हामीलाई निराश गराउँदैन, किनकि हामीलाई  दिइएको पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ।"**

**२ थेस०** १:३-१२ ले पनि प्रभुको पुनरागमनको बारेमा बताउँछ, जो महासङ्कष्टको समयमा मण्डलीलाई उद्धार गर्न र मण्डलीका शत्रुहरुको सामना गर्न आउनुहुनेछ। **२ अध्याय**ले युगको अन्त्यमा भयानक घटनाहरु हुने कुरा बताउँछ। **३ पद**ले हामीलाई स्पष्टरुपमा यो बताउँछ कि हामी प्रभुको पुनरागमन र उहाँमा हामी भेला हुने विषयमा धोकामा पर्नु हुँदैन (पद १)। पहिले विद्रोह नभएसम्म र पापको मानिस प्रकट नभइन्जेलसम्म त्यो दिन आउनेछैन। **पद ८**ले भन्छ कि प्रभुले त्यस व्यवस्थाहीन व्यक्तिलाई **"आफनो मुखको सासले नाश पार्नुहुनेछ र उहाँका आगमनको प्रकाशले त्यसलाई नाश गर्नुहुनेछ।"** धेरैजना मानिसहरुले प्रभुको पुनरागमनमा दुइपल्ट हुनेछ भन्ने शिक्षा दिन्छन् र विश्वास गर्छन्, तर **२ थेस०** १-२ ले स्पष्टरुपमा बताउँछ कि सन्तहरु प्रभुलाई आकाश भेटन भेला हुने र प्रभु येशू ख्रीष्टले पापको मानिसलाई नाश पार्नु हुने कुरा त्यही एउटै पुनरागमनमा हुनेछ।

**मत्ती** २४:१३-२८ ले पनि मानिसको पुत्रको पुनरागमनमा सुरु हुने महासङ्कष्टको बारेमा बताउँछ।

**फिलिप्पी** ३:१०, पावलले **उहाँका दुःख भोगमा सहभागी** हुनु के हो सो जान्न सकूँ र **उहाँको मृत्युमा एक हुन** सकूँ भनी प्रार्थना गर्दछ। मण्डली आऔं,हामी परमेश्वरको वचनको प्रचार गरौं र शिक्षा दिऔं र परमेश्वरको वचनमा हुँदै नभएको सिद्धान्तको शिक्षा नदिऔं।

**६. पुरानो करारको अगमवाणीय प्रकाश**

**मत्ती ५:१७-१६,** येशूले भनिरहनुभएको छ कि उहाँ व्यवस्थालाई रद्द गर्न आउनुभएको होइन, तर पूरा गर्न आउनुभएको हो। उहाँले व्यवस्था पूरा हुनेछ भनी घोषणा गरिरहनुभएको छ। येशू हामीले पुरानो करारबाट अगमवाणी स्वरुप परमेश्वरको वचनको शिक्षा दिएका चाहनुहुन्छ। हामीले परमेश्वरका मानिसहरुलाई व्यवस्था र आज्ञाहरुको, अगमवक्ताहरु र लेखहरुको बारेमा ज्ञान दिएका उहाँ चाहनुहुन्छ।

**हामीसँग पुरानो करारमा भएको ख्रीष्ट र उहाँको मण्डलीको प्रकाश हुनुपर्छ, अनि हामी अगमवाणीहरु कसरी पूरा भए भन्ने कुराको शिक्षा दिन सक्छौं।**

हामीमा मोशाको व्यवस्था, **लूका** २४:२७,४४,४५,
अब्राहामको विश्वास, **रोमी** ४,**गलाती** ३
उत्पतिको पुस्तकको प्रकाश,**मत्ती** १६:४,५
हनोक र परमेश्वरको साथमा तिनी हिँडेका कुरा **हिब्रू** ११:५-६,
साथै **उत्पत्ति** ३:१५ देखि **गलाती** ३:१६-२६ सम्मको "सन्तान" को बारेमा ज्ञान हुनुपर्छ।

**मोशाको व्यवस्था (करार)** मा तीनवटा महत्वपूर्ण कुराहरु छन्ः

१.व्यवस्था मोशाद्वारा दिइयो-त्यो व्यवस्था जसले मानिसलाई जिउने तरिका बताउँथ्यो। पहिलो चार आज्ञाले परमेश्वरलाई कसरी प्रेम गर्नुपर्छ भन्ने कुरा बताउँछ, दोस्रो भागको  छ वटा आज्ञाले हाम्रा छिमेकीलाई कसरी प्रेम गर्नुपर्छ भन्ने कुरा बताउँछ।

२.मोशाको पवित्रस्थान- यसले आत्मा र सत्यतामा आराधना गर्ने तरिका सिकाउँछ, **हिब्रू** ९:१-५

३.इस्राएलका चाडहरु-ती अगमवाणीका मानचित्र जस्ता छन् जसले क्रूसदेखि महिमासम्मको निस्तारदेखि पवित्र स्थानसम्मको,मिश्रदेखि प्रतिज्ञाको देशसम्मको हाम्रो यात्रालाई देखाउँछ।

**प्रेरितीय सिद्धान्त भनेको के हो ?**

यो परमेश्वरको वचनको शिक्षा हो, २ **तिमोथी** ३:१६
यो परमेश्वरको समस्य अभिप्राय हो, **प्रेरित** २०:२७
यो रहस्यको प्रकाश हो, **एफिसी** ३:३-५
यो परमेश्वर सम्बन्धी गहिरो बुद्धि हो, **१ कोरिन्थी** २:६-१०
यो ख्रीष्टलाई प्रकट गरिएको कुरा हो,**एफिसी** ४:१;**फिलीप्पी** ३:८-११
यो येशूलाई ख्रीष्टको रुपमा निरन्तर प्रचार गर्नु र उहाँको शिक्षा दिनु हो, **प्रेरित** ५:४२

**प्रेरितको पुस्तकमा** २८:३०,३१ मा हामी पावलको विषयमा अन्तिम वर्णन पाउँछौं, जुन बेला तिनले **"खुल्लमखुल्ला र विना रोकटोक परमेश्वरका राज्यको प्रचार गर्थे र प्रभु येशू ख्रीष्टको बारेमा शिक्षा दिन्थे।"**

## अध्याय -७
## बाइबलीय घरेलु मण्डली

### किन घरेलु मण्डली ?

जब प्रेरितीय मण्डली पुनर्स्थापित गरिन्छ तब हामीले घरेलु मण्डली वा घर-घरमा भेला हुने मण्डलीको सम्बन्धमा बाइबलबाट शिक्षा दिनुपर्छ। हालैको समयमा स्थानीय मण्डलीको जुन नमूना र अभ्यास छ त्यो बाइबलीय दृष्टिकोणले मान्य छैन, अपवाद यो छ कि यदि त्यो स्थानीय मण्डली एक घरेलु मण्डलीको रुपमा किरायको भवन भेला हुनुपर्छ, तर यस्तो भएको छैन। समर्पित गरिएका भवनहरु जुन प्रतिदिनको ख्रीष्टियन जीवनको एक भाग बन्दैन त्यो धर्मशास्त्रको दृष्टिकोणमा सही होइन। हामीले परमेश्वरको निम्ति पृथ्वीमा वेदी बनाउनु आवश्यक छैन, वेदी एउटै मात्र छ, अनि त्यसको उल्लेख **हिब्रू ६:११,१२ र २४** मा गरिएको छ। **मत्ती १८:२०** मा येशूले भन्नुहुन्छ,“**जहाँ दुइ कि तीन जना मेरो नाउँमा भेला हुन्छन् त्यहाँ म तिनीहरुका माझमा हुनेछु।**” यो एउटा वेदी हो, दुइ वा तीन जना भेला भएको ठाउँमा येशू माझमा उपस्थित हुनुहुन्छ।

### शहरको मण्डली

धर्मशास्त्र बाइबलमा प्रेरितहरुले **एउटा शहरको मण्डलीलाई** पत्र लेखेका छन्। यरुशलेममा त्यो मण्डली प्रेरितहरु र एल्डरहरुले संचालन गर्थे(जसमा अगमवक्ताहरु पनि थिए (**प्रेरित १५:२२ र ३२**)। एन्टिओखियामा मण्डलीलाई अगमवक्ताहरु र शिक्षकहरुले संचालन गर्थे (**प्रेरित १३:१**) अनि **प्रेरित १४:२३** देखि प्रेरितहरुले हरेक ठाउँमा एल्डरहरु नियुक्त गर्ने चलन सुरु भयो। यसरी यस्ता शहर मण्डली हुन आयो जहाँ नेतृत्व कि त प्रेरितहरुले गर्थे वा प्रेरितहरुले नियुक्त गरेका एल्डरहरुले गर्थे।

### घर-घरमा भेला हुनु

धर्मशास्त्र बाइबलमा **शहरको मण्डली विभिन्न घरहरुमा भेला हुन्थे**। प्रेरितहरु घर घरमा हुने सेवाहरुमा जान्थे र प्रेरितीय सिद्धान्तको शिक्षा दिन्थे, **प्रेरित २:४२ र २०:२०**।

स्थानीय मण्डलीहरुमा सन्तहरुको संख्या बढेर सयौं र हजारौं पुग्नु बाइबल अनुसारको वृद्धि होइन। घरमा भेला हुने मण्डली यसको परिभाषाद्वारा नै संख्यामा सीमित हुन्छ। यसको अर्थ यो हो कि **उद्धार पाएको प्रत्येक व्यक्ति स्वाभाविक रुपले मण्डलीको जीवनमा सामेल भएको हुन्छ**। शहरको मण्डली कुनै समयमा सय वा हजारौं सन्तहरु भएको हुनसक्छ, तर तिनीहरु शहरका मण्डलीका एल्डरहरुको साझा देखरेखमा घरेलु मण्डलीमा भेला हुन्छन्।

**मण्डली कहाँ भेला भयो ?**

**मण्डली घर-घरमा भेला भयो।**

नयाँ करारमा,मण्डलीको जीवनको प्रारम्भिक दिनहरुमा यरुशलेमको मन्दिरको जुन चौक थियो त्यसबाहेक एउटै विशाल विश्वासी समुदाय रहेको कुनै प्रमाण छैन। नयाँ करारको विवादरहित प्रमाण यो हो कि मण्डली घर-घरमा भेटने गर्थ्यो। **प्रेरित २:४६-४७** ले भन्दछ तिनीहरु **दिनहुँ घर-घरमा** भेला हुन्थे, सङ्गतिमा हरेकका खाँचो पूरा गरिन्थ्यो; तिनीहरुले रोटी भाँच्थे, परमेश्वरको स्तुति गाउँथे र मानिसहरुले हरेक दिन उद्धार पाइरहेका थिए।

**मिलनसार घरमा मण्डली स्थापना गर्नु**

मण्डली अरु गाउँ र शहरहरुमा फैलिएपछि चेलाहरुले **मत्ती १०:६-१५** र **लूका १०:१-१२** मा येशूले तिनीहरुलाई दिनुभएको निर्देशन अनुसार काम गर्दै **मिलनसार घरहरुमा मण्डली स्थापना** गरे। प्रेरितको पुस्तकभरि र पावलका पत्रहरुमा मण्डली घर-घरमा भेला भएको धेरैवटा उदाहरणहरु छन्।

**पावलले रोमका विभिन्न सङ्गतिहरुलाई अभिवादन पठाउँछन्**

उदाहरणको निम्ति **रोमी १६:५** मा प्रिस्का र अकिलासको घरमा एउटा मण्डली थियो, **१० पद**मा पावलले अरिस्तोबुलसको घरकाहरुलाई अभिवादन भनेका छन्, **११पद**मा नर्किससलाई अभिवादन गर्छन्, **१४ पद**मा एक साथ भएका भाइहरुलाई अभिवादन गर्छन्, **१५ पद**मा नाम उल्लेख गरिएका पाँच जना भाइको साथमा हुने सन्तहरुलाई अभिवादन गर्छन्। त्यहाँ पाँचवटा मण्डलीको उल्लेख गरिएको छ, अनि यी सङ्गतिहरु रोमको मण्डली जसलाई पावलले पत्र लेखिरहेका छन् त्यसैका हिस्साहरु हुन्।

**म्यामारको अनुभव**

म्यामार(बर्मा) मा स्वदेशी मण्डलीहरुलाई सरकारले पक्का मण्डली भवनहरु बनाउने अनुमति दिँदैन। यो नजानिँदो प्रकारले एउटा आशिष् हो, कतिजना विश्वासीहरुले यस्तो कानुनप्रति अप्रसन्नता व्यक्त गर्ने गरेका छन्। यसैले मण्डली घर-घरमा भेला हुने गर्छ। त्यहाँ घुमन्ते प्रेरितलाई ग्रहण गर्ने घरेलु मण्डलीहरु एक सय भन्दा बढी छन्, तर त्यस्तोमा २० देखि ४० जना व्यक्तिहरु भेला हुन्छन्। यस्ता भेलाहरुमा आधा जति उद्धार पाउनको निम्ति आएकाहरु हुन्छन्। यहाँ हामी बाइबलको उदाहरणले काम गरिरहेको देख्छौं, हराएका आत्माहरुले उद्धार पाइरहेका छन्। म्यानमारदेखि टाढाका क्षेत्रहरुमा एक शहरदेखि अर्को शहरका घरेलु मण्डलीहरुमा सेवा गर्नु आनन्द लाग्छ। यो एउटा बाइबलीय अनुभव हो।

एकपल्ट एउटा अति एकान्त ठाउँमा झन्डै ६० जना मानिसहरु (अधिकांश विद्यार्थीहरु थिए) भेला भएका घरेलु सङ्गतिमा पेन्तिकोसको दिनमा जस्तो पवित्र आत्मा आउनुभयो। विद्यार्थीहरु र जवानहरु अन्य भाषाहरु (अंग्रेजी पनि, जुन तिनीहरुले प्रायःजान्दैन्थे) मा बोले, अगमवाणी गरे, आत्मामा नयाँ गीतहरु गाए र गहनरुपले अन्तर्विन्ती गर्दै रोए। बाटोमा हिँडिरहेका कतिजना मानिसहरु त्यहाँ के भइरहेछ भनी हेर्न आए।

**सबैभन्दा पहिलो घरेलु मण्डली**

यो भन्न सकिन्छ कि बाइबलमा पहिलो घरेलु मण्डली अदनको बगैंचामा, शीतल साँझमा आदम र हव्वाको स्थानमा भेला भएको थियो। यही ठाउँमा तिनीहरुले परमप्रभुसँग भेट गर्थे। येशूले **मत्ती १८:२०** मा भन्नुभयो,जब दुइ वा तीन जना उहाँको नाउँमा भेला हुन्छन् तब उहाँ तिनीहरुका बीचमा हुनुहुनेछ। येशूमा परमेश्वरसितको हाम्रो सङ्गति फेरि स्थापित भएको छ, जब हामी उहाँको नाउँमा भेला हुन्छौं तब प्रभुसित हाम्रो सङ्गति हुन्छ। हामीले साँझको शीतलतामा हाम्रा प्रभुको सङ्गति पाउने आशिष् पाएका छौं।

**आदम र हव्वाको घरेलु मण्डलीमा के भयो ?**

हामी मानिलिऔं कि परमप्रभु परमेश्वरले वचन सिकाउनुभयो,आदम र हव्वालाई स्पष्टरुपमा परमेश्वरको उद्धेश्य बताउनुभयो र तिनीहरुलाई शैतानका युक्तिहरुबाट होशियार बस्ने अर्थात् असल र खराबको ज्ञान दिने रुखको फल नखाने चेताउनी दिनुभयो। येशूले भन्नुभयो, यदि तिमीहरुले प्रेरितलाई ग्रहण गर्‍यौं भने मलाई ग्रहण गर्छौं। (**मत्ती १०:४०**)। येशू अझै पनि ती मानिसहरुको बीचमा आउनुहुन्छ जो उहाँको नाउँमा भेला हुन्छन्।

अदनबाट निकालिएपछि आदमको परिवारमा जीवन कस्तो भयो भन्ने कुराको कसैले पनि कल्पना गर्नुसक्छ,त्यसमा **आदमले आफना छोराहरुलाई परमेश्वरसँग हिंडने तालिम दिएको कुरा** पनि आउँछ। **उत्पत्ति** ४ को वर्णनमा हामी कयिन र हाबिलको परमेश्वरसित व्यक्तिगत सम्बन्ध रहेको पाउँछौं र यो स्पष्ट छ तिनीहरुलाई थुमाको बलिदानद्वारा छुटकारा पाइने शिक्षा दिइएको थियो।

**शेतदेखि हनोकसम्मको धर्मी वंशले** तिनीहरुका पिताहरुको परिवारमा एकदेखि अर्को पुस्तालाई तालिम दिँदै आएको संकेत दिंदछ। पहिले जन्मेको प्रत्येक छोरोको नाउँ अगमवाणी अनुसार राखिन्थ्यो र त्यसलाई परमेश्वरले दिनुहुने छुटकाराको ज्ञानमा तालिम दिइन्थ्यो। आखिरीमा नोआको परिवार, तिनकी पत्नी र तिनका तीन छोरा र तिनीहरुका पत्नीहरु सबै त्यो पुस्तामा उद्धारको सन्दूक (जहाज) बनाउन सामेल भए **चार परिवार भएको मण्डलीले नोआको प्रेरितीय नेतृत्वमा मिलेर काम गरे।** तिनीहरुलाई जुन काम गर्न बोलाइयो त्यो एउटा शक्तिशाली काम थियो, तर हामी हरेक ठाउँमा, **हरेक मिलनसार घरहरुमा मण्डली स्थापना गर्ने** बाइबलीय सेवकाइ गरेर हाम्रो पुस्तामा उद्धारको जहाज (सन्दूक) तयार गर्छौं।

**अब्राहाम, घरेलु मण्डलीका एक सफल अगुवा**

**उत्पत्ति १८:१९, "किनभने त्यसले आफना छोराछोरीहरु र घरानालाई धर्म र न्याय गरेर परमप्रभुको मार्ग पालन गर्नलाई आज्ञा दिओस् भनेर मैले त्यसलाई छानेको छु। यसैले नै परमप्रभुले अब्राहामसित गर्नुभएको प्रतिज्ञा पूरा गरिदिनुहुनेछ।"**

परमेश्वर भन्नुहुन्छ उहाँले अब्राहामलाई यसकारण चुन्नुभयो कि तिनले आफनो परिवारको प्रबन्ध राम्ररी मिलाउनसक्छ र यसैले तिनी हरेक परिवारमा विश्वासको आशिष् फुकाउँदै धेरै जातिहरुका पिता बन्नसक्छ भन्ने कुरा उहाँले अगिबाटै देख्नुभयो, **उत्पत्ति १२;३**। यो आशिष् ख्रीष्टद्वारा आउँछ र यो हरेक परिवारको निम्ति हो।

**मण्डली मुख्यरुपले घरमा स्थापना गर्नुपर्छ,यो एउटा परिवारको मण्डली हो।**

अब्राहामले आफ्नै पुत्र इसहाक प्राप्त गर्नुभन्दा धेरै अगि तिनका धेरैजना आत्मिक छोराहरू थिए। **उत्पत्ति १४:१४** ले भन्छ कि तिनीसँग घरमा नै ३१८ जना तालिम प्राप्त पुरुष(नोकर) हरु थिए,जो तिनको साथमा लडाइँमा जान सक्षम थिए। यदि यी पुरुषहरुमध्ये अधिकांश विवाहित थिए भने कल्पना गर्नुहोस् अब्राहामको देखरेखमा कति जना आत्माहरु थिए। यो घरेलु मण्डली साँच्चै एउटा यात्रा गर्ने गाउँ नै थियो : सयौं परिवारहरु पालहरुमा बसेका, जसले आफ्ना बगाल र बथानहरुको हेरचाह गर्थे। अनि यो अब्राहामको सेवकाइको प्रारम्भिक वर्षको कुरा थियो। **उत्पत्ति १८:१-१५** मा वास्तवमा **परमप्रभु आफै अब्राहाम र साराको पालमा आउनुभयो।** यही बेला परमप्रभुले इसहाक साराको गर्भमा आउने र जन्मने भविष्यवाणी गर्नुभयो। परमप्रभुको वचन घरेलु मण्डलीमा फुकाउनुपर्छ। **जहाँ दुइ कि तीन जना उहाँको नाउँमा भेला हुन्छन्“म हुँ” भन्नुहुने उपस्थित हुनुहुन्छ।** हल्लेलूयाह ! जब हामी अब्राहामको विश्वासमा सहभागी हुन्छौं तब हामी आशिष् पाउँछौं ।

**परमेश्वर हाम्रो संगतिमा हामीलाई भेटन आउनुहुन्छ र उहाँको वचन अमूल्य र शक्तिशाली हुनेछ।**

**परिवारको निम्ति एउटा पाठो**

**प्रस्थान १२** अध्ययन पढदा यो कुरा प्रकट हुन्छ कि मिश्रमा जुन इस्त्राएलीहरु बस्थे तिनीहरु सम्पूर्ण घराना मिलेर बस्थे त्यो एक व्यक्तिको परिवार भन्दा ठूलो हुन्थ्यो। परमेश्वरले मोशालाई प्रत्येक घराना (परिवार) ले एउटा पाठो तयार पार्नुपर्छ भन्ने निर्देशन दिनुभयो, **प्रस्थान १२:३**। यदि घराना साह्रै सानो छ भने तिनीहरु अर्को सानो घरानासँग मिल्नुपर्थ्यो, **पद ४**। एउटा घराना बनिनको निम्ति मानिसहरुको पर्याप्त संख्या हुन्थ्यो र त्यो सन्दर्भमा यस्तो लाग्छ औसत घराना त्यही अनुकूल आकारको हुन्थ्यो। यो चाखलाग्दो शिक्षा हो : **परमेश्वरले हरेक घरानाको निम्ति पाठोको प्रबन्ध गर्नुभएको छ**। परमेश्वरका मानिसहरुको प्रत्येक सङ्गति जो एकसाथ भेला हुन्छन्, तिनीहरुको निम्ति **एउटा पाठो छ।**

**नयाँ करारको घरेलु मण्डलीमा परमेश्वरले एउटा थुमा जुटाउनु भएको छ,जो उहाँको आफनै पुत्र हुन्। प्रत्येक घराना (घरेलु मण्डली) को निम्ति प्रबन्ध गरिएको छ र प्रत्येकलाई घरमा रोटी भाँच्ने अधिकार दिइएको छ (प्रेरित २:४६)।**

**येशू ख्रीष्ट प्रत्येक परिवारको निम्ति पाठो हुनुहुन्छ**

यस कुराको सुन्दर उदाहरण **प्रेरित १०** अध्यायामा पाइन्छ, जुन बेला कर्नेलियस र तिनका नातेदार अनि मित्रहरुसँग येशू ख्रीष्टको सुसमाचार सुनाउनको निम्ति पत्रुसलाई कर्नेलियसको घरमा निम्त्याइयो। **त्यहाँ**

**भेला भएको घरानाले परमेश्वरका थुमा येशूलाई प्रेरितको प्रचारद्वारा ग्रहण गरे।** जसरी परमेश्वरले मोशाद्वारा उहाँका मानिसहरुको निम्ति एक-एक घराना गर्दै मिश्रबाट छुटकारा प्रबन्ध गर्नुभयो त्यसरी नै अहिले उहाँले येशू ख्रीष्टद्वारा सबै मानिसहरुको निम्ति उद्धारको प्रबन्ध गर्नुभएको छ। येशू ख्रीष्टले हरेक घरमा मण्डली स्थापना गर्नको निम्ति प्रेरितहरु र सेवकहरु नियुक्त गर्नुभएको छ, जसले तिनीहरुलाई ग्रहण गर्छन्।

**घरेलु मण्डलीको निम्ति मोशालाई निर्देशन**

मोशाले घरेलु मण्डलीले दिनहुँ कसरी काम गर्नुपर्छ भन्ने कुरा सिकाए, **व्यवस्था ६:४-६**। परमेश्वरका मानिसहरुले तिनीहरुका सारा हृदय, सारा प्राण र सारा शक्तिले परमेश्वरलाई प्रेम गर्दै विश्वासीहरुको रुपमा दिनहुँ तिनीहरुका घरहरुमा काम गर्नुपर्छ।

**व्यवस्था ६:७-९, "ती तिमीहरुले आफना छोराछोरीहरुलाई होशियारी साथ सिकाओ। घरमा बस्दा, बाटोमा हिंडदा, ढल्केर सुत्दा र उठ्दा तिनको चर्चा गर। ती आफना हातमा चिन्हको लागि कसिराख। ती तिमीहरुका निधारमा बाँधिराख। ती आफ्ना घरका द्वारको चौकोस र मूल ढोकाहरुमा लेख।"**

**घरेलु मण्डली स्थापना गर्नु**

**लूका १०:१-२४**, मण्डली परमेश्वरको इच्छामा पठाइएका प्रचारकहरु (प्रेरितहरु र प्रचारकहरु) द्वारा मिलनसार घरहरुमा स्थापित गरिन्छ। लूकाको यो अध्यायमा येशूले हामीलाई हरेक ठाउँमा घरेलु मण्डलीहरु स्थापना गर्ने स्पष्ट निर्देशन दिनुहुन्छ।

**प्रभु आउनुभन्दा अगि प्रत्येक ठाउँमा जानु**

**पद १**. प्रभुले अरु सत्तरी जनालाई नियुक्त गर्नुभयो र आफू जान लाग्नुभएको हरेक ठाउँमा आफूभन्दा अगाडि तिनीहरुलाई दुइ-दुइ जना गरी पठाउनुभयो। हामीले प्रत्येक ठाउँलाई प्रभुको आगमनको निम्ति तयारी पार्नुपर्छ।

**फसलका निम्ति खेतालाहरु**

**पद २**. हामीले किन हरेक ठाउँमा मण्डली स्थापना गर्नु आवश्यक छ ? किनकि येशूले भन्नुभयो, **"फसल त प्रशस्त छ, तर खेतालाहरु थोरै छन्। यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफनो फसलमा खेतालाहरु पठाइदिऊन्।"**

**प्रशस्त विरोध**

**पद ३**. येशूले भन्नुभयो, उहाँले तिनीहरुलाई ब्वाँसाहरुका बीचमा भेडाका पाठाहरु झैं पठाइरहनुभएको छ। होशियार त्यहाँ ब्वाँसाहरु हुनसक्छन्। हरेक ठाउँमा मण्डली स्थापना गर्न जाँदा तपाईं लोकप्रिय बन्नु हुनेछैन। यदि त्यहाँ अगिबाटै स्थापित मण्डलीहरु छन् भने तपाईंले तिनीहरुबाट विरोधको सामना गर्नुपर्ने हुनसक्छ, साथै तन्त्रमन्त्र र झुटा धर्महरुद्वारा नियन्त्रित क्षेत्रहरुका दुष्टात्माबाट पनि विरोध आउन सक्छ।

**विश्वासको आज्ञापालनमा हिंडनु**

**पद** ४. हामीले आफनो साथमा केही पनि बोक्नु हुँदैन, तर परमेश्वरले सबै कुरा दिनुहुनेछ भन्ने विश्वास गर्नुपर्छ, हामीले आफनो ध्यान(उद्धेश्य) हराउनु हुँदैन (मिसनेरी पर्यटन होइन) येशूले भन्नुभयो,“ **बाटोमा कसैलाई अभिवादन नगर।**” अरु अल्मलाउने कुराहरुले तपाईंको ध्यान नहटाओस्।

**शान्तिले डोहोऱ्याइएको**

**पद** ५. त्यो घरमा पस्नु जहाँ शान्तिप्रिय मानिस बस्छ, अर्को शब्दमा भन्नुपर्दा जहाँ तपाईंलाई ग्रहण गरिन्छ।

**मिलनसार घर खोज्नुहोस्**

**पद** ६. बुझ्नु होस् के त्यो घर मिलनसार छ ? यदि मिलनसार छैन भने त्यहाँ नबस्नुहोस्।

**त्यो घरबाट सेवा गर्नु**

**पद** ७.त्यो मिलनसार घरमा बस्नुहोस्,तिनीहरुका सत्कार स्वीकार गर्नुहोस्, त्यो घरद्वारा सेवा गर्नुहोस्। हामीले प्रत्येक घरको ढोका ढकढकाउँदै जानु हुँदैन जहाँ तपाईंलाई ग्रहण गरिन्छ त्यहीँ बस्नुपर्छ।

**एउटा शहरलाई त्यसको अतिथि सत्कारद्वारा न्याय गरिन्छ**

**पद** ८. एउटा शहरले प्रभुले पठाउनुभएका प्रचारकहरुलाई जस्तो प्रकारले ग्रहण गर्छ त्यस्तै प्रकारले त्यसको न्याय गरिन्छ।

**बिरामीलाई निको पार्नु र वचन प्रचार गर्नु**

**पद** ९. मिलनसार घरमा बिरामीको निम्ति प्रार्थना गर्नुहोस्। येशूले हामीलाई बिरामीलाई निको पार्ने र परमेश्वरको राज्यको प्रचार गर्ने आदेश दिनुहुन्छ। यो खबर फैलिएपछि अरुलाई पनि चंगाइको निम्ति प्रार्थना गर्न ल्याउन सकिन्छ। त्यो घरमा परमेश्वरको निको पार्ने शक्ति उपस्थित हुन्छ। यसले येशूको विषयमा साक्षी दिने मौका ल्याउँछ।

**प्रचारकहरुलाई ग्रहण नगर्ने मानिसहरु र शहरहरुमाथि दण्ड आउनेछ**

**पद** ११,१२.तिमीहरुको खुट्टामा टाँसिएको त्यो शहरको धुलो टकटकाउनुहोस् (दण्ड आउनेछ भन्ने बारे एक अगमवाणीय कार्य, किनकि तिनीहरुले वचनलाई ग्रहण गरेनन्),तर यसो गर्दा त्यो शहरमाथि आउन लागेको दण्डको विषयमा चेताउनी दिनुहोस्।

**प्रभुलाई ग्रहण गर्नु**

**पद** १६.“**जसले तिमीहरुका कुरा सुन्छ,त्यसले मेरो कुरा सुन्छ। जसले तिमीहरुलाई अस्वीकार गर्दछ, त्यसले मलाई अस्वीकार गर्दछ, र जसले मलाई अस्वीकार गर्दछ, त्यसले मलाई पठाउनुहुनेलाई अस्वीकार।**” जब मानिसहरुले येशूको नाउँमा विश्वास गरी उहाँलाई ग्रहण गर्छन् तब तिनीहरुको नयाँ जन्म हुन्छ **यूहन्ना** १:१२। यदि मानिसहरुले प्रचारलाई इन्कार गरे तिनीहरुले प्रभुलाई इन्कार गरिरहेका हुन्छन्। हामी येशूको

नाउँमा विश्‍वास गरेर उहाँलाई ग्रहण गर्छौं। हामीले उहाँको विषयमा प्रचार गर्‍यौं भने मानिसहरुले उहाँको नाउँमा विश्‍वास गर्छन्।

**शैतानमाथि अधिकार**

**पद १७-१८.** शैतान र भूतात्माहरु हाम्रो अधीनमा छन्। शैतान हारिसकेको छ, येशूले भन्नुभयो, **"मैले शैतानलाई स्वर्गबाट बिजुली झैं खसिरहेको देखें। मैले तिमीहरुलाई सर्पहरु र बिच्छीहरु कुल्चने र शत्रुको सारा शक्तिमाथि अधिकार दिएको छु, र कुनै कुराले तिमीहरुलाई हानि गर्नेछैन।"** हाम्रा जीवन परमेश्‍वरमा ख्रीष्टसँग लुकाइएको छ, **कलस्सी ३:३**

**उद्धार**

**पद २०,** येशूले यो कुरामा जोड दिनुहुन्छ कि नयाँ जन्म पाउनु अर्थात् मानिसहरुलाई उद्धारमा ल्याउनु सबैभन्दा ठूलो आश्‍चर्यकर्म हो। हाम्रो उद्धेश्य मानिसहरुले उद्धार पाएका देख्नु हो।

**उद्धार परमेश्‍वरबाटको प्रकाशद्वारा आउँछ**

**पद २१,२२,** हाम्रो प्रचारद्वारा उहाँले मानिसहरुको उद्धार गर्न सकून् भनेर प्रभुले हामीलाई पठाउनुहुन्छ। येशूले जसलाई इच्छा गर्नुहुन्छ तिनीहरुलाई पिता प्रकट गर्नुहुन्छ (**मत्ती १६:१७**)। मानिसहरु प्रकाशद्वारा बचाइन्छन्।

**रहस्य प्रकट गरिएको**

**पद २३,२४,** हामीले ग्रहण गरेको यो सुसमाचार त्यो रहस्यको प्रकाश हो जुन पुरानो करारकालका सन्तहरुबाट लुकाइएको थियो।

**घरेलु मण्डलीमा काम गर्नु**

**प्रेरित** को पुस्तकमा हामी मण्डली स्थापना गरिएको र घर-घरमा त्यो संचालन भएको देख्छौं। यो अध्ययनमा हामी घरेलु मण्डलीले गर्ने कार्यहरु बारे हेर्नेछौं।

**जग बसालिँदैछ**

**प्रेरित २:१-१३,** पवित्र आत्माको आगमन, येशूले **प्रेरित १:८** मा प्रतिज्ञा गर्नुभए झैं उहाँले सेवकाइ गर्ने र साक्षी दिने शक्ति दिनुहुन्छ,

**पद १४-४०,** पत्रुसले प्रभु अनि ख्रीष्ट, येशूको प्रचार गर्छन्।

**पद ३७,** येशूलाई क्रूसमा टाँगिएको, उहाँ मर्नुभएको र बौरी उठनुभएको प्रचारद्वारा सुन्नेहरुका हृदय छियाछिया भए।

**पद ३८-४१,** पत्रुसले तिनीहरुलाई उद्धार कसरी पाइन्छ भन्ने कुरा बताउँछन्, त्यसको निम्ति पश्‍चात्ताप र विश्‍वास गर्नुपर्छ भन्छन्," ***तिनीहरुले खुशीसाथ वचनलाई ग्रहण गरे***, अनि पवित्र आत्मा पाए।

नयाँ मण्डलीका जगहरु प्रेरितहरुद्वारा बसालिरहेको थियो।

**मण्डली-जीवनका पाँच मुख्य कार्य**

**प्रेरित २:४२,** यो पदले मण्डली-जीवनको पाँचवटा महत्वपूर्ण कुराहरु प्रकट गर्छ

१. तिनीहरु **लागिरहे**- यस भनाइको अर्थ यो हो कि प्रारम्भिक विश्वासीहरु अरु चार कुरामा भक्तिसाथ वा अटलरुपले लागिरहे। विश्वासका कुराहरुमा पूर्ण समर्पणसहित नियमितरुपले लागेन भने मण्डलीले आफनो उद्धेश्य पूरा गर्नेछैन।

२.**प्रेरितीय सिद्धान्त (शिक्षा),**प्रेरितहरुद्वारा प्रकाश सम्बन्धी शिक्षाहरु ल्याइए।

३.**सङ्गति,** पहिलो मण्डलीले समर्पित भावले परस्परमा बाँडचूँड गरे, त्यसैकारण हरेक व्यक्तिका खाँचोहरु पूरा भए।

४.**रोटी भँचाइ (संयुक्त भोज)** : प्रभु भोजको टेबिल

५. **प्रार्थनाः** दैनिक प्रार्थना सेवाहरु

**मण्डली जीवनको यी महत्वपूर्ण कुराहरुमा लागिरहँदा प्राप्त भएका नतिजाहरु**

**पद** ४३. सबै विश्वासीको ह्दयमा भय उत्पन्न भयो। यो भय परमप्रभुको भय हो जुन पुरानो करारमा विश्वास समान छ। प्रेरितहरुद्वारा धेरै अचम्मका काम र चिन्हहरु भए। भय (विश्वास) ले आश्चर्यकर्महरु फुक्रायो।

**पद** ४४. विश्वासीहरु सबै एकसाथ बस्थे र सबैथोक आपसमा बाँडचूँड गर्थे। एउटा साँचो समाज जन्मयो।

**पद** ४५.सम्पत्तिहरु र चीजबिजहरु बेचिए,र त्यसबाट आएको पैसा समुदायका खाँचोहरु पूरा गर्न प्रयोग गरियो।

**पद** ४६. दिनहुँ- दिनहुँ लागिरहे।

० एकै मनका-सहमतिमा, व्यक्तिगत विषयहरु थिएन। व्यक्तिगत विषयलाई **अध्याय ५:१-११** मा कठोरतापूर्वक सामना गरियो।

० मन्दिरमा- तिनीहरु विश्वासीहरुको मिल्दो,असल सम्बन्ध भएको,समर्पित शरीरको रुपमा प्रस्तुत भए।

० तिनीहरुका समयको मण्डलीको संसारमा (मन्दिर)

घरहरुमा

**तिनीहरुले घर घरमा रोटी भाँचे,"एउटा घरानाको निम्ति एउटा पाठो।" प्रभुभोज (संयुक्त भोज) घरेलु मण्डलीमा अतिनै आवश्यक थियो। तिनीहरुले खुशीसाथ र सरलरुपमा आपसमा भोजन बाँडचुँड गर्थे। धेरैवटा मण्डलीहरुले घरेलु सेवा गर्ने अधिकार दिन्छन् तर रोटी भाँच्ने अनुमति कहिले पनि दिँदैनन्। विश्वासीहरुमाथि भएको सबै नियन्त्रण नहटाइन्जेल(निकोलाइटसहरुका शिक्षा), र ख्रीष्टियनहरुले मण्डलीका पाँच मुख्य कार्यहरु पूरा गर्दै दिनहुँ घर-घरमा भेला नभइन्जेल हामी येशूको निम्ति भएको हाम्रो पहिलो प्रेमको अनुभव गर्न सक्दैनौ, अनि उहाँको असल, ग्रहणयोग्य र सिद्ध इच्छा पनि पूरा गर्न सक्दैनौ।**

**पद ४७."परमेश्वरको प्रशंसा गर्दै र सबै मानिसहरुबाट शुभेच्छा पाउँदै बस्थे, उद्धार पाउनेहरुलाई प्रभुले दिनदिनै तिनीहरुको संख्यामा थपिदिनुहुन्थ्यो।"** प्रभुले उद्धार पाउन आवश्यक मानिसहरुलाई दिनहुँ मण्डलीमा थपिदिनुभयो।

**घरेलु मण्डली सन्तहरुका घर थियो**

जहाँ तिनीहरुले राती अबेरसम्म **प्रार्थना गरिरहन्थे,**

**प्रेरित ४:२३,"छुटकारा पाएर तिनीहरु आफना साथीहरुकहाँ आए, र मुख्य पूजाहारीहरु र धर्मगुरुहरुले भनेका सबै कुराहरु उनीहरुलाई बताइदिए।"** पत्रुस र यूहन्ना तिनीहरुका साथीहरुकहाँ गए र तिनीहरुलाई सबै कुरा बताए। तिनीहरुले आफना साथीहरुलाई **एउटा घरमा भेला भएका** पाए।

**एकै मनका**

**प्रेरित ४:२४,"जब तिनीहरुले यो सुने, तब तिनीहरुले एकासाथ परमेश्वरतिर आफना सोर उचाली भने।"** तिनीहरु **एकसाथ मिलेर प्रार्थना गरे।**

**फेरि साहस आयो**

**प्रेरित ४:३१,"तिनीहरुले प्रार्थना गरिसकेपछि तिनीहरु भेला भएको ठाउँमा कम्प भयो, र तिनीहरु सबैजना पवित्र आत्माले भरिए, र तिनीहरुले साहससित परमेश्वरको वचन बोले।"**

त्यो ठाउँ (घर) जहाँ तिनीहरु भेला भएका थिए त्यहाँ कम्प भयो र तिनीहरु पवित्र आत्माले भरिए। तिनीहरु त्यो ठाउँबाट बाहिर निस्के र साहससित प्रचार गर।

**सबै थोक साझा**

**प्रेरित ४:३२," विश्वास गर्नेहरुको समूह सबै एकै हृदय र एकै आत्माका भएका थिए, र तिनीहरुमध्ये एउटाले पनि आफनो धन-सम्पत्तिको केही थोक यो मेरो आफ्नो हो भनी भन्दैन थियो, तर तिनीहरुका सबै थोक साझा थिए।"** यसको परिणाम स्वरुप जागृति सुरु भयो।

**साँचो समुदायले जागृति ल्याउँछ,अरु धेरैजना त्यो समुदायको हुन चाहन्छन्। प्रेरित ४:३३,"ती प्रेरितहरु बडो शक्तिसाथ प्रभु येशूका पुनरुत्थानको गवाही दिन्थे, र तिनीहरु सबैमाथि ठूलो अनुग्रह रहेको थियो।"** परमेश्वरको शक्ति र ठूलो अनुग्रह प्रेरितहरुमाथि थियो। प्रेरितहरुले **ख्रीष्टको प्रचार** गरिरहेका थिए। **येशू समाजको निम्ति ढोका हुनुहुन्छ।**

**प्रेरितहरुका चरणमा**

**प्रेरित** ३:३४-३७ ले यी चेलाहरुको दान स्तर र वलिदानपूर्ण उदारता प्रकट गर्दछ। मानिसहरु प्रेरितहरुका चरणमा आफना पैसा दिन र उनीहरुलाई त्यो वितरण गर्ने अनुमति दिन तयार थिए। यो परमेश्वरको वचनको सिद्धान्त हो।

**दिनहुँ-तिनीहरुले प्रचार गर्न छोडेनन्।**

**प्रेरित ५:४२, "अनि हरेक दिन तिनीहरुले मन्दिरमा र घर-घरमा गएर येशू नै ख्रीष्ट हुनुहुन्छ भनी सिकाउन र प्रचार गर्न छोडेनन्।** आमेन्।

जबसम्म हामी हामीलाई ग्रहण गर्ने प्रत्येक घरमा र मन्दिर जस्तो सार्वजनिक स्थानमा येशू नै ख्रीष्ट हुनुहुन्छ भनी प्रचार गर्ने र शिक्षा दिने बाइबलीय नमूना र अभ्यासमा फर्कंदैनौं तबसम्म हामी आफूले चाहेको जीवन र ख्रीष्ट येशूको महिमाको साक्षी देख्न सक्दैनौं,हामी अझै पनि घरेलु मण्डलीलाई थोरै मात्र मान्यता दिन्छौं।धेरैवटा मण्डलीहरुले घर-घरमा रोटी भाँच्न मनाही गर्छन्, तर यो रोटी भाँच्ने सही स्थान हो। विश्वासीहरुको ठूला-ठूलो जमातमा रोटी भाँच्नु न बाइबलीय न व्यावहारिक कुरा हो।

**सुसमाचारको काम निरन्तर,खुल्लमखुल्ला र दिनहुँ घर-घरमा भइरहन्छ** । शहरको मण्डलीको एल्डरले प्रत्येक मिलनसार घरमा मण्डली स्थापना गर्नको निम्ति एकतामा रहेर काम गर्छ। प्रत्येक स्थान, प्रत्येक शहर र गाउँ बस्तीमा साँच्चै आत्मा जित्ने,प्रेरितीय घरेलु मण्डली हुनु आवश्यक छ, ताकि प्रत्येक आत्मासँग येशू ख्रीष्टको सुसमाचारको सम्पर्क होस् र प्रत्येक आत्मालाई त्यसको प्रभाव परोस्।

**एउटा जीवन गवाही**

हालैमा म विदेशको एउटा शहरमा थिएँ अनि आइतवारको दिन मैले चारवटा सेवामा प्रचार गरें। त्यहाँ नियमितरुपले आइतवारे सेवा हुन्थ्यो, प्रभुभोज पनि हुन्थ्यो। उद्धार पाउनको निम्ति कोही पनि आउँदैन थिए। तेस्रो सेवा एउटा सानो मण्डली भवनमा भएको थियो। त्यो ठाउँ मानिसहरुले भरिएको थियो। त्यहाँ प्रभु भोज भएन अनि उद्धार पाउन आएको पनि कोही थिएन। चौथो सेवा एउटा पेन्तिकोस्टल मण्डली भवनमा भएको थियो जहाँ ३ देखि ४ सय मानिसहरु थिए। त्यहाँ पनि प्रभु भोज थिएन र उद्धार पाउनलाई आउने पनि कोही थिएन।

पहिलो सेवा एउटा ठाउँको साधारण घरमा भएको थियो,जहाँ उद्धार नपाएका मानिसहरु सेवामा आएका थिए। हाम्रो अनुभव अनुसार यस्तो सेवामा रोटी भाँच्नु सजिलो ,स्वाभाविक, घनिष्ठ(व्यक्तिगत) र उद्धार पाउने शक्तिशाली वातावरण हुन्छ। घरमा रोटी भाँच्नु भन्ने कुरा बाइबलीय तरिका यही हो, जहाँ प्रेरितहरु वचनको शिक्षा दिनको निम्ति घरमा उपस्थित हुन्छन्।

**गुणन**

हरेक आइतवार समर्पित भवनहरुमा विश्वासी समुदायको साथमा सेवा गर्ने पास्टरमा असंख्यौं घरेलु मण्डलीहरु स्थापना गर्ने क्षमता हुन्छ। यस्तो काम साँच्चै प्रेरितीय काम हो र हरेक सृष्टिको निम्ति सुसमाचारको प्रभावकारी साक्षी हुन यो काम गरिनुपर्छ। जाने बाइबलीय तरिका यही हो, जुन हरेक मिलनसार घरमा मण्डलीहरु स्थापना गर्नु हो।

## अध्याय-८
## मध्यस्थ प्रार्थना
## पर्दाभित्र

**मध्यस्थ प्रार्थना के हो ?**

यो "मध्यस्थ" शब्दको अर्थ "बीचमा आउनु वा मध्यस्थ हुनु" हो। यो मध्यस्थ प्रार्थना गर्ने व्यक्ति त्यो हो जो कुनै अर्को व्यक्ति, वा परिस्थिति र परमेश्वरको बीचमा उभिन्छ। येशू हाम्रा उदाहरण हुनुहुन्छ, उहाँले नै परमेश्वरको अगि मानिसको प्रतिनिधित्व गर्नुहुन्छ।

मध्यस्थ प्रार्थना गर्ने सेवकाइ आज मण्डलीमा झन् झन् स्वीकार गरिँदै आएको सेवकाइ बनेको छ। विगतका मध्यस्थकर्ताहरुले प्रायः घन्टौं गुप्त प्रार्थनामा बिताएका छन् र तिनीहरुलाई प्रायः मण्डलीद्वारा मान्यता दिइएको (चिनिएको) छैन। आज मण्डलीको प्रेरितीय सुधारकार्य पूरा गर्नको निम्ति मध्यस्थ प्रार्थनाले महत्वपूर्ण भूमिका खेल्छ भनी स्वीकार गरिएको छ। मध्यस्थ प्रार्थना गर्नेहरुलाई कठिनाइको समयमा, वा प्रार्थना कोठाको एकान्तमा बोलाउन सकिन्छ, तर मध्यस्थ प्रार्थना गर्ने सेवकाइ आज सार्वजनिक सेवकाइ भएको छ।

**हाम्रा मध्यस्थकर्ता येशू**

**रोमी ८:३४, "मर्ने त ख्रीष्ट येशू हुनुहुन्छ, जो मरेकाहरुबाट जीवित पारिनुभयो, र परमेश्वरको दाहिने बाहुलीतर्फ हुनुहुन्छ, र हाम्रा निम्ति मध्यस्थ पनि गर्नुहुन्छ।"** येशूले पिताको अगि हाम्रो प्रतिनिधित्व गर्नुहुन्छ। उहाँ पिताको दाहिनेतर्फ हुनुहुन्छ, यो सम्मान शक्ति र अधिकारको स्थान हो।
येशूले परमेश्वरको सिंहासनमा जाने बाटो खोल्नुभएको छ।

**हिब्रू ७:२४,२५;"येशू अनन्त हुनुभएकोले उहाँको पूजाहारी पद अटल रहन्छ। फलस्वरुप उहाँद्वारा परमेश्वरको नजिक आउनेहरुलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ। किनभने तिनीहरुका निम्ति मध्यस्थको प्रार्थना चढाउन उहाँ सदैव जीवित रहनुहुन्छ।"** हामी येशूद्वारा परमेश्वरकहाँ आउँछौं। उहाँद्वारा हामी परमेश्वरको सिंहासनमा पनि जान सक्छौं।

**१तिमोथी २:५, "किनकि परमेश्वर एउटै हुनुहुन्छ, परमेश्वर र मानिसहरुका बीचमा मध्यस्थ पनि एउटै हुनुहुन्छ, मानिस येशू ख्रीष्ट।"** येशू त्यो व्यक्ति हुनुहुन्छ जो परमेश्वर र मानिसको बीचमा उभिनु हुन्छ। उहाँले हाम्रो अगि परमेश्वरको प्रतिनिधित्व गर्नुहुन्छ, र हाम्रा मध्यस्थकर्ताको रुपमा उहाँले परमेश्वरको अगि हाम्रो प्रतिनिधित्व गर्नुहुन्छ। मुक्तिको सन्दर्भमा **येशू परमेश्वरबाट मानिसकहाँ** आउनुभएको मध्यस्थकर्ता हुनुहुन्छ। तर उहाँको प्रधान पूजाहारीको भूमिकामा स्वर्गीय स्थानहरुमा पिताको दाहिने हाततर्फ बसेर उहाँले हाम्रो

निम्ति **परमेश्वरको अगि हाम्रो** प्रतिनिधित्व गरिरहनुभएको छ। सुसमाचार प्रचारमा येशूको सुसमाचार प्रचार गर्दा उहाँ परमेश्वरबाट मानिसकहाँ आउनुहुने मध्यस्थकर्ता हुनुहुन्छ। हामीले ख्रीष्टको प्रचार गर्दा मानिसहरुले उद्धार पाउँछन्, किनकि तिनीहरुले उहाँलाई ग्रहण गर्छन् जसले परमेश्वरको प्रतिनिधित्व गर्नुहुन्छ। तर जब हामी उद्धार पाउँछौं र येशूको नाउँमा परमेश्वरसित प्रार्थना गर्छौं त्यसबेला येशूले महान् प्रधान पूजाहारी भइ हाम्रा प्रार्थनाहरु लिनुहुन्छ र परमेश्वरको अगि हाम्रो प्रतिनिधित्व गर्नुहुन्छ।

यहाँ दुइटा भूमिका छन्; **क. मध्यस्थकर्ताको रुपमा येशूले परमेश्वरको अगि हाम्रो प्रतिनिधित्व गर्नुहुन्छ,**
**ख.मध्यस्थकर्ताको रुपमा हाम्रो अगि उहाँले परमेश्वरको प्रतिनिधित्व गर्नुहुन्छ, विशेषगरी मुक्तिको सन्दर्भमा।**

जसरी येशू हाम्रा मध्यस्थकर्ता हुनुहुन्छ त्यसरी **हामी पनि अरुको निम्ति मध्यस्थकर्ता हुन बोलाइएका छौं।** अहिले परमेश्वरले सबै ठाउँमा मध्यस्थकर्ताहरु खडा गरिरहनुभएको छ, जो अरु मानिसहरु वा परिरस्थितिको निम्ति धाँदोमा खडा हुन्छन्, र प्रार्थनाद्वारा हामी उहाँको हृदयको इच्छा जान्नसक्छौं र त्यो खाँचोमा उहाँको इच्छा प्रकट गर्नसक्छौं।

मध्यस्थ साधारण प्रार्थनाभन्दा महत्वपूर्ण कुरा हो, यो परमेश्वरकहाँ विन्ती प्रकट गर्नु हो। **फिलिप्पी ४:६,७** मा हामीलाई आफना निवेदनहरु प्रार्थनाद्वारा परमेश्वरलाई जनाउनु भनिएको छ, प्रार्थना सबैले गर्नसक्छन्। मध्यस्थ प्रार्थना भिन्नै हुन्छ, यो प्रार्थनाको अझ गहिरो स्तर हो।
**मध्यस्थ प्रार्थनामा प्रवेश गर्दा परमेश्वरमा पूर्ण समर्पित हुनुपर्छ।**

कुनै पनि व्यक्तिले कुनै पनि बेला मध्यस्थ प्रार्थनामा प्रवेश गर्नसक्छ, तर कतिजनासँग मध्यस्थ प्रार्थना नै गर्ने विशेष सेवकाइ हुन्छ र तिनीहरुले यो सेवकाइ गर्नको निम्ति आफैलाई पूर्णरुपले परमेश्वरमा उपलब्ध गराउँछन्, अनि जुनै प्रकारले पनि र उहाँले जसरी चाहनुहुन्छ त्यसरी नै तिनीहरुद्वारा प्रार्थना गर्ने अनुमति उहाँलाई दिन्छन्।

**मध्यस्थ प्रार्थना गर्ने सेवकाइ**

प्रभुले हामीलाई मध्यस्थ प्रार्थनामा तीन प्रकारले प्रयोग गर्न सक्नुहुन्छ।

१.**मध्यस्थ प्रार्थनाले** परमेश्वरको शक्ति फुकाउनको निम्ति **"खुल्ला स्वर्गहरु" सृजना गर्न सक्छ**। मध्यस्थ प्रार्थनाद्वारा स्वर्गका सेनाहरुलाई प्रधानताहरु र शक्तिहरुको विरुद्धमा लडाइँ गर्न छाडिन्छ। हाम्रो लडाइँ यस युगको अन्धकारका शासकहरु र स्वर्गीय स्थानहरुमा भएका दुष्टयाइँका आत्मिक सेनाहरुको विरुद्धमा छ **एफिसी ६:१२**। मध्यस्थ प्रार्थना मुख्य प्रभाव स्वर्गीय स्थानहरुमा पर्छ, जब मध्यस्थ प्रार्थनाद्वारा स्वर्गदूतको फौज (स्वर्गका सेना) लाई शैतानका यी शक्तिहरुको विरुद्धमा लड्नको निम्ति छोडिन्छ। यसरी मध्यस्थ प्रार्थनाले परमेश्वरको शक्ति बनाउनको निम्ति खुल्ला स्वर्ग सृजना गर्दछ।

अगमवक्ता एलीशा मध्यस्थकर्ता थिए जसले तिनको वरिपरि स्वर्गका सेना छ भन्ने जानेका थिए। **२ राजा ६:१७** मा जब एलिशाले तिनको चाकरको आँखाहरु खोलिऊन् भनी प्रार्थना गरे, जब त्यो चाकरले

**“एलीशाका वरिपरिका डाँडाहरु अग्निमय घोडाहरु र रथहरुले भरिएका देख्यो।”** तिनीहरु मध्यस्थ प्रार्थनाको क्षेत्रमा हिँड्थे, यसरी तिनको प्रार्थनाद्वारा स्वर्गदूतहरुका सेनाले सिरियाका सेनामाथि विजय पायो।

यसको उदाहरण **प्रस्थान १७:८-१६** मा पाइन्छ। यहोशूले उपत्यकामा अमालेकीहरुसँग लडाइँ गरिरहेका थिए। मोशा माथि डाँडामा प्रार्थना गरिरहेका थिए तिनले प्रार्थनामा हात माथि उचाल्दा यहोशू र इस्राएली सेनाको विजय हुन्थ्यो, तर तिनले हात गलेर तर झार्दा अमालेकीहरु विजयी हुन्थे। अन्त्यमा विजय प्राप्त गर्नको निम्ति मोशालाई मध्यस्थ प्रार्थनामा सहायता गर्न मानिसहरु तिनको दुवैपट्टि उभिन पर्‍यो।

हामी यस्ता परिस्थितिहरुमा परेका छौं जहाँ आत्मिक रुपले अगि बढ्नु गाह्रो भएको छ। प्रभुले मध्यस्थ प्रार्थना फुकाउन भएको छ जसले एउटा प्रगति ल्याएको छ र वचन शक्तिसहित अघि बढन सकेको छ,जुन चिन्हहरुद्वारा पुष्टि भइरहेको छ (उदाहरण युगाण्डा)

२. **मध्यस्थकर्ताले** परमेश्वरसित भएको तिनीहरुका सम्बन्धको कारण **परमेश्वरको उपस्थिति ल्याउँछ।** मध्यस्थकर्ताले परमेश्वरको हृदयको इच्छा जान्नको निम्ति उहाँसँग घनिष्ठ सम्बन्ध राख्नुपर्छ, र परमेश्वरको निम्ति उपलब्ध हुन इच्छुक हुनुपर्छ, अनि उहाँले दिनुहुने बोझहरुको निम्ति प्रार्थना गर्न विश्वासयोग्य हुनुपर्छ। साधारणतः हामी जो कसैलाई पनि आफनो मनको कुरा, हाम्रो अति व्यक्तिगत खाँचोहरु बारे बताउँदैनौं। हामी त्यस्ता कुराहरु आफनो घनिष्ठ मित्र र भरोसायोग्य मित्रलाई मात्र भन्छौं। परमेश्वर पनि त्यस्तै हुनुहुन्छ। उहाँले पनि आफना हृदयका कुराहरु तिनीहरुलाई मात्र भन्नुहुन्छ, जसले उहाँको इच्छा अनुसार प्रार्थना गर्छन् भनी उहाँ विश्वास गर्नुहुन्छ।

**मध्यस्थकर्ताले सेवामा परमेश्वरको उपस्थिति ल्याउन सक्छ।** जहाँ अभिषेक बगिरहेको हुँदैन, वा जहाँ वचन प्रकट गर्न संघर्ष गर्नुपर्छ त्यहाँ मध्यस्थ प्रार्थनाले सेवामा परमेश्वरको उपस्थिति ल्याउँछ र आत्मिक वातावरणलाई बदालाउँछ। यो संचालन गर्ने वरदानको उदाहरण हो जसलाई **१ कोरिन्थी१२:२८** मा प्रशासन गर्नेहरु भनिएको छ। ग्रीकमा यो शब्दको मूल अर्थ हुन्छ “जहाज चलाउनु वा परिचालन गर्नु”। यसैले मध्यस्थकर्ताले यदि ऊसँग भएको वरदान यही नै हो भने सेवालाई ठीक बाटोमा फर्काउन सक्छ। मध्यस्थकर्ता बिजुली परिचालन गर्ने यन्त्र जस्तो प्रयोग गरिन्छ, जुन यन्त्रले बिजुलीको चमकलाई तान्छ र त्यसलाई पृथ्वीमा पठाउँछ। मध्यस्थकर्तालाई सेवामा पवित्र आत्माको शक्ति ल्याउने माध्यमको रुपमा पनि प्रयोग गर्न सकिन्छ।

३.**मध्यस्थ प्रार्थनाद्वारा हामी एक लङ्गरको काम गर्छौं,** प्रार्थनामा ती सबैलाई एकत्र गर्छौं जसलाई परमेश्वरले हाम्रो हृदयमा राख्नुहुन्छ र प्रार्थनामा तिनीहरुलाई सुरक्षित परमेश्वरमा राख्छौं(**हिब्रू ६:१६**)। मध्यस्थकर्ता पर्दापछि गएको  छ र सन्तहरुको निम्ति तिनीहरुले गर्ने मध्यस्थ प्रार्थनाको सेवकाइद्वारा तिनीहरु मानिसहरुलाई  त्यहाँ अर्थात् पर्दापछाडि सुरक्षित राख्न सक्षम छन्। जब हामी परिवार, प्रियजन, सङ्गतिका सदस्यहरु, स्वदेश र विदेशका सम्बन्धित सङ्गतिहरुलाई  मध्यस्थ प्रार्थनामा सिंहासनको अगि ल्याउँछौं

त्यसबेला हामी तिनीहरुलाई  चट्टानमा बलियोसँगले अड्काइरहेका हुन्छौं, जुन **चट्टान** येशू हुनुहुन्छ।

**परमेश्वरको  सिंहासन**

पर्दाभित्र प्रार्थना गर्ने एउटा ठाउँ छ जुन ठाउँमा हामी प्रार्थना गर्दै पस्न सक्छौं, र जब हामी यो ठाउँमा पस्न सक्ने हुन्छौं तब हामी विभिन्न कुराहरु भएका देख्न सक्छौं। यो ठीक परमेश्वरको उपस्थितिमा र उहाँसँग घनिष्ठमा रहने ठाउँ हो। मध्यस्थ बिन्ती गर्ने एउटा ठाउँ हो परमेश्वरको सिंहासन।

**हिब्रू अध्याय ६** ले भन्छ पहिलो करारमा एउटा सांसारिक पवित्रस्थान थियो, पहिलो कोठा जसमा सामदान,टेबल र भेटीका रोटीहरु थिए,त्यसलाई पवित्रस्थान भनिन्थ्यो। मोशाको पवित्रस्थानमा धुपको वेदी पनि पवित्रस्थानमा थियो, तर **हिब्रू**को पुस्तकमा भनिएको छ कि सुनको धुपौरो,(वास्तवमा धुपको वेदी) महापवित्रस्थानमा करारको सन्दूकको अगाडि थियो। यो पर्दाभित्रको मध्यस्थ प्रार्थना गर्ने वेदी हो। येशू मर्नुहुँदा त्यो पर्दा च्यातियो। त्यो पर्दा येशू हुनुहुन्छ,जो हाम्रो निम्ति च्यातिनु भयो। केवल येशूद्वारा मात्र हामी महापवित्रस्थानमा प्रवेश गर्नसक्छौं, जहाँ हामीले आफना मध्यस्थ प्रार्थनाहरु चढाउनु पर्छ।

**हिब्रू ४:१६,“यसकारण साहससँग अनुग्रहको सिंहासन (पर्दाभित्र) नजिक जाऔं, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्नसकौं।”** हाम्रा महान् प्रधान पूजाहारी येशूको कारण र उहाँले हाम्रो निम्ति जे गर्नुभएको छ त्यसको कारण हामी साहससित सिंहासनमा आउन सक्छौं। सिंहासन शक्तिको आसन हो, जहाँ राजा शासन र राज्य गर्नुको निम्ति बस्छन्। परमेश्वर सिंहासनमा हुनुहुन्छ। येशू पनि सिंहासनमा हुनुहुन्छ, जो पिताको दाहिने हातपट्टि बस्नुभएको छ।

**हिब्रू १:८,“हे परमेश्वर, तपाईंको सिंहासन सदासर्वदाको निम्ति रहिरहन्छ।”** परमेश्वरको सिंहासन सदा रहन्छ, त्यसलाई हटाउन सकिंदैन।

**दाहिनेपट्टि बस्नुभएको**

**हिब्रू ८:१,“अब हामीले भन्न चाहेको कुराचाहिँ यही होः हाम्रा प्रधान पूजाहारी हुनुहुन्छ, जो स्वर्गमा महान् परमेश्वरका सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ।”** येशू राजा-पूजाहारी हुनहुन्छ जो स्वर्गमा महान् परमेश्वरको दाहिनेपट्टि विराजमान हुनुहुन्छ।

**हिब्रू १२:२,“हाम्रा विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं, जसले उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति अपमानलाई केही जस्तो नठानी क्रूसको कष्ट भोग्नुभयो र परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ।”** येशू परमेश्वरका  सिंहासनको दाहिनेपट्टि बस्नुभएको छ। यही बसेर उहाँले हाम्रो निम्ति मध्यस्थ प्रार्थना गर्नुहुन्छ। हामी यही ठाउँमा प्रार्थनामा प्रवेश गर्नुपर्छ।

**परमप्रभु हाम्रो झन्डा हुनुहुन्छ**

**प्रस्थान १७:१५,१६,“मोशाले त्यहाँ एउटा वेदी बनाएर त्यसको नाउँ परमप्रभु मेरो झन्डा राखे। अनि तिनले भने, परमप्रभुको सिंहासनतर्फ हातहरु उचालिएका थिए।”** जब-जब वेदी बनाइयो र त्यसमाथि परमप्रभुको नाउँको घोषणा गरियो, तब त्यो पृथ्वीमा प्रकट गरिएको परमेश्वरको वेदी बन्यो। यहाँ प्रकट गरिएको

परमप्रभुको नाउँ "यह्वे निस्सी",परमप्रभु मेरो झन्डा हो। यो प्रकाश मध्यस्थ प्रार्थनाद्वारा आएको हो, किनकि **पद १६** ले स्पष्ट भन्छ, परमप्रभुको सिंहासनतर्फ हात उचालिएको थियो। मोशाको मध्यस्थ प्रार्थना त्यसबेला मात्र सफल भयो जब तिनका हातहरु उचालिएका थिए र परमेश्वरले विजय दिनुभयो, तिनका हात परमेश्वरका सिंहासन तिर उचालिएका थिए।

**मध्यस्थ प्रार्थनाद्वारा परमेश्वरले हामीलाई उहाँको सिंहासन छुन दिनुहुन्छ र पृथ्वीमा उहाँको शक्ति फुकाउनुहुन्छ।**

**पवित्र आत्मा र मध्यस्थ प्रार्थना**

**पवित्र आत्माले अनुग्रह फुकाउनुहुन्छ**

**प्रकाश १:४, "उहाँबाट तिमीहरुलाई अनुग्रह र शान्ति, जो हुनुहुन्छ,जो हुनुहुन्थ्यो, जो हुन आउनुहुनेछ, र उहाँको सिंहासन अगि रहनुहुने सात आत्माबाट।"** पवित्र आत्मा उहाँको सिंहासनको अगि हुनुहुन्छ र उहाँले हामीलाई अनुग्रह पठाउनुहुन्छ। **यशैया ११:२** ले भन्दछ कि प्रभुको आत्मा बुद्धि र समझका आत्मा, सल्लाह र शक्तिका आत्मा, ज्ञान र परमप्रभुको भयको आत्मा हुनुहुन्छ। जब हामी मध्यस्थ प्रार्थना गर्छौं त्यसबेला हामीले पवित्र आत्माको आवाज सुनिरहेको हुनुपर्छ, यसरी हामी उहाँको बुद्धि र सल्लाहद्वारा डोऱ्याइन सक्छौं र उहाँको इच्छा अनुसार प्रार्थना गरिरहेका हुनसक्छौं। मध्यस्थ प्रार्थना गर्नु भनेको पवित्र आत्माको आवाज सुन्नु, उहाँमा पर्खनु हो,उहाँ आउनुहुन्छ र पिताको हृदयमा हाम्रो निम्ति के छ त्यो प्रकट गर्नुहुन्छ। यदि मध्यस्थ प्रार्थना यस्तो प्रकारले आउँछ जब के भइरहेको छ भनी हामी पूर्णरुपले बुझ्न सक्दैनौं तब पवित्र आत्मासँग प्रार्थना गर्दै के भइरहेको छ देखाइ दिनुहोस् भन्नुपर्छ। मध्यस्थ प्रार्थना के को निम्ति गरिन्छ ? त्यो उहाँले तपाईंलाई देखाउनुहुनेछ।

**पवित्र आत्माले हाम्रो प्रार्थनामा हामीलाई सहायता गर्नुहुन्छ**

जब हाम्रो हृदयमा एउटा बोझ हुन्छ, तर हामी कसरी प्रार्थना गर्नुपर्ने हो भनी जान्दैनौं त्यसबेला पवित्र आत्माले हामीलाई सहायता गर्नुहुन्छ। **रोमी ८:२६, "त्यसै गरी पवित्र आत्माले पनि हाम्रो दुर्बलतामा सहायता गर्नुहुन्छ। कसरी प्रार्थना गर्नुपर्ने हो हामी जान्दैनौं, तर शब्दहरुमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले हाम्रा निम्ति मध्यस्थता गर्नुहुन्छ।"** पवित्र आत्माले हामीद्वारा परमेश्वरको इच्छा अनुसार प्रार्थना गर्नुहुनेछ, **रोमी ८:२७, "मानिसहरुका हृदयको खोजी गर्नुहुनेले पवित्र आत्माको विचार के हो सो जान्नुहुन्छ, किनकि परमेश्वरको इच्छा अनुसार पवित्र आत्माले सन्तहरुका निम्ति मध्यस्थ गर्नुहुन्छ।"**

**पवित्र आत्माले भनेका सुन्नु**

विजय बन्ने कडी आत्माले भनिरहनुभएको कुरा सुन्नु हो। **प्रकाश ३:२१** मा परमेश्वरको प्रतिज्ञा यो छ,**"जसले जित्छ, त्यसलाई म मेरो सिंहासनमा मसित बस्न दिनेछु, जसरी म आफैले पनि जितें र मेरा पितासँग उहाँको सिंहासनमा बसेको छु।"**

हामी विजेता बनेका परमेश्वर चाहनुहुन्छ, पाप-स्वभावमाथि विजयी बन्न अब हामी पुरानो मनुष्यत्वको अधीनमा छैनौं। परमेश्वरको सिंहासनमा हाम्रो निम्ति एउटा ठाउँ छ र त्यो हामी प्रार्थनाद्वारा महान्

कुराहरुलाई आज्ञा दिन सक्छौं।

**प्रकाशको पुस्तकमा मध्यस्थ प्रार्थना**

**आराधना र मध्यस्थ प्रार्थना**

**प्रकाश ४:२,११,** यी पदहरुले परमेश्वरको सिंहासनमा के-कस्तो हुन्छ भन्ने कुराको वर्णन गर्दछ। जब हामी मध्यस्थ प्रार्थनामा परमेश्वरको सामुन्ने जान्छौं तब हामीले उहाँ कति महान् हुनुहुन्छ भन्ने कुरा महसुस गर्नुपर्छ। सिंहासनमा परमेश्वरका दर्शनहरु छन् । किनकि मध्यस्थ प्रार्थना गर्नेहरु आराधना गर्नेहरु हुन्। हामी परमेश्वरको सिंहासनमा आराधना गर्छौं। हामी पवित्र परमेश्वरकहाँ आउँछौं जो हाम्रो प्रशंसाको योग्य हुनुहुन्छ र हाम्रा सबै आदरको योग्य हुनुहुन्छ। स्वर्गमा उहाँका सिंहासनमा उहाँको उपस्थितिको त्यस्तै शक्तिशाली चिन्हहरु छन् जुन पवित्र पर्वतमा उहाँ मोशाको अगि देखापर्नु हुँदा थियो (बिजुलीको चमक र गर्जन)। यहीँ नै परमेश्वर मोशाको अगि देखा परेर तिनीसँग बोल्नुभएको थियो। हामी पनि प्रार्थनामा परमेश्वरसँग बोल्न र उहाँले हामीलाई भन्न चाहनुभएको कुरा सुन्न यही ठाउँमा आउनुपर्छ। हामी अनुग्रहको सिंहासन अगि मध्यस्थ प्रार्थना गर्न आउँछौं।

**प्रकाश ५:१-१३,**
**पद १.**परमेश्वरसँग सिंहासनमा हुनुहुन्छ। येशू सिंहासनको माझमा हुनुहुन्छ, परमेश्वरका सात आत्मा सिंहासनमा छन्। **पद ६.** यो परमेश्वरको उपस्थिति भएको विस्मयकारी ठाउँ हो। यही ठाउँमा उहाँले हामीलाई मध्यस्थ प्रार्थनामा आउन दिनुहुन्छ। त्यहाँ स्वर्गदूतहरु छन् जसले सन्तहरुका प्रार्थना संकलन गरिरहेका छन्,**पद ८** धुपले भरिएको सुनका पात्रहरु। सिंहासनमा हाम्रा प्रार्थनाहरु सुनिन्छ र ग्रहण गरिन्छन्।

**चर्मपत्रको मुट्ठो**
**पद ८.** परमेश्वरसँग चर्मपत्रको मुट्ठो छ, जसरी हामी प्रकाशको पुस्तकमा पढछौं, त्यो चर्मपत्रको मुट्ठो पढदा परमेश्वरको योजना प्रकट हुन्छ। परमेश्वरको योजना के छ भनी हामी कसरी जान्न सक्छौं ? उहाँको सिंहासनमा आएर, प्रार्थना आराधना र मध्यस्थ प्रार्थना उहाँको साक्षात् उपस्थितिमा आएर। उहाँले हामीलाई उहाँको योजना प्रकट गर्नुहुनेछ, उहाँले के गर्न लाग्नुभएको छ त्यो हामीलाई बताउनुहुनेछ।
**पद ११.** सिंहासनका वरिपरि धेरै स्वर्गदूतहरु छन्। मध्यस्थ प्रार्थनाले स्वर्गदूतहरुलाई पिताको इच्छाको काम गर्न पठाउँछ।

**प्रकाश ६:१५,१६,"तब पृथ्वीका राजाहरु,राजकुमारहरु, जनरलहरु, धनीहरु, बलियाहरु,हरेक दास र स्वतन्त्र मानिस पहाडका गुफाहरु र चट्टानहरु हुँदो लुके। तिनीहरुले पहाडहरु र चट्टानहरुलाई भने,"हामीमाथि खस, र सिंहासनमा विराजमान हुनुहुनेको मुहारबाट, र थुमाको क्रोधबाट हामीलाई लुकाओ।"** यदि हाम्रा हृदयमा पाप छ भने हामी सिंहासनको नजिकमा जान र उहाँको उपस्थितिमा आउन सक्दैनौं। हामी उहाँदेखि लुक्न खोज्ने छौं। मध्यस्थ प्रार्थनामा परमेश्वरको नजिक आउनको निम्ति हामीमा

नम्र हृदय हुनुपर्छ र हामी पवित्रता र शुद्धतामा हिँडेका हुनुपर्छ।

**मुक्ति**

**प्रकाश ७:९,१०, "यसपछि कुनै मानिसले गन्न नसक्ने एउटा ठूलो भीड, जो हरेक जाति, सबै कुलहरु, मानिसहरु र भाषा बोल्नेबाट थियो, सेतो पोशाक पहिरेर हातमा खजूरका हाँगा लिई सिंहासन र थुमाको सामुन्ने उभिरहेको मैले देखे। तिनीहरु उच्च सोरले कराए:"सिंहासनमा विराजमान हुनुहुने हाम्रा परमेश्वर र थुमामा मुक्ति छ।"** हामी सिंहासनको अगि गएर आत्माहरुको उद्धारको निम्ति अर्जविन्ती गर्नसक्छौं। हरेक भाषा, कुल र जातिबाट असंख्यौंले उद्धार पाउनेछन्।

**पद १३-१५**, हामी थुमाको रगतमा धोइएका सेतो पोशाकहरु लाएर मात्र उहाँको उपस्थिति भित्र आउन सक्छौं। सिंहासनमा आउन सक्ने तिनीहरु हुन् जो पूर्णरुपले उहाँमा समर्पित हुन्छन्। जसले आफनो मुक्तिको वास्तविकतालाई बुझेका हुन्छन् र त्यसलाई महत्व दिन्छन्,तिनीहरुले ठीक पोशाकहरु पहिरेका हुन्छन्। तिनीहरु उहाँको अगि आउँदा उहाँले तिनीहरुलाई ग्रहण गर्नुहुनेछ,तिनीहरुले रात दिन उहाँको मन्दिरमा उहाँको सेवा गर्छन्। जो थुमाको रगतले शुद्ध पारिएका र धोइएका छन् र जो अहिले उहाँप्रति पूर्णरुपले समर्पित छन् तिनीहरुलाई सम्मान वा इनाम स्वरुप परमेश्वरले उहाँको मन्दिरमा रातदिन उहाँको सेवा गर्न दिनुहुनेछ। (**पद १५**)।

**हन्नाको उदाहरण**

लूका २:३६-३८,हन्ना एक अगमवादिनी थिइन् , तर तिनी एक मध्यस्थकर्ता पनि थिइन्। तिनी प्रार्थना गर्ने ठाउँमा बस्थिन्,तिनले परमेश्वरको उपस्थितिमा घनिष्ठताको स्थानलाई जान्दथिइन् र तिनले **उपवास र प्रार्थनासहित रातदिन परमेश्वरको सेवा गर्थिन्**। परमेश्वरले तिनलाई इनाम दिनुभयो, तिनले अगमवाणीय प्रकाश पाइन् र प्रभु आउनुभएको दिनलाई चिन्न सकिन्। आखिरी समयका मध्यस्थकर्ताले प्रभुको आगमन देख्नेछन्।

**मध्यस्थ प्रार्थनाले न्याय प्रकट गर्छ (फुकाउँछ)**

**प्रकाश ८:३-५**,मध्यस्थ प्रार्थनाले परमेश्वरको शक्ति, उहाँको आगो,उहाँको न्याय प्रकट गर्छ। परमेश्वरले हामीलाई प्रार्थनामा विभिन्न कुराहरुलाई आज्ञा दिने अधिकार दिनुभएको छ।

**मध्यस्थ प्रार्थनाले परमेश्वरको नदीलाई बगाउँछ**

**प्रकाश २२:१-३**,परमेश्वरको नदी सिंहासनबाट बग्छ। सिंहासनमा गरिने मध्यस्थ प्रार्थनाले परमेश्वरको नदीलाई बगाउँछ। यसले मानिसहरुका जीवनमा ताजापन ल्याउँछ, यसले मानिसहरुमा चंगाइ ल्याउँछ।
**प्रकाश २२:१७**,अन्तमा मध्यस्थ प्रार्थनाले प्रभुलाई फर्की आउने आव्हान् गर्छ,**पद २०**
**"आमिन्,आउनुहोस्,हे प्रभु येशू!"**

**प्रेरितहरु र मध्यस्थ प्रार्थना गर्नेहरु**

मध्यस्थ प्रार्थना गर्नेहरुको एउटा भूमिका छ वा अग्रिम पंक्तिमा हुनेहरुलाई प्रार्थनामा सहायता गर्ने भूमिका छ। जो प्रेरितहरु,अगमवक्ताहरु प्रचारकहरु,पास्टरहरु र शिक्षकहरु छन् तिनीहरुले आफूलाई सहयोग गर्ने र तिनीहरुका निम्ति प्रार्थना गर्ने मध्यस्थकर्ताहरु खडा गर्नुपर्छ।

यसको एउटा उदाहरण **इजकिएल २२:३०** हो,**"पर्खाल निर्माण गरिदिने र देश मद्वारा नष्ट नहोस् भनी देशको लागि मेरो सामुन्ने धाँदोमा उभिदिने एउटा मानिस तिनीहरुको बीचमा मैले हेरें।"** यो पद धेरैचोटि मध्यस्थकर्ताको भूमिको उदाहरणको रुपमा प्रयोग गरिन्छ। यो पदको एउटा अर्थ मध्यस्थकर्ताले प्रार्थनामा पर्खाल निर्माण गर्नसक्छ र मानिसहरुलाई सम्भावित खतराबाट बचाउन सक्छ भन्ने छ, तर प्रभुले यो पदको अर्को अर्थ प्रकट गर्नुभएको छ। यसले एक जना यस्तो व्यक्तिको बारेमा बताउँछ जसले पञ्चदलीय सेवकाइका वरदानहरुको सन्दर्भ निर्माण गर्छ-

**पर्खाल निर्माण गर्ने प्रेरित हो**

ऊ ठीक ठाउँमा जग बसाल्न र त्यसमाथि निर्माण गर्नको निम्ति बोलाइएको व्यक्ति हो, तर त्यो काम नगरुन्जेल कतिपय धाँदोहरु र कमजोरीहरु हुन्छन् जसको विषयमा मध्यस्थकर्ताले प्रार्थना गर्नुसक्छ, जसको कारण शत्रुभित्र पस्न सक्तैन।

**नहेम्याह,एक प्रेरित**

**नहेम्याह ४:१६** यसको एउटा उदाहरण हो,**"त्यस दिनदेखि उसो मेरो अधीनमा भएका आधा मानिसहरुचाहिँ निर्माण गर्ने काममा लागे र अर्को आधाचाहिँ आफना भाला,दाल,धनु र झिलम लाएर तयार भइरहे।"** पर्खाल निर्माण गर्दै गर्दा त्यहाँ धाँदोमा उभिएर काम गर्नेहरुलाई सुरक्षा दिने व्यक्तिहरु थिए। जब मध्यस्थकर्ताले प्रार्थना गर्छ तब तुरुन्तै काम अघि बढाउने स्वतन्त्रता हुन्छ। यो प्रेरित र निर्माण कार्य पूरा होस् भनी एकसाथ मिलेर काम गर्ने मध्यस्थकर्ताको भूमिका महत्वपूर्ण छ, जो प्रत्येक सेवकाइका वरदानको प्रकटीकरणको छेउमा उभिनुपर्छ।

**पुरानो करारबाट मध्यस्थकर्ताको उदाहरण**

**१ राजा १८:४१-४६**,यहाँ हामी एलिया तिनले कर्मेल डाँडामा बालका अगमवक्ताहरुको सामना गरिसकेपछि पानी परोस् भनी परमेश्वरसँग बिन्ती गर्न आएको देख्छौं।

**पद ४१**.एलियाले आहाबलाई के हुन गइरहेको छ भन्ने कुरा बताउँछ। परमेश्वरले के गर्नलाग्नुभएको छ भन्ने कुरा तिनले अगिबाटै जान्दछ। परमेश्वरले हुनलागेको कुरा मध्यस्थकर्तालाई प्रकट गर्नुहुन्छ,र मध्यस्थकर्ताले प्रार्थनाद्वारा त्यो कुरा जन्माउँछ।

**पद ४२**.एलियाले यहाँ पूर्वीय संसारका स्त्रीहरु बच्चा जन्माउँदा जुन आसनमा बस्छन् त्यस्तै आसन लिएका छन्,यो आसन घोर पीडा र बच्चा जन्माउँने आसन हो।

**पद ४३**.एलियाले लामो समयसम्म प्रार्थना गरिरहे, तिनको चाकर पानी पर्ने लक्षण हेर्नको निम्ति सातचोटि बाहिर जानपर्‍यो।

**पद ४४.**त्यो चिन्ह(लक्षण) देखा परेपछि एलियाले आफू त्यो मध्यस्थ प्रार्थनाबाट स्वतन्त्र भएको जाने, तिनले पानी नपरुन्जेल बिन्ती गरिरहनु पर्दैन भनी जाने। एलियाले त्यो चिन्हलाई परमेश्वरको उत्तरको रुपमा ग्रहण गरे।

**पद ४६.**एलियाको मध्यस्थ प्रार्थनाद्वारा अलौकिक शक्ति प्रकट गरियो।

**नयाँ करारमा मध्यस्थ प्रार्थनाको उदाहरण**

**यूहन्ना ११.**मा हामी लाजरसको मृत्युको बारेमा पढछौं।

**पद ४.**येशूले यहाँ के हुन लागेको छ भन्ने कुरा अगिबाटै जान्नुहुन्थ्यो,त्यहाँ हुन गइरहेको घटनाद्वारा परमेश्वर महिमित हुनुहुनेछ भन्ने कुरा उहाँले अगिबाटै जान्नुहुन्थ्यो। जब येशू चिहानमा पुग्नुभयो तब उहाँमाथि मध्यस्थकर्ताको आत्मा आउनुभयो।

**पद ३३.**ले भन्छ येशू **"आत्मामा ज्यादै व्याकुल र अति दुःखित हुनुभयो।"**

**पद ३५.** **"येशू रुनुभयो।"** यी मध्यस्थ प्रार्थनाका आँसुहरु थिए।

**पद ३८.**"येशू फेरि ज्यादै व्याकुल भएर चिहानमा जानुभयो।"

जब आत्माको काम पूरा हुन्छ तब मध्यस्थ प्रार्थनाको बोझ उठाइन्छ।

**पद ४१.**त्यसपछि येशूले यसो भन्दै ठूलो सोरमा प्रार्थना गर्नुहुन्छ,**"हे पिता,म तपाईंलाई धन्यवाद दिन्छु,किनकि तपाईंले मेरो बिन्ती सुन्नुभयो।"** पिताले कुन बिन्ती सुन्नुभएको थियो ? येशूले मुखले कुनै प्रार्थना गर्नुभएको थिएन,तर पिताले उहाँको व्याकुलता र घोर पीडाका आँसुहरु सुन्नुभएको थियो।

**पद ४३.**प्रार्थनामा गर्नुपर्ने काम पूरा हुँदैछ। येशूले लाजरसलाई बाहिर निस्कने आज्ञा दिनुहुन्छ।

**पद ४४.**यो मध्यस्थ प्रार्थनाको महान् नतिजा स्वरुप येशूको पुनरुत्थानको महान् शक्ति प्रकट भयो।

**तपाईं के देख्नुहुन्छ ?**

**पाले हुनुहोस्**

**यशैया ६२:६,७,"मैले तेरा पर्खालहरुमा पहरा बस्नेहरु राखेको छु, ए यरुशलेम ! तिनीहरु न त दिनमा न रातमा चुपचाप बस्नेछन्। हे परमप्रभुलाई पुकार्ने हो,विश्राम नलेओ,र जबसम्म उहाँले यरुशलेमलाई स्थापित गरेर त्यसको महिमा पृथ्वीभरि फिँजाउनुहुन्न,तबसम्म उहाँलाई विश्राम गर्न नदेओ।"**

मध्यस्थकर्ताहरु पालेहरु हुनुपर्छ,जो निरन्तर प्रभुको सामुन्ने हुन्छन्,हामीले नतिजा भएको नदेखिन्जेल उहाँलाई विश्राम दिँदैनन्।

**जागो रहनु र हेर्नु**

**हबकूक २:१,"म मेरो पहरामा उभिरहनेछु,र पर्खालमा म आफै खडा रहनेछु, र उहाँ मलाई के भन्नुहुन्छ सो म हेर्दैरहनेछु। यस उजूरको कस्तो जवाफ मैले दिनुपर्ने सो म हेरिबस्छु।"**

**पद २."तैंले यो प्रकाश पाटीहरुमा प्रष्ट गरी लेख्।"**

प्रभु हामीले के गरेको चाहनुहुन्छ वा हाम्रो मध्यस्थ प्रार्थनाद्वारा के हुनेछ त्यो उहाँले हामीलाई देखाउनुहुनेछ। प्रभुले जे देखाइरहनु र भनिरहनुभएको छ ती लेख्नुहोस्।

**परमेश्वरले देखाइरहनुभएको थोक हुने कुरा बोल्नुहोस्**

**रोमी ४:१७,“परमेश्वर जसले मरेकाहरुलाई पनि जीवन दिनुहुन्छ,र अस्तित्वमा नभएका थोकहरुलाई बोलाइ अस्तित्वमा ल्याउनुहुन्छ।”** हामी जुन कुरा हुनेछ भनी जान्दछौं त्यसको निम्ति अगिबाटै प्रार्थना गर्छौं र परमेश्वरले भविष्य प्रकट गर्न थाल्नुहुनेछ। उहाँले आफना दास,अगमवक्ता (अगमवाणीसहित मध्यस्थकर्ता गर्ने) हरुलाई उहाँले गर्न लाग्नुभएका कुराहरु देखाउनु हुन्छ।

**आमोस ३:७,“निश्चय नै परमप्रभु परमेश्वरले आफना दास, अगमवक्ताहरुलाई आफनो रहस्य प्रकट नगरीकन केही गर्नुहुन्न।”** हामी त्यो ठाउँमा दर्शन(प्रकाश) को निम्ति प्रार्थना गर्छौं। परमेश्वरले गर्न लाग्नुभएको काम हामी अगिबाटै जान्दछौं र तयार हुन्छौं।

त्यसपछि हामी विश्वास गर्दै प्रार्थना गर्छौं र घटनाहरु भएका देख्छौं। **मर्कूस ११:२२,२३,“येशूले तिनीहरुलाई जवाफ दिएर भन्नुभयो, परमेश्वरमा विश्वास राख। साँच्चै म तिमीहरुलाई भन्दछु, यदि कसैले आफनो हृदयमा शङ्का गर्दैन तर आफूले भनेका कुरा पूरा हुन्छ भनी विश्वास गरेर यस पहाड्लाई उखेलिएर तँ समुद्रमा खस भन्यो भने त्यसको निम्ति त्यस्तै हुनेछ।”**